CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२४

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला।]

पूर्णिमा

३१ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

४ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ९०।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र – महेशराज पन्त १-३१

२. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ७ खण्ड ३२-३५

३. पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र *आयुर्वेद-रक्षा* – महेशराज पन्त ३६-७६

४. सत्ताइसौँ वर्षको आम्दानीखर्चको विवरण ७७

५. अट्ठाइसौँ वर्षको आम्दानीखर्चको विवरण ७८

बिक्रीमा भएका हाम्रा कृति

१	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००l-
२	*आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०l-
३	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५०l-
४	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५l-
५	*इनेप्ट् स्पेस्इमिन् ?*	२०l-
६	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५०l-
७	*गोरखाको इतिहास* (१-४ भाग)	५००l-
८	*त्रिकोणमिति*	२५l४०
९	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५l-
१०	*नेपालको संक्षिप्त इतिहास*	१२५l-
११	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५l-
१२	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०l-
१३	*पं. गोपाल पाँडे र उनको घनमूल त्याउने रीति*	१६l४०
१४	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०l-
१५	*पूर्णिमा* (१-१२४ पूर्णाङ्क)*	४४८०l-
१६	*प्राचीन गणित र नवीन गणितको तुलना*	१५l-
१७	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०l-
१८	*रत्नदीप*	३l५०
१९	*रत्नदीप १ भाग*	१०५l-
२०	*रत्नदीप २ भाग*	९२l-
२१	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५l-
२२	*लिच्छवि-संवत्को निर्णय*	१००l-
२३	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)*	५०l-
२४	*विश्रान्ति*	८२l-
२५	*वृत्तशतक*	३l-
२६	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५l-
२७	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२l-
२८	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००l-
२९	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००l-
३०	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२१l-
३१	*ह्वट् डिड् अंशुवर्मन् राइट् ?*	४०l-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९

ई-मेल- samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(*पूर्णिमा* १२३ पूर्णाङ्कको ६६ पृष्ठपछि)

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र

– महेशराज पन्त

८. यस ताम्रपत्रको मैले गरेको उल्थाको विषयमा

यस ताम्रपत्रको संस्कृत अशुद्ध मात्र नभई त्यहाँ कहीँ कहीँ वाक्यरचना धेरै नै कमजोर भएकोले[२२२] के भन्न खोजेको हो भन्ने कुरा पनि ठाउँठाउँमा बुझ्न गाह्रो परेकोले, यहाँको नेवारी भाषा साढे पाँच सय वर्षभन्दा पनि पुरानो भएको र त्यसताकाको नेवारीको कोषव्याकरणको राम्रो परिशीलन नभइसकेकोले यसको अर्थ गर्न बस्दा ठाउँठाउँमा मलाई निकै अप्ठ्यारो परेको छ। त्यस्तो गाह्रोसाङ्ग्रो जहाँ जहाँ मलाई पऱ्यो, त्यो मैले टिप्पणीमा त्यहीँ त्यहीँ खुलाएको छु। कहीँ कहीँ नेपाली भाषाको मिठास हराए पनि मूलको भाव स्पष्ट आओस् भन्ने विचारले सकेसम्म मूलमा परेका पदपदको अर्थ गर्ने कोशिश मैले यहाँ गरेको छु। कुनै पदको अर्थ स्पष्ट गर्नुपर्दा त्यस्ता कुरा टिप्पणीमा खुलाइएको छ, टिप्पणी ज्यादै लामो भएको खण्डमा भने त्यस टिप्पणीलाई भिन्नै लेख बनाएर राखिएको छ र त्यस्ता लेख *पूर्णिमा*का पछिपछिका अङ्कमा क्रमशः प्रकाशित गरिनेछन्।

९. यस ताम्रपत्रको उल्था

ॐ ॐ पशुपतिलाई नमस्कार।

सूर्य चन्द्र र अग्नि तीन आँखा भएका, कान ढाकेका नागराज कुण्डल भएका, बायाँ अङ्गमा गौरी[२२३]सँग

२२२. माथि § ५ हेर्नू।

२२३. पार्वतीका पर्यायमध्ये गौरी पनि एउटा हो।[1] गौर प्रातिपदिकको अर्थ गोरो भन्ने भएकोले गौरीको शब्दशः

१. उदाहरणको लागि

उमा कात्यायनी गौरी काली हैमवतीश्वरा[+] ॥ ३६ ॥
शिवा भवानी रुद्राणी शर्वाणी सर्वमङ्गला।
अपर्णा पार्वती दुर्गा मृडानी चण्डिकाम्बिका ॥ ३७ ॥

(*अमरकोष* १।१।

\+ *अमरकोषका टीकामध्ये अमरकोशोद्घाटन*,[1] *कविकामधेनु*,[2] *टीकासर्वस्व*,[3] *अमरपदविवृति*,[4] *अमरपदपारिजात*,[5] *पदचन्द्रिका*,[6]

१. ईष्टे तच्छीलेश्वरा। स्थेशभासेति वरच्। अश्नोतेराशुकर्मणि वरट् च। उपधाया ईत्वमितीश्वरी।
(ईष्टे। त्यो स्वभाव भएकी ईश्वरा। स्थेशभासपिसकसो वरच् (*अष्टाध्यायी* ३।२।१७५)ले वरच् प्रत्यय। अश्नोतेराशुकर्मणि वरट् च (*उणादिसूत्र* ५।५७) उपधाया ईत्वम्ले ईश्वरी।)

२. ईष्टे प्रभवति भूतेभ्य इति पूर्ववद् वरट्। विन्यस्तमङ्गलमहौषधिरीश्वरायाः स्रस्तोरगप्रतिसरेण करेण पाणिरिति भारविः। पीवरादय इत्यौणादिके इरवी*श्वरीतीदं नामास्याः। यादवी कर्बुरी चेश्वरी चेश्वरेति त्रिकाण्डशेषः।
(ईष्टे प्रभवति भूतेभ्यः भन्दा अघि जस्तै वरट्प्रत्यय। विन्यस्तमङ्गलमहौषधिरीश्वरायाः स्रस्तोरगप्रतिसरेण करेण पाणिः (*किरातार्जुनीय*

* यहाँ पाठ भ्रष्ट जस्तो लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थ गर्दा गोरो अङ्ग/गोरो वर्ण भएकी भनी कोषका टीकाकारहरूले लेखेका छन्।[२] पशुपतिको गर्भगृहभित्र

(उमा, कात्यायनी, गौरी, काली, हैमवती, ईश्वरा, शिवा, भवानी, रुद्राणी, शर्वाणी, सर्वमङ्गला, अपर्णा, पार्वती, दुर्गा, मृडानी, चण्डिका, अम्बिका [यी शब्द पार्वतीका पर्याय हुन्।]) ।

२. उदाहरणको लागि

गौराङ्गीत्वाद् गौरी।

(गौरी शब्दको व्याख्यामा जातरूपको *अमरकोशटीका*मा)

(गोरो अङ्ग भएको हुनाले गौरी।)

गौरवर्णत्वाद् गौरी।

(त्यही शब्दको व्याख्यामा *अमरपदविवृति*मा)

(गोरो वर्ण भएको हुनाले गौरी।)

गौरी। [...] तथा च स्कान्दे –

इच्छामि देव दिव्यं च वपुः कनकसुप्रभम्।
गौरीति लोके ख्याता च भवेयं कमलोद्भवा॥

इति।

(त्यही शब्दको व्याख्यामा *पदचन्द्रिका*मा)

(गौरी। त्यस्तै *स्कन्दपुराण*मा –

हे देव सुनको जस्तो राम्रो चमक भएको, चम्किलो शरीर इच्छा गर्छु। गौरी भनेर लोकमा प्रख्यात भएकी म कमलबाट उत्पन्न हुँला।)

गौरो वर्णोऽस्त्यस्याः।

(त्यही शब्दको व्याख्यामा *व्याख्यासुधा*मा)

(यिनको गोरो वर्ण हुन्छ।)

मधुमाधवी[७] र *व्याख्यासुधा*[८]मा ईश्वरा पाठ देखिएको छ।

५।३३) यस्तो भारविले लेखेका छन्। पीवरादयः (*चान्द्र उणादिसूत्र* ३।१६) भन्ने उणादिमा ईश्वरी [...] भन्ने यिनको नाउँ छ। यादवी कर्बुरी चेश्वरी चेश्वरा (१।५२) यस्तो *त्रिकाण्डशेष*मा छ।)

३. ईशेर्वरजन्तात् टापीश्वरा। तथा च भारविर्विन्यस्तमङ्गलमहौषधिरीश्वराया इति। ईश्वरीत्यपि भवति। तत् स्वामिपर्याये वक्ष्यामः। (वरच्प्रत्यय अन्त्यमा भएको ईशि धातुदेखि टाप्प्रत्यय हुँदा ईश्वरा। त्यस्तै भारवि लेख्छन् विन्यस्तमङ्गलमहौषधिरीश्वरायाः (*किरातार्जुनीय* ५।३३) भनी। ईश्वरी पनि हुन्छ। त्यो स्वामीको पर्यायमा भनौँला।)

४. ईश्वरस्य पत्नी ईश्वरी। ईष्टे इति वा ईश्वरा। अयमपि पाठः।
(ईश्वरकी स्वास्नी ईश्वरी। अथवा ईष्टे भनेकोले ईश्वरा। यो पनि पाठ हो।)

५. ईश्वरीत्यत्र गौरादिपाठाद् ङीष्। पक्षे टाप्। कर्बुरी चेश्वरेश्वरीति त्रिकाण्डशेषः।
(ईश्वरी। यो गौरादिमा पढिएकोले यहाँ ङीष्प्रत्यय। विकल्पले टाप्प्रत्यय। कर्बुरी चेश्वरेश्वरी (१।५२) यस्तो *त्रिकाण्डशेष*मा छ।)

६. ईष्टे। स्थेशभासेति वरच्। टाप्। ईश्वरा। अश्नोतेराशुकर्मणि वरट् च। ईच्चादेरिति टित्त्वात् ङीपीश्वरी। ईश्वरः शङ्करोऽधीशे तत्पत्न्यामीश्वरीश्वरेति वोपालितः।
(ईष्टे। स्थेशभासपिसकसो वरच् (*अष्टाध्यायी* ३।२।१७५)ले वरच्प्रत्यय। टाप्प्रत्यय। ईश्वरा। अश्नोतेराशुकर्मणि वरट् च (*उणादिसूत्र* ५।५७) ईच्चादेः ले टित्व भई ङीप्प्रत्यय हुँदा ईश्वरी। ईश्वरः शङ्करोऽधीशे तत्पत्न्यामीश्वरीश्वरा यस्तो वोपालित लेख्छन्।)

७. उमा कात्यायनी दुर्गा काली हैमवतीश्वरा। काला कालञ्जरी गौरीति वाचस्पतिः।
(उमा कात्यायनी दुर्गा काली हैमवतीश्वरा। काला कालञ्जरी गौरी यस्तो वाचस्पति लेख्छन्।)

८. ईष्टे। ईश ऐश्वर्ये। स्थेशभासेति वरच्। टाप्।
(ईष्टे। ईश ऐश्वर्ये (*धातुपाठ* २।१०)। स्थेशभासपिसकसो वरच् (*अष्टाध्यायी* ३।२।१७५)ले वरच्प्रत्यय। टाप्प्रत्यय।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मिलेर रहेका, श्रीकण्ठ[रूपका][२२४] शिवजीलाई नमस्कार ।

रहेको गौरीको प्रतिमाको सामान्य बयान राजेश आचार्य छापिन बाँकीमा आउँछ । प्रतिमालक्षणमा दिइएको गौरीको ध्यान र गौरीका प्रतिमाको विषयमा महेशराज पन्त छापिन बाँकी गमा लेखिएको छ ।

२२४. शिवका पर्यायमध्ये श्रीकण्ठ पनि एउटा हो ।[१] श्रीकण्ठको शब्दशः अर्थ गर्दा राम्रो घाँटी भएको भनी कोषका टीकाकारहरूले लेखेका छन् ।[२] *शिवपुराण*मा रुद्रहरूमध्ये एक श्रीकण्ठको, शिवको विशेषण भई श्रीकण्ठ र श्रीकण्ठनाथको, श्रीकण्ठ नाउँ भएका महादेव (श्रीकण्ठाख्य महेश)को र महादेवको वर्णन गर्दा खालि

---

१. उदाहरणको लागि

शम्भुरीशः पशुपतिः शिवः शूली महेश्वरः ।
ईश्वरः शर्व ईशानः शङ्करश्चन्द्रशेखरः ॥ ३० ॥
भूतेशः खण्डपरशुर्गिरीशो गिरिशो मृडः ।
मृत्युञ्जयः कृत्तिवासाः पिनाकी प्रमथाधिपः ॥ ३१ ॥
उग्रः कपर्दी श्रीकण्ठः शितिकण्ठः कपालभृत् ।
वामदेवो महादेवो विरूपाक्षस्त्रिलोचनः ॥ ३२ ॥
कृशानुरेताः सर्वज्ञो धूर्जटिर्नीललोहितः ।
हरः स्मरहरो भर्गस्त्र्यम्बकस्त्रिपुरान्तकः ॥ ३३ ॥
गङ्गाधरोऽन्धकरिपुः ऋतुध्वंसी वृषध्वजः ।
व्योमकेशो भवो भीमः स्थाणू रुद्र उमापतिः ॥ ३४ ॥

(*अमरकोष* १।१)

(शम्भु, ईश, पशुपति, शिव, शूली, महेश्वर, ईश्वर, शर्व, ईशान, शङ्कर, चन्द्रशेखर, भूतेश, खण्डपरशु, गिरीश, गिरिश, मृड, मृत्युञ्जय, कृत्तिवासा, पिनाकी, प्रमथाधिप, उग्र, कपर्दी, श्रीकण्ठ, शितिकण्ठ, कपालभृत्, वामदेव, महादेव, विरूपाक्ष, त्रिलोचन, कृशानुरेता, सर्वज्ञ, धूर्जटि, नीललोहित, हर, स्मरहर, भर्ग, त्र्यम्बक, त्रिपुरान्तक, गङ्गाधर, अन्धकरिपु, ऋतुध्वंसी, वृषध्वज, व्योमकेश, भव, भीम, स्थाणु, रुद्र, उमापति [यी शब्द शिवका पर्याय हुन् ।])

२. उदाहरणको लागि

श्रीः शोभा कण्ठेऽस्य श्रीकण्ठः ।

(श्रीकण्ठ शब्दको व्याख्यामा *अमरकोशोद्घाटन*मा।)

(श्री अर्थात् शोभा यिनको घाँटीमा श्रीकण्ठ ।)

श्रीः शोभा कण्ठे यस्य सः श्रीकण्ठः ।

(त्यही शब्दको व्याख्यामा *अमरपदविवृति*मा।)

(श्री अर्थात् शोभा घाँटीमा जसको त्यो श्रीकण्ठ ।)

कालकूटभक्षणाच्छ्रीः शोभा कण्ठेऽस्य श्रीकण्ठः ।

(त्यही शब्दको व्याख्यामा *पदचन्द्रिका*मा।)

(कालकूट खानाले श्री अर्थात् शोभा यिनको घाँटीमा, श्रीकण्ठ)

श्रीः शोभा कण्ठेऽस्य । श्रीकण्ठः कुरुजाङ्गले शंकरे च ।

(त्यही शब्दको व्याख्यामा *व्याख्यासुधा*मा।)

(श्री अर्थात् शोभा यिनको घाँटीमा । श्रीकण्ठ कुरुजाङ्गल[देश]को अर्थमा र शिवजीको अर्थमा चलेको छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वर्ग भइवक्सेका मुमाको सुन जस्तो चम्कने आकृति र [सुनले] बनाइएको अङ्ग भएको प्रतिमा बनाएको त्यस पुण्यले[२२५] [उहाँको] ब्रह्मत्व मोक्ष शिवत्व होओस् ।

सुनको प्रतिमा[२२६] [अर्थात्] गौरी[रूपको] संसारदेवीको बनाइएको, कान्ति भएको यस आकृतिलाई[२२७] पशुपतिको मन्दिरको गर्भगृहमा स्थापना गरेर जवसम्म वासुकिनागक्षेत्र कहिन्छ, तवसम्म वाग्वती जान्छिन् (बग्छिन्), शम्भु (महादेव)मा उमा (पार्वती) जसरी [लीन] भइबक्सेको छ, त्यसै गरी उहाँलाई शिवजीकोमा लीन गरियोस् ।

पृथ्वीको एक टुक्रा भएको नेपाललाई पवित्र गरिबक्सेको श्रीयक्ष मल्लले जीव मल्लसहित भई मुमालाई लख गरेर[२२७क] राम्रो श्रद्धापूर्वक गरेको कामको कारणले [उहाँलाई] स्वर्गको शहरमा लगोस् ।

श्रीकण्ठनाथको पनि चर्चा आउँछ । प्रतिमालक्षणका ग्रन्थमा रुद्रहरूमध्ये एक **श्रीकण्ठ**को ध्यान र शिवको एक रूप मानिएका **श्रीकण्ठ**को प्रतिमा पनि पाइन्छ । यी सबै कारणले गर्दा **श्रीकण्ठकण्ठाय नमः शिवाय**को **श्रीकण्ठ[रूपका] शिवजीलाई नमस्कार** भनी अर्थ गरेको हुँ । **श्रीकण्ठ**मा फेरि **कण्ठ** जोडी **श्रीकण्ठकण्ठाय** लेख्नुको कारण कुकविले अनुप्रास जस्तो देखाई छन्द मिलाउन हो भन्ने ठानेको छु । यसैले **श्रीकण्ठाय**ले जे बुझाउँछ, **श्रीकण्ठकण्ठाय**ले पनि त्यही बुझाएको हो भन्ने ठानी पछिल्लो **कण्ठ**को अर्थ गरेको छैन । *शिवपुराण*मा आएको **श्रीकण्ठ**को सन्दर्भ, प्रतिमालक्षणमा दिइएको **श्रीकण्ठ**को ध्यान र **श्रीकण्ठ**का प्रतिमाको विषयमा महेशराज पन्त छापिन बाँकी घमा लेखिएको छ ।

२२५. मूलको **स पूण्य*पुण्येन स कृत्रिमेण**को यथार्थ अर्थ बुझ्न गाह्रै छ । पहिलो श्लोकमा **कण्ठ** दोहऱ्याइए जस्तै यहाँ दोहऱ्याइएको **पुण्य** पनि छन्द मिलाउन नै हो भन्ने ठानेको छु । **कृत्रिम** शब्दको अर्थ **बनावटी** भन्ने हुन्छ । तर यहाँ त्यस अर्थको-प्रसङ्ग छैन । त्यसैले मैले **बनाएको** भन्ने अर्थ गरी काम चलाएको छु । फेरि यहाँ तृतीया विभक्तिको काम छैन, बरु षष्ठी भएको भए राम्रो हुन्थ्यो । **स पूण्य*पुण्येन** र **स कृत्रिमेण**मा अगाडि आएको **स** सहितको अर्थमा नआएकोले यसको व्याकरण मिल्दैन । **तेन** भन्नुपर्नेमा **तत्** शब्दको रूप नचलाई पुंलिङ्गी **तत्** शब्दको प्रथमाको एकवचनले काम चलाएको जस्तो देखिन्छ । समास गर्ने हो भने **स**को **तत्** र समास नगर्ने हो भने **तत्**को षष्ठीको एकवचनान्त रूप हुनुपर्थ्यो । दोस्रो पदमा पनि दोहऱ्याइएको **स**को काम छन्दःपूर्ति मात्र देखिन्छ ।

२२६. मूलमा **प्रतिबिम्ब** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी ङमा लेखिएको छ ।

२२७. मूलमा **तत्संस्थाप्य कृतामिमां** लेखिएको छ । **तत्** पनि **इमां** पनि **आकृतिं**को विशेषणको रूपमा आएकोले उल्था गर्दा **आकृति**को अगाडि **त्यस** पनि **यस** पनि लेख्न नमिल्ने हुनाले मैले यहाँ **तत्**को अर्थ छोडिदिएको छु ।

२२७क. **लख गरेको** बुझाउन मूलमा **समूद्देश*** लेखिएको छ । त्यसपछिको श्लोकमा यही अर्थमा **समूद्देशित*** छ । नेवारी खण्ड (२० पङ्क्ति)मा चाहिँ यही अर्थमा **उदेस** लेखिएको छ । **समुद्देश** शब्द परलोक भएकी राजल्लदेवी-लाई लख गरी बनाइएको धाराको प्रसङ्गमा पनि आएको छ –

तस्या देव्याः समुद्देशात्क्रियते स्म प्रणालिका ।**

* तर्कुल्ले हुनुपर्नेमा यहाँ वर्धन्ने कुँदिएको छ । यस विषयमा माथि § ३ को ३ कण्डिकामा लेखिसकिएको छ ।

** वावुराम आचार्य र नयराज पन्त २०१०:४६-४८ = मूलको १५ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीन पक्षमा (४५ दिनमा) सज्जन ब्राह्मणको नजीकमा सङ्कल्प गरी धेरै किसिमका दान गरियो। मुमालाई लख गरिएको त्यस दानबाट [उहाँको] ब्रह्मत्व मोक्ष शिवत्व होओस्।

यस दानको पुण्यले छोरानातिसमेतको समृद्धि र आरोग्य होओस्। युग नटुङ्गेसम्मको र कल्प नटुङ्गेसम्मको अवधिभर श्रीराज्यलक्ष्मी अखण्ड होओस्।

नेपालसंवत् ५६७ (कामदेवको बाण, स्कन्दको मुख, आवाज), मार्ग (पहिलो महीना), शुक्लसप्तमी, शतभिषानक्षत्र, वज्रयोग, बृहस्पतिवारको दिन[२२८] उहाँ संसारदेवीको सवारी त्यस कैलास सहरमा भयो भनी सारा मानिसहरूले हाहाकार गरे, लक्ष्मीले ठाउँ छोडिन्।

संसारदेवी ठकुर्नीको प्रतिमा गौरीलाई दिनकादिन नटुटाईकन जोरजाम गर्नुपर्ने[२२९]।

२२८. यस तिथिमितिको गणना र यस विषयमा विशेष कुरा महेशराज पन्त र दिनेशराज पन्त छापिन बाँकीमा लेखिएको छ।

२२९. मूलमा **जोगारपे** छ। यसको अर्थ सिद्धिहर्ष वज्राचार्यले **जोरदाम गर्ने** (महेशराज पन्त २०६२:१६) भनी गरेका छन्।

हान्स योर्गेन्सेन (१९९२)ले **जोगारपे** होइन कि ब्रिटिश म्यूजियममा रहेको, ने.सं. ८२० (वि.सं. १७५६) मा लेखिएको, *नारदस्मृति*को नेवारी टीकाको आधारमा आफ्नो कोषमा **जोगालपे** शब्द चढाएका छन्। त्यस टीकामा आएको **सेवा जोगालपे**को अर्थ उनले **टु यील्ड् ओबीडिअन्स्** (आज्ञा मान्नु) भनी गरेका छन्।

कमलप्रकाश मल्ल आदि (२०५७)ले राष्ट्रिय अभिलेखालयमा रहेको ने.सं. ५०० (वि.सं. १४३६) फाल्गुनशुक्ल-तृतीयाको दिन सारिसिद्धचाइएको,[1] *नारदस्मृति*को मणिकले लेखेको नेवारी टीकाको आधारमा आफ्नो कोषमा **जोगरपे** र यही ताम्रपत्रको आधारमा **जोगारपे** शब्द चढाएका छन्। त्यहाँ जोगरपेको अर्थ हान्स योर्गेन्सेनले **सेवा जोगालपे**को अर्थ जे गरेका छन् त्यही अर्थ दिइएको र त्यस टीकामा आएको **शेवा जोगरपे**को अर्थचाहिँ **टु सर्भ् डिलिजन्ट्लि** (खूप मन लाएर सेवा गर्नु) भनी गरिएको छ। **जोगारपे**को अर्थचाहिँ **टु अब्जर्भ्** (गर्नु) भनी गरिएको छ र यही ताम्रपत्रको **दिनप्रति अखण्ड याङन जोगारपे**को अर्थचाहिँ **टु बी अब्जर्भ्ड् डेलि विद्आउट् ए ब्रेक्** (नटुटाईकन दिनकादिन गर्नुपर्ने) भनी गरिएको छ।

देवताको पूजाको सन्दर्भमा **जोगारपे**को प्रयोग भएको अर्को एउटा उदाहरण पाइएको[2] र एउटा विहार अर्थात् बहालको सन्दर्भमा **जोगारपे**[3] वा **जोगारपं**[4]को प्रयोग भएको देखिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकमा विशेष्यनिघ्नवर्ग (३।१।९२)मा आएको **संयोजित उपाहितः**को अर्थ दिँदा कुनैमा **योजरपा**, कुनैमा **जोगरपा** (माथि § ७.४ मा २१ सङ्ख्या)[5] र कुनैमा **जोडरपा** (ए६ र ए७) लेखिएको छ।

सिद्धिहर्ष वज्राचार्यको अनुसरण गरी मैले **जोरजाम गर्नुपर्ने** भनी माथि लेखेको हुँ। जोगारपेको र हिन्दीको जुगाड शब्दको मूल एउटै हो भन्ने मलाई लाग्छ।

१. शान्तहर्ष वज्राचार्य २०४४:११७।

२. ने.सं. ६०५ (वि.सं. १५४२) वैशाखकृष्णद्वितीयाको लिखतपत्र = महेशराज पन्त २०६०:६-७ = ६ सङ्ख्यामा मूलको १ पङ्क्ति।

३. ने.सं. ५५४ (वि.सं. १४९०) कार्तिकशुक्लसप्तमीको लिखतपत्र = माथि २०३ सङ्ख्याको टिप्पणी।
ने.सं. ५५४ (वि.सं. १४९०) मार्गशुक्लचतुर्थीको लिखतपत्र = उही।

४. ने.सं. ५५५ (वि.सं. १४९१) चैत्रशुक्लत्रयोदशीको लिखतपत्र = महेशराज पन्त २०५७ ख:११ = १४ सङ्ख्यामा मूलको ४ पङ्क्ति।

५. माथि § ७.४ मा २१ सङ्ख्याको ३ पङ्क्तिमा ए$_{१}$, ए$_{३}$ र ए$_{३ए}$ हुनुपर्नेमा भ्रमवश ए$_{१}$, ए$_{३}$, ए$_{३ए}$, ए$_{६}$ र ए$_{७}$ छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भुजा । चामल कुरुवा एकले पकाएको भात,[230] आमिष[231] एक थोक, दालतरकारी तीन थोक,[232] नून,

२३०. वि.सं. १८६७ मार्गकृष्णसप्तमी आदित्यवारको पशुपतिसम्वन्धी लालमोहरमा संसारदेवीको पूजासम्वन्धी महल (गोविन्द टण्डन २०५६:३८१ = १४७ सङ्ख्याको अभिलेख)मा र त्यही मितिको संसारदेवीगुठीसम्वन्धी पत्र (महेशराज पन्त २०६२ ग:५६ = २१ पङ्क्ति)मा पशुपतिमा रोजिन्दा एक कुरुवा चामलको भुजा चढाउने कुरा लेखिएको छ ।

२३१. मूलमा अमस छ । यसको अर्थमा सिद्धिहर्ष वज्राचार्यले अमस (महेशराज पन्त २०६२:१६) नै र गोविन्द टण्डन (२०५६:१२९)ले चाहिँ अमिष[1] लेखेकाले अघिल्लालाई अमसको अर्थ नलागेको र पछिल्लाले चाहिँ आमिष भनी अर्थ गरेको स्पष्ट हुन्छ । यज्ञानन्द गुभाजूको भनाइअनुसार अमस भनेको सुकेको केराउ पिनी बनाएको अचार हो । कमलप्रकाश मल्ल आदि (२०५७:अमस)मा यही ताम्रपत्रको आधारमा अमस चढेको छ र त्यसको अर्थ अ मीट् डिश् (मासुको परिकार) भनी गरिएको छ ।

गोविन्द टण्डनले ठाने जस्तै अमस यो शब्द आमिषबाट आएको हो । आमिषको मूल अर्थ मासु हो ।[2] नेवारीमा अर्थ खुलाइएको, *अमरकोष*को एउटा लेखोट पुस्तकमा नानार्थवर्ग (३।३।२२३)मा आएको आमिषको अर्थ दिँदा ला अमस अर्थात् मासु अमस पनि लेखिएकोले (माथि § ७.४ मा १ सङ्ख्या) आमिषले मासु मात्र नभई अमस भन्ने अर्को वस्तु पनि बुझाउँथ्यो भन्ने स्पष्ट छ । भोजमा चाहिने खानेकुराको प्रसङ्गमा ने.सं. ५६१ (वि.सं. १४९७) कार्तिकशुक्लप्रतिपदाको एउटा टिपोटमा ला र अमस सँगै आएकाले[3] र लाले मासु बुझाउने हुनाले अमसले मासुभन्दा भिन्नै खानेकुरा बुझाउँथ्यो भन्ने कुरामा शङ्का छैन । मासु र अमस यसरी २ छुट्टाछुट्टै वस्तु देखिएकाले यस ताम्रपत्रमा आएको अमसको कमलप्रकाश मल्ल आदि (२०५७)ले गरेको अर्थ ठीक जस्तो देखिँदैन ।

संसारदेवीगुठीका गुठियार सदानन्द वैद्यहरूले गुठीलगतजाँचअड्डामार्फत श्री ५ सरकारमा चढाएको लगत-मुचुल्का (महेशराज पन्त २०६२ ग:६३ = ६६ पङ्क्ति)अनुसार गुठियारहरूले संसारदेवीको प्रतिमामा रोजिन्दा चढाउनुपर्ने भोगमा अमे पनि परेको यस प्रसङ्गमा उल्लेखनीय छ र यो अमे अमसबाटै बनेको शब्द हो भनी भनिरहनुपर्दैन ।

गोविन्द टण्डन (२०५३:२८०)ले चर्चा गरेको, वि.सं. १९८२ वैशाखको संसारदेवीगूठीको लगतअनुसार संसारदेवीको प्रतिमामा दिनकादिन चढाउनुपर्ने भोगमा अ.भ. पनि परेको छ । अ.भ. भनेको के हो भन्ने कुरा गोविन्द टण्डनले खुलाएका छैनन् । काइते अक्षरमा भ र म उस्तै उस्तै देखिने हुनाले अमेबाट बनेको अमलाई नै गोविन्द टण्डनले अ.भ. भनी पढेको जस्तो लाग्छ ।

संसारदेवीको प्रतिमामा दिनहुँ भोग लाउनुपर्ने कुरामध्ये अमस पछिसम्म पनि चढाउँदै गएको कुरा तत्सम्वद्ध कागजातमा अमे वा अम भई आएको देखिए तापनि त्यो कुरा खास के हो भन्ने स्पष्ट छैन ।

अमसबाट बनेका अमय्, अमे र अम्यय् शब्द[4] आधुनिक नेवारी कोषहरूमा चढेका छन् । आमिष वस्तु;[5] श्राद्ध आदिमा खान नहुने खास गरी मासु माछा फुल रक्सी र दालका गेडा पिनी बनाइएका वारा जस्ता खानेकुरा,

१. आमिष हुनुपर्नेमा भ्रमवश अमिष छापिएको देखिन्छ ।

२. उदाहरणको लागि

पिशितं तरसं मांसं पललं क्रव्यमामिषम्

(*अमरकोष* २।६।६३)

(पिशित तरस मांस पलल क्रव्य आमिष [मासुका पर्याय हुन्])

३. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:२९-३१ = १५ सङ्ख्यामा मूलको ६ पङ्क्ति ।

४. उल्रिक कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्य २०५१ मा र इश्वरानन्द श्रेष्ठाचार्य र तीर्थराज तुलाधर २०५४ मा अमय् शब्द अमसबाट आएको भनी सङ्केत गरिएको छ ।

५. पन्नाप्रसाद जोशी २०१२:अमे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हविष्यको उल्टो खानेकुरा;[1] मासु माछा फुल मास भटमास लशुन छयापी आदि बुझाउने शब्द;[2] पूजा-आजामा नचल्ने खानेकुरा, विटुलो खानेकुरा;[3] आमिष, देवता वा पितृकार्यमा निषिद्ध गरिएका खाद्यवस्तु[4] भनी तिनको अर्थ गरिएको छ।

माछामासु रक्सीलगायतका बिटुला मानिएका खानेपिउने कुरालाई अमस शब्दले बुझाउने कुरा यतावाट स्पष्ट भएको छ। जुन वेला संसारदेवीको ताम्रपत्र लेखियो, त्यसैताकाको एउटा लिखतमा मासु र अमसको भिन्नाभिन्नै उल्लेख आएकोले मसूरो भण्टा जस्ता विटुला मानिएका खानेकुरा आमिष पदार्थमा गनिने हुनाले[5] मासु होइन कि विटुला मानिएका यस्तै खानेकुरालाई आमिषवाट वनेको अमस शब्दले यहाँ बुझाएको हुनुपर्छ।

संसारदेवीलाई दिनकादिन लाउने भोगमा सिद्रा चढाइएको आफ्नै आँखाले देखेकोले[6] र पशुपतिको गर्भगृहभित्र स्थापना गरिएको यस प्रतिमालाई महानवमीको दिन गौरीलाई चिउरासँगै छ्वसला (छोयला)को भोग लाउनू भनी यही ताम्रपत्र (१२ पङ्क्ति)मा लेखिएकोले यहाँ परेको अमस शब्दले ठ्याक्क कस्तो खानेकुरा बुझाउँथ्यो भनी भन्न गाह्रो छ।

२३२. मूलमा क्यं छ। सिद्धिहर्ष वज्राचार्यको पाठमा क्ये छ र तिउन् (महेशराज पन्त २०६२:१६) भनी उनले यसको अर्थ गरेका छन्। अहिलेको अर्थअनुसार गोविन्द टण्डन (२०५६:१२९)ले क्यंको दाल भनी अर्थ गरेका छन्। नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकमा नानार्थवर्ग (३।३।११६)मा आएको व्यञ्जन शब्दको अर्थ दिँदा क्यं/कें पनि लेखिएकोले (माथि § ७.४ मा ६ सङ्ख्या) उनीहरूले गरेको क्यंको अर्थ सामान्यतया ठीकै देखिन्छ।

कैँ शब्दले हरिया सागपात बुझाउँथ्यो[7] भनी एउटा आधुनिक नेवारी कोषमा लेखिएको कुराको आधार *अमरकोष*का वनौषधिवर्ग (२।४।१३६) र वैश्यवर्ग (२।९।३४)मा आएका शाकको पर्याय दिँदा नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकको हलक्यं देखिन गएको छ।[8]

संसारदेवीगूठीका गुठियार सदानन्द वैद्यहरूले गूठीलगतजाँचअड्डामार्फत श्री ५ सरकारमा चढाएको लगत-मुचुल्का (महेशराज पन्त २०६२ गा:६३ = ६३-६५ पङ्क्ति)अनुसार गुठियारहरूले संसारदेवीको प्रतिमामा रोजिन्दा चढाउनुपर्ने भोगमा २ थरी दाल अर्थात् मुगीको र रहरको तथा १ थरी तरकारि पनि परेकोले मूल ताम्रपत्रको ३ थरी क्यंको अर्थ खुलेको जस्तो छ। यसैले दालतरकारी तीन थोक भनी मैले माथि लेखेको हुँ।

---

१. ठाकुरलाल मानन्धर २०४३:अमे। माथि दिइएको अर्थ अङ्ग्रेजीमा लेखिएको कुराको भावार्थ हो।

२ सत्यमोहन जोशी २०४४:अस्यय्। माथि दिइएको अर्थ नेवारीमा लेखिएको कुराको शब्दार्थ हो।

३. उल्रिक कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्य २०५१:अमय्। माथि दिइएको अर्थ अङ्ग्रेजीमा लेखिएको कुराको भावार्थ हो। यही कोषमा चढेको अमेमा चाहिँ अर्थ अमय्मा हेर्नू भन्ने सङ्केत दिइएको छ।

४. इश्वरानन्द श्रेष्ठाचार्य र तीर्थराज तुलाधर २०५४:अमय्।

५. उदाहरणको लागि *सत्कर्मरत्नावली* २ भाग:१३७-१३८ मा र *संकल्परत्नावली*:२२७-२३१ मा आमिष र हविष्यको सूची हेर्नू।

६. राजेश आचार्य छापिन बाँकी क।

७. ठाकुरलाल मानन्धर (२०४३:कैँको अर्थमा)। माथि दिइएको अर्थ अङ्ग्रेजीमा लेखिएको कुराको भावार्थ हो।

८. शाकाख्यं पत्रपुष्पादि (२।४।१३६)

ए२ – हलकें ҁ स्वंकन ҁ चतकें ҁ आदिपं।
ए२वी – हलक्यं ҁ सोकन ҁ चेतकहल ҁ आदीपं।
ए५ – हलक्यं सोकन ҁ चेतक्यं। आदिपं।
ए७ – हलक्यं ҁ स्वकन्त ҁ चेतक क्यं ҁ आदिपं।

अस्त्री शाकं हरितकं शिग्रुः (२।९।३४)

ए१, ए२ र ए७ – हलकें
ए२वी – हलक्यं
ए३, ए३ए र ए५ – हलके

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेल यति साढे दुइ कुरुवा चामलले पुऱ्याउने[२३३] । यो भुजा गौरीलाई अगाडि राखेर संसारदेवी

२३३. मूलमा हांने छ । सिद्धिहर्ष वज्राचार्यको पाठमा हाने छ र गर्नु (महेशराज पन्त २०६२:१६) भनी उनले यसको अर्थ गरेका छन् । गोविन्द टण्डन (२०५६:१२९)ले हांनेको अर्थ राख्नू भनी लेखेका छन् । यही क्रियापद निरनुस्वार रूपमा तल १७ पङ्क्तिमा आएको छ । यसको अर्थ सिद्धिहर्ष वज्राचार्यले यहाँ जस्तै गर्नु (महेशराज पन्त २०६२:१७) र गोविन्द टण्डन (२०५६:१३०)ले भने चलाउनू भनी गरेका छन् ।

यही ताम्रपत्रमा आएको जस्तै अर्थात् हाने र अलि फरक हंने र हने रूप नेवारीका अरू पुराना लेखमा पनि आएका छन् । तिनमा जस्तो सन्दर्भमा हने,[१] हाने[२] र हंने[३] आएका छन्, त्यस्तै सन्दर्भमा यस ताम्रपत्रमा

१. ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्लदशमीको शिलापत्र = माथि २०१ सङ्ख्याको टिप्पणी ।

ने.सं. ८२१ (वि.सं. १७५७) कार्तिकशुक्लपूर्णिमाको शिलापत्र = धनवज्र वज्राचार्य २०५६:३२८-३२९ = २५५ सङ्ख्यामा मूलको ८ पङ्क्ति ।

ने.सं. ८२९ (वि.सं. १७६६) आषाढकृष्णएकादशीको ताम्रपत्र = उद्धव आचार्य २०४३-४४:२३-२४ = ५ परिशिष्टमा मूलको ९ पङ्क्ति ।

२ ने.सं. ७०४ (वि.सं. १६४०) मार्गपूर्णिमाको दानपत्र = महेशराज पन्त २०६२ क:२३-२४ = ४ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

ने.सं. ८०८ (वि.सं. १७४५)① श्रावणपूर्णिमा सिंहसङ्क्रान्ति (भाद्र १ गते)को शिलापत्र = डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको १३ पङ्क्ति ।

ने.सं. ८१२ (वि.सं. १७४८) फाल्गुनकृष्णप्रतिपदाको दानपत्र = उही:२४-२६ = ५ सङ्ख्या ।

ने.सं. ८१५ (वि.सं. १७५२) वैशाखको② दानपत्र = हरिभक्त खोंजू श्रेष्ठ २०४३:६८ =१२ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

ने.सं. ८१८ (वि.सं. १७५५)① फाल्गुनशुक्लनवमीको शिलापत्र = नयनाथ पौडेल २०१८:६-१० = मूलका २९-३० पङ्क्ति ।③

① **नेपालसम्वत् ८०८ श्रीकलिगत ४७८९ श्रीविक्रम १७८९ श्रीशक १६१० श्रावणमासे शुक्ले पक्षे ↘ पूर्णमास्यान्तियौ [...]**[१] भनी जितामित्र मल्लको यस शिलापत्रमा मिति दिइएकोले यसको संवत्को विषयमा केही कुरा लेख्नुपरेको छ । कुरा के भने ने.सं.को वत्सरारम्भ कार्तिकशुक्लप्रतिपदादेखि र कलिगत वर्ष, वि.सं. र शाकेको चाहिं चान्द्रमानअनुसार चैत्रशुक्लप्रतिपदादेखि हुन्छ । यस कारण कार्तिकशुक्लप्रतिपदादेखि फाल्गुनको अमावास्या (पूर्णान्तमानले चैत्रको अमावास्या)सम्म ने.सं.मा ३९८० जोडे कलिगत वर्ष, ९३६ जोडे वि.सं. र ८०१ जोडे शाके; चैत्रशुक्लप्रतिपदादेखि आश्विनको अमावास्या (पूर्णान्तमानले कार्तिकको अमावास्या)सम्म ने.सं.मा ३९८१ जोडे कलिगत वर्ष, ९३७ जोडे वि.सं. र ८०२ जोडे शाके हुन्छ । यो शिलापत्र ने.सं. ८०८ श्रावणपूर्णिमाको भएकोले (८०८+३९८१ =) यसको कलिगत वर्ष ४७८९, (८०८+९३७ =) यसको वि.सं. १७४५ र (८०८+८०२ =) यसको शाके १६१० हुनुपर्नेमा शङ्का छैन । कलिगत वर्ष र शाकेसँग नेपालसंवत्को अन्तर ठ्याक्क मिले पनि वि.सं.चाहिँ (१७८९-१७४५ =) ४४ वर्ष बढी छ ।

जितामित्र मल्लका छोरा भूपतीन्द्र मल्लको एउटा शिलापत्रमा पनि यसरी नै चारै थरी संवत् दिइएको छ –

नेपालसंवत् ८१८ कलिगत ४७९९ श्रीविक्रम १७९९ श्रीशक १६२० फाल्गुणमासे शुक्लपक्षे नवम्यां तिथौ [...][३]

यो शिलापत्र ने.सं. ८१८ फाल्गुनशुक्लनवमीको भएकोले (८१८+३९८० =) यसको कलिगत वर्ष ४७९८, (८१८+९३६ =) यसको वि.सं. १७५४ र (८१८+८०१ =) यसको शाके १६१९ हुनुपर्ने हो । तर कलिगत वर्ष र शाके १ वर्ष बढी तथा वि.सं.चाहिँ ४५ वर्ष बढी छ ।

यहाँ दिइएका कलिगत वर्ष र शाके चैत्रादि होइन रहेछन्[४] **भन्ने यताबाट स्पष्ट भएको छ । अहिले पनि गुजरात र महाराष्ट्रतिर**

१. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको ५६-५७ पङ्क्ति ।

२. महेशराज पन्त २०६० ख:५६ ।

३. नयनाथ पौडेल २०१८:६-१० = मूलका ६४-६५ पङ्क्ति ।

४. त्यहाँ भ्रमवश रहेनछन् छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठकुर्नीलाई[२३४] [चढाई] सधैँ दुःखी [र] देशान्तरी[२३५] (परदेशी)लाई सुद्धा भाग[२३६] दिने ।

हांने/ हाने आएकोले मैले हांने/हानेको अर्थ पुऱ्याउने भनी गरेको हुँ ।[४]

२३४. मूलमा गौरीपछि सके र ठकुरिणीपछि सतं आएको छ । सिद्धिहर्ष वज्राचार्यले सकेको अर्थ लाई र सतंको अर्थ का नाउले भनी गरेका छन् । यस ताम्रपत्रमा धेरैजसो ठाउँ (मूलको ६, ७, ८, १३ पङ्क्ति)मा गौरीमा सके र ठकुरिणीमा सतं (मूलको ७, ८, ९, १४ पङ्क्ति) लागेको छ । तर एक ठाउँ (१६ पङ्क्ति)मा गौरीमा सतं लागेको छ । पशुपतिको हकमा चाहिँ सके (८ पङ्क्ति) र सतं (१६ पङ्क्ति) दुवै लागेको छ । यस कारण सतंले पनि सकेकै अर्थ बुझाउने हो कि भनी मैले सतंको अर्थ गर्दा लाई नै भनी गरेको छु । यक्ष मल्लको पालाका अरू लेखमा आएको सकेको लागि माथि २०९ र सतंको लागि २११ सङ्ख्याका टिप्पणी हेर्नू ।

ने.सं. ८३४ (वि.सं. १७७१) भाद्रकृष्णद्वितीयाको दानपत्र = उही:७० = १६ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

ने.सं. ८४७ (वि.सं. १७८४) ज्येष्ठशुक्लसप्तमीको दानपत्र = महेशराज पन्त २०६२खः३६-३७ = ७ सङ्ख्यामा④ मूलको ३ पङ्क्ति ।

ने.सं. ८५० (वि.सं. १७८७) श्रावणपूर्णिमाको दानपत्र = हरिभक्त खोंजू श्रेष्ठ २०४३:७१-७२ = २० सङ्ख्यामा मूलको २ पङ्क्ति ।

ने.सं. ८६८ (वि.सं. १८०५) भाद्रशुक्लप्रतिपदाको दानपत्र = महेशराज पन्त २०६२खः३७-३९ = ८ सङ्ख्यामा मूलको २ पङ्क्ति ।

ने.सं. ८८९ (वि.सं. १८२५) चैत्रशुक्लद्वितीयाको पत्र = उही २०६२कः२९ = ८ सङ्ख्यामा मूलको २ पङ्क्ति ।

संवत् नभएको, फाल्गुनशुक्लप्रतिपदाको दानपत्र = उही २०६२खः३९-४० = ९ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

ने.सं. ८९९ (वि.सं. १८३६) ज्येष्ठकृष्णषष्ठीको दानपत्र = उही:४१-४२ = ११ सङ्ख्यामा मूलको २ पङ्क्ति ।

ने.सं. ९०७ (वि.सं. १८४३) मार्गकृष्णएकादशीको दानपत्र = उही २०५३कः६-७ = ३ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

३. ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लचतुर्दशीको दानपत्र = महेशराज पन्त २०५७ गः३२-३४ = ४३ सङ्ख्यामा मूलको ५ पङ्क्ति ।

संवत् नभएको, भाद्रकृष्णचतुर्दशीको दानपत्र = उही २०६२ खः४०-४१ = १० सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

४. यस ताम्रपत्रमा आएको हांनेको, कमलप्रकाश मल्ल आदि (२०५७)ले गरेको अर्थको खण्डन महेशराज पन्त २०६२ जः२४ मा छ ।

कार्तिकादि वि.सं. चलिरहेकोले,[५] प्राचीनकालमा शाके कार्तिकादि पनि भएको देखिएकोले[६] र भक्तपुरमा यस ताका कलिगत वर्ष, वि.सं. र शाके ने.सं. जस्तै कार्तिकादि पनि भएको अरू प्रमाण पाइएकाले र ती संवत्लाई कार्तिकादि मानी तिनका तिथिमितिका गणना मिलेको[७] कुरा पहिल्यै प्रकाशमा आइसकेको छ[८] । यसरी यहाँका कलिगत वर्ष र शाकेलाई कार्तिकादि मान्दा (८१८+३९८१ =) यसको कलिगत वर्ष ४७९९ र (८१८ + ८०२ =) यसको शाके १६२० हुने हुनाले शिलापत्रमा दिइएका अङ्कसंग ठ्याक्कै मिल्छ । वि.सं.लाई पनि कार्तिकादि मान्दा बाबु जितामित्र मल्ल र छोरा भूपतीन्द्र मल्ल दुवैका शिलापत्रमा ४४ वर्ष बढी भएकोले यस विषयमा बढी विचार गर्नु आवश्यक छ ।

② महीनापछिको मिति त्यहाँ छापिएको छैन ।

③ नयनाथ पौडेल २०१८:१० मा यसको वि.सं. १७५५ हुनुपर्ने भनी लेखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

④ त्यहाँ शीर्षकमा भ्रमवश ज्येष्ठशुक्लअष्टमी छापिएको छ ।

---

५. शंकर बालकृष्ण दीक्षित १९८८:३८३ = उही २०१३/१४:५०२ ।
धुंडिराज लक्ष्मण २०३४-३५ ।

६. नयराज पन्त २०४३:९२-९४ ।

७. महेशराज पन्त २०६० खः५६-५७ ।

८. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७:३-४, ८-११ ।
दिनेशराज पन्त २०३७:१५-१९ = उही २०४०:४११-४१७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साँझको । भैंसीको [दूधको] दही कहतारो एक १, चिउरा[२३७] कुरुवा एक १ । यो सिधा गौरीलाई अगाडि राखेर संसारदेवी ठकुर्नीलाई [चढाई] सधैँ[२३८] हयि[२३९]हरू [र] रावल[२४०]लाई पारण दिने ।

२३५. ने.सं. ८७२ (वि.सं. १८०९) आषाढशुक्लएकादशी (श्रावण १ गते) बुधवारको, नेवारीमा लेखिएको, जयप्रकाश मल्लको ताम्रपत्रमा पनि देशान्तरी शब्द आएको छ –

श्रीश्रीराजोपाध्या, परमान उमराओ भोटे, योगि, देशान्तरि महाविद्याधर, पञ्च, सकलें साहुति मत याङाओ ।[१]

२३६. मूलमा **पोओ** छ । त्यसको अर्थ भाग भनी माथि गरेको छु । आजभोलि नेवारीमा **बो** शब्दले भाग बुझाउँछ । नेवारका लेखाइमा **ब**/**व**को ठाउँमा **प** भएको भेट्टाइने हुनाले[२] **पोओ** र **बो**को अर्थ उही हो जस्तो देखिन्छ । यस विषयमा देविचन्द्र श्रेष्ठबाट मेरो दृष्टि तानिएको हो ।

२३७. मूलमा **फलके** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी चमा लेखिएको छ ।

२३८. मूलमा **ह्विठंङाव** छ । माथि ७ पङ्क्तिमा **ह्विठंङ** आएको छ । तल ९ पङ्क्तिमा चाहिँ यहाँ जस्तै **ह्विठंङाव** आएको छ र त्यसपछि लगत्तै **ह्वियावुं** आएको छ । **ह्विठंङाव**मा प्रत्यय छुट्ट्याउन सकिएन । नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकअनुसार सधैँको अर्थमा **ह्वियं** आएकोले (माथि § ७.४ मा ५४ सङ्ख्या) प्रकृति उही भएका ती दुवै शब्दको अर्थ मैले **सधैँ** गरी यहाँ चित्त बुझाएको छु ।

२३९. वैदिक वाङ्मयमा **हविन्** शब्दको प्रयोग भएको र त्यसको अर्थ **होम हाल्ने** भन्ने बुझिएकोले[३] संस्कृतको **व**को ठाउँमा **य** बस्न गई **विनायक** नेवारीमा **यिनाय** र संस्कृतकै **विवाह** नेवारीमा **यिहि** भएको देखिएकोले **हविन्**बाट नै **हयि** भएको त होइन भन्ने तर्क काशीनाथ तमोटको छ ।[४] तर संस्कृतको **व** नेवारीमा **य** भएका उदाहरणमा आदिवर्णमा मात्र परिवर्तन भएको देखिएकोले यस विषयमा अझ बढी विचार गर्न बाँकी नै छ ।

स्वरदेखि पर रहेको, असंयुक्त (जोडेमोडेको अक्षरमा नआएको) र अनादि (सबभन्दा अगाडि नआएको) **क्** ग् च् ज् त् द् प् य्को लुक् हुँदा अवर्णदेखि पर रहेको अवर्णको मात्र यश्रुति हुन्छ भनी हेमचन्द्रले आफ्नो *सिद्धहेमशब्दानुशासन*मा लेखेकाले,[५] त्यसकै स्वोपज्ञवृत्तिमा **नगर** जस्ता शब्द **नयर**मा परिणत भएका

१. उस्तै उस्तै बेहोराको यस ताम्रपत्रका ४ प्रति पाइएका छन् । साँखु वज्रयोगिनीको मन्दिरमा रहेको प्रतिको पाठ रामजी तेवारी, भोलानाथ पौडेल, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:६१-६८ = ११ सङ्ख्यामा उल्था र व्याख्यासहित छापिएको छ । हनूमान्ढोकादरबारको सिंहढोकामा रहेको प्रतिको पाठ गौतमवज्र वज्राचार्य २०३३:२६०-२६१ मा छापिएको छ । चाँगुनारायणमा रहेको प्रतिको पाठ मोहनप्रसाद खनाल २०४०:३७३-३७४ मा उल्थासहित र पशुपतिमा रहेको प्रतिको पाठ गोविन्द टण्डन २०५६:२६०-२६१ मा उल्थासहित छापिएको छ । यहाँ दिइएको पाठ यस टिप्पणीमा सबभन्दा अगाडि नाउँ लिइएको ग्रन्थअनुसारको छ । गौतमवज्र वज्राचार्यले छपाएको पाठमा **श्रीराजउपाध्या परमान उमराओ देशान्तर । महाविद्याधार सकलेओ मत याङाओ** छ र कुनै ठाउँमा मोहनप्रसाद खनालले छपाएको पाठसँग र कुनै ठाउँमा गोविन्द टण्डनले छपाएको पाठसँग यहाँ उद्धरण गरिएको अंशको पाठ वर्णविन्यासमा बाझेको छ ।

२ महेशराज पन्त २०५७:§ १.९.१.५.९.२-३ = २६३-२६४ ।

३. ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९३२ मा **हविन्** ।
मोनियर मोनियर-विलियम्ज १९५६ मा **हविन्** ।

४. काठमाडौं भद्रकालीको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा माइक्रोफिल्म गरिएका कागजातको तेरीज खिँच्ने काम हुँदा यो चर्चा भएको हो ।

५. **स्वरादसंयुक्तस्यानादेः ॥ १७६ ॥**
कगचजतदपयवां प्रायो लुक् ॥ १७७ ॥
अवर्णो यश्रुतिः ॥ १८० ॥

(*सिद्धहेमशब्दानुशासन* १ अध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उदाहरण दिएकाले र अवर्णबाहेकका अक्षरदेखि पर रहेका शब्दमा भने यश्रुतिको अवकाश नभएको उदाहरण दिँदै जाँदा लोकस्यको प्राकृत रूप लोअस्स बनेको देखाए[६] तापनि अनादि अवर्ण र इवर्ण यश्रुति गरेर पद्नुपर्छ भनी मार्कण्डेयले लेखेको देखिएकोले[७] र खुद हेमचन्द्रले पनि कहीँ कहीँ त अवर्णदेखि बाहेक अन्यत्र पनि यश्रुति हुन्छ भनी त्यसको उदाहरणमा पियइ रूप दिएकाले[८] लोकस्यको प्राकृतीकरण हुँदा हेमचन्द्रअनुसार यश्रुतिको अवकाश नभई लोअस्स हुनुपर्ने भए तापनि जैनहरूका लेखोट पुस्तकहरूमा लोयस्स जस्ता रूप पाइने भएकाले[९] हविन्कै अर्थ बुझाउने होतृ शब्दको त्को लुक् भएपछि ऋको इ[१०] र यश्रुति भएको हुन सक्छ। यसो भए तापनि होको ठाउँमा ह किन भयो भन्ने कुराको जवाफचाहिँ मसँग छैन।

ने.सं. ५८८ (वि.सं. १५२५) चैत्रकृष्णअष्टमी (वैशाख २० गते)को दिन पशुपतिमा भैरवमूर्तिको प्रतिष्ठा गर्ने[११] नारायण भट्टले ने.सं. ५९४ (वि.सं. १५३१) भाद्रशुक्लद्वादशीको दिन पशुपतिमा गूठी राख्दा ताडपत्रमा लेखिएको लिखतपत्रमा उनको नाउँ श्रीनारायण भट्ट हयिजुस भनी काढिएको छ।[१२] त्यही लिखतपत्रमा अन्यत्र पनि हयि शब्द आएको छ।[१३]

ने.सं. ७९६ (वि.सं. १७३२) मार्गकृष्णद्वितीयाको दिन राति निर्घातको आवाज आउँदा राओरले पशुपतिमा ३ जना हयिहरूद्वारा पुरश्चरण गराएको कुरा तात्कालिक टिपोटमा आएको छ।[१४]

(स्वरदेखि पर रहेको, असंयुक्त र अनादि वर्णको कुरा यहाँदेखि आउँछ।
स्वरदेखि पर रहेका, असंयुक्त र अनादि क् ग् च् ज् त् द् प् य् व्को धेरैजसो लुक् हुन्छ।
क् ग् च् ज् त् द् प् य् व्को लुक् हुँदा अवर्णदेखि पर रहेको, बाँकी रहेको अवर्णको यश्रुति हुन्छ।)

६. कगचजेत्यादिना लुकि सति शेषः अवर्णः अवर्णात् परो लघुप्रयत्नतरयकारश्रुतिर्भवति॥ तित्थयरो। सयढं। नयरं। मयङ्को। कयग्गहो। कायमणी। रययं। पयावई। रसायलं। पायालं। मयणो। गया। नयणं। दयालू। लायण्णं॥ अवर्ण इति किम्। सउणो। पउणो। पउरं। राईवं। निहओ। निनओ। वाऊ। कई॥ अवर्णादित्येव। लोअस्स। देअरो॥ क्वचिद् भवति। पियइ॥

(*सिद्धहेमशब्दानुशासन* १ अध्याय १७७ सूत्रमा सोपज्ञवृत्ति।

(क् ग् च् ज् इत्यादिको लुक् हुँदा बाँकी रहेको, अवर्णदेखि पर रहेको अवर्ण लघुप्रयत्नतरयश्रुति हुन्छ – तित्थयरो, सयढं, नयरं, मयङ्को, कयग्गहो, कायमणी, रययं, पयावई, रसायलं, पायालं, मयणो, गया, नयणं, दयालू, लायण्णं। अवर्ण भनेर के भनेको – सउणो, पउणो, पउरं, राईवं, निहओ, निनओ, वाऊ, कई। अवर्णदेखि मात्र [यस्तो] हुन्छ, [अरू वर्णदेखि हुँदैन] – लोअस्स, देअरो। कहीँ कहीँ हुन्छ – पियइ।)

७. अनादौ अदितौ वर्णौ पठितव्यौ यकारवत्।

(परशुराम लक्ष्मण वैद्य २०१५:६३८ बाट उद्धृत।

(अनादिमा अ र इ यकार जस्तै पद्नुपर्छ।)

८. यही पृष्ठमा माथि ६ सङ्ख्याको उपटिप्पणी।

९. परशुराम लक्ष्मण वैद्य २०१५:६३८।

१०. उदाहरणको लागि रिखार्द पिशल २०३८:§ ५५ (=६६) = हेमचन्द्र जोशी २०१५:§ ५५ (=१०९) हेर्नू।

११. ज्ञानमणि नेपाल २०४३:५४-५६ = २ परिशिष्ट।

१२. महेशराज पन्त २०५६ क:४२-४३ = १ सङ्ख्यामा मूलको ५ पङ्क्ति।

१३. उहीः१ सङ्ख्यामा मूलका २, ४ पङ्क्ति।

१४. गौतमवज्र वज्राचार्य २०२३:२५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साँझको लागि बत्ती । तेल एक १ छटाक । गौरीलाई र पशुपतिलाई, संसारदेवी ठकुर्नीलाई सधैँ[२४१] बत्ती दिएर बाल्ने ।

मङ्सीरको पूर्णिमाको दिन योमरी[२४२] दुइ कुरुवा चामलले सबै पकाई लाने[२४३] । पूसको पूर्णिमा[२४४]को दिन

नेपाल सं. ८०२ (वि.सं. १७३९) श्रावणकृष्णनवमीउपरान्त दशमीको दिन पाटनका राजा श्रीनिवास मल्लका छोरा योगनरेन्द्र मल्ल गोसाईँकुण्डबाट फर्की पशुपतिको दर्शन गर्न गएको प्रसङ्गमा **राओर, हयि र बेसेत**को उल्लेख तात्कालिक टिपोटमा आएको छ ।[1]

२४०. मूलमा **लावड** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी छमा लेखिएको छ ।

२४१. मूलमा **ह्निठंङाव ॰, ह्नियांवु** छ । प्रकृति उही भएका ती दुवै शब्दको अर्थ मैले यहाँ सधैँ गरी चित्त बुझाएको छु । माथि २३८ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

२४२. मूलमा **इहमंढे** छ, यो शब्द आजभोलि चलनचल्तीमा भएको **योमरी**को पूर्वरूप हो । पुराना नेवारी लेखमा यस्तो रोटी बुझाउन **एन्दमाध्य,**[२] **एरमाढे,**[३] **एलमंढे,**[४] **एलमाढे,**[५] **एलमाधि,**[६] **एलमाधे,**[७] **यलमाढे,**[८] **यलमाधे,**[९] **यलमाध्य,**[१०] **येलमाढे**[११] पनि लेखिएको देखिएको छ ।

२४३. गूठीको आयस्ता खास गरी चामलमा आउने हुनाले **दुइ कुरुवा चामलले** जति आउँछ त्यति **पकाई लाने** भन्ने यसको अर्थ हो । यति चामलले जति सराजाम आउँछ त्यति लाने भन्ने भाव तलतलका वाक्यको पनि हो ।

---

१. डिल्लीरमण रेग्मी २०२३:२ खण्डको १९ ।

२ संवत् नभएको, भाद्रकृष्णचतुर्दशीको दानपत्र = उही २०६२ ख:४०-४१ = १० सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

३. ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्र = डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलका २२-२४ पङ्क्ति ।

४. ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लसप्तमीको धरोत = जनकलाल वैद्य २०६१:२०४ = मूलको १४० क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखकृष्णअष्टमीको धरोत = उही:२५५ = मूलको १७५ ख पत्र ।
ने.सं. ८२३ (वि.सं. १७६०) मा ङातापोलको वर्षवर्धनको दिनको धरोत = उही:३०२ = मूलको २०८ क पत्र ।
ने.सं. ८२३ (वि.सं. १७६०) वैशाखशुक्लतृतीयाको धरोत = उही:३१७ = मूलको २१८ क पत्र, ३१९ = मूलको २१९ क पत्र ।

५. ने.सं. ८०१ (वि.सं. १७३८) आषाढशुक्लषष्ठीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:१०३ = मूलको १८१ ख पत्र ।
ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्र = नयनाथ पौडेल २०१८:६-१० = मूलका २९-३० पङ्क्ति ।
ने.सं. ८३३ (वि.सं. १७६९) चैत्रसङ्क्रान्तिको टिपोट = जनकलाल वैद्य २०५४:२६ ।

६. संवत् नभएको, फाल्गुनशुक्लप्रतिपदाको दानपत्र = महेशराज पन्त २०६२ ख:३९-४० = ९ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

७ ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लतृतीयाको धरोत = जनकलाल वैद्य २०६१:२०१* = मूलको १३८ क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लसप्तमीको धरोत = उही:२०४ = मूलको १४० क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) आषाढशुक्लप्रतिपदाको धरोत = उही:१७९ = मूलको १२१ ख पत्र ।

८. ने.सं. ६८५ (वि.सं. १६२१/२२)को चैत्रशुक्लको टिपोट = उही २०५४:२७ ।

९. ने.सं. ८०५ (वि.सं. १७४१) मार्गकृष्णनवमीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:२१२ = मूलको २६५ क पत्र ।

१०. ने.सं. ८२९ (वि.सं. १७६६) आषाढकृष्णएकादशीको ताम्रपत्र = उद्धव आचार्य २०४३-४४:२३-२४ = ५ परिशिष्टमा मूलको ११ पङ्क्ति ।

११. ने.सं. ८०६ (वि.सं. १७४२) माघशुक्लएकादशीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:३०३ = मूलको ३२२ क पत्र ।

---

* जनकलाल वैद्य २०६१:२०१ मा भ्रमवश एलमाद्ये पढिएको छ । त्यही पुस्तकमा दिइएको, मूलको १३८ क पत्रको फोटोबाट शुद्ध पाठ एलमाधे हो भन्ने स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भटमासको रोटी[२४५] दुइ कुरुवा चामलले सबै पकाई लाने। माघे सङ्क्रान्तिको दिन[२४६] तिल [हालेको ?] भात,[२४७] घिउ, सखर यति एक पाथी चामलले सबै लाने। फागुनको पूर्णिमाको दिन चाकुमरी[२४८] दुइ

२४४. मूलमा प्वस पुनिशि छ, अरू नेवारी महीनामा जस्तो महीनाको नाउँ दिइसकेपछि महीना वुझाउने शव्द ला जोडिएको छैन। तर नेवारी अर्थ दिइएका, *अमरकोष*का पुस्तकमा भने पौष बुझाउन प्वसला लेखिएको छ (माथि § ७.४ मा ३३ सङ्ख्या)। अरू नेवारी महीनामा जस्तो यस महीनाको नाउँमा संस्कृत शव्दै रही उति साह्रो परिवर्तन नभएकोले यस ताम्रपत्रमा प्वसमा ला नथपेको हुन सक्छ।

२४५. मूलमा **म्वाटमंढे** छ। पुराना नेवारी लेखमा यस्तो रोटी बुझाउन **म्वाटमाढे,**[१] **म्वातमाढे**[२] र **म्वातमाधे**[३] पनि लेखिएको देखिएको छ।

२४६. मूलमा **दिनक्षयसंक्रांति** छ। यस विषयमा महेशराज पन्त छापिन बाँकी जमा लेखिएको छ।

२४७. मूलमा **हामलजा** छ। माघे सङ्क्रान्तिको दिन सुनधाराको पूजा गर्दा **हाम्लजा** पनि चढाउने कुरा जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्रमा आएको छ।[४] आफूले स्थापना गरेका नरसिंह हनूमान्हरूलाई माघे सङ्क्रान्तिको दिन **हामलजा** पनि चढाउने कुरा भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्रमा आएको छ।[५]

२४८. मूलमा **चाकुमंढे** छ। पुराना नेवारी लेखमा यस्तो रोटी बुझाउन **चाकुमंढे,**[६] **चाकुमधि,**[७] **चाकुमाढे,**[८] **चाकुमाधि,**[९] **चाकुमाधे**[१०] र **चाकुमाध्य**[११] पनि लेखिएको देखिएको छ। **चाकु**को अर्थ गुलियो भएकोले यो रोटी

१. ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्र = डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको २५ पङ्क्ति।
२ ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्र = नयनाथ पौडेल २०१८:६-१० = मूलको ३१ पङ्क्ति।
३. ने.सं. ८०१ (वि.सं. १७३८) भाद्रशुक्लचतुर्दशीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:१२१ = मूलको १९३ क पत्र।
४. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको २६ पङ्क्ति।
५. नयनाथ पौडेल २०१८:६-१० = मूलका ३१-३२ पङ्क्ति।
६. ने.सं. ८२२ (वि.सं. १७५८) पौषकृष्णद्वादशीउप्रान्त त्रयोदशीको धरोत = जनकलाल वैद्य २०६१:१९१ = मूलको १३० क पत्र।
७ ने.सं. ९९३ (वि.सं. १९३०) श्रावणकृष्णप्रतिपदाको गुठीसम्वन्धी पत्र = वज्रराज शाक्य आदि २०५०:१९५ = ४६ सङ्ख्या।
८. ने.सं. ८०१ (वि.सं. १७३८) आषाढशुक्लषष्ठीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:१०६ = मूलको १८३ ख पत्र।
ने.सं. ८०६ (वि.सं. १७४२) फाल्गुनपूर्णिमाको धर:पौ = उही:३०४ = मूलको ३२२ क पत्र। त्यहाँ भ्रमवश चांकु मोढे छापिएको छ।
ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्र = डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको २८ पङ्क्ति।
ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्र = नयनाथ पौडेल २०१८:६-१० = मूलका ३४-३६ पङ्क्ति।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखकृष्णतृतीयाको धरोत = जनकलाल वैद्य २०६१:१४८ = मूलको १०२ क पत्र।
९. ने.सं. ९०७ (वि.सं. १८४३) मार्गकृष्णएकादशीको दानपत्र = महेशराज पन्त २०५३क:७ = ३ सङ्ख्यामा मूलको ४ पङ्क्ति।
१०. ने.सं. ८०१ (वि.सं. १७३८) आषाढशुक्लषष्ठीको धर:पौ = चुन्दा वज्राचार्य २०५३:१०६ = मूलको १८३ ख पत्र। चुन्दा वज्राचार्य २०५३:१४५ मा **चकुमाधे** छापिएको छ। भ्वाट्ट हेर्दा यो **चाकुमाधे**कै रूपभेद जस्तो भान पर्छ तापनि फुलाई भ्रमवश कु पढेकोले यस रूपको सिर्जना भएको हो, शुद्ध पाठ **चफुमाधे** हो भन्ने कुरा मूलको २०९ ख पत्र पल्टाएर हेर्दा स्पष्ट हुन्छ। **चाकुमाधे** र **चफुमाधे** २ भिन्न प्रकारका रोटी हुन् भन्ने कुरा तात्कालिक लेख केलाई हेर्दा स्पष्ट हुन्छ।
ने.सं. ८०६ (वि.सं. १७४२) फाल्गुनपूर्णिमाको धर:पौ = उही:३०४ = मूलको ३२२ क पत्र। त्यहाँ भ्रमवश **चाकु मोढे** छापिएको छ।
ने.सं. ८२२ (वि.सं. १७५९) आषाढकृष्णतृतीयाको धरोत = जनकलाल वैद्य २०६१:१८१ = मूलको १२२ ख पत्र। त्यहाँ भ्रमवश **चाकुमाधे** छापिएको छ। यही पुस्तकमा दिइएको, मूलको १२२ ख पत्रको फोटोबाट शुद्ध पाठ **चाकुमाधे** हो भन्ने स्पष्ट हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुरुवा चामलले सबै लाने । पिशाचचतुर्दशी[२४९]को दिन डोनयेला[२५०] र चटामरी[२५१] दुइ कुरुवा चामलले सबै पकाई लाने । चैतमा वैशाखसङ्क्रान्ति[२५२]को दिन चटामरी[२५१] दुइ कुरुवा चामलले सबै पकाई लाने । केराउ [खाने] सिठीको दिन केराउको रोटी[२५३] दुइ कुरुवा चामलले सबै पकाई लाने । साउनको

गुलियो हुन्थ्यो भन्ने कुरामा शङ्का नभए पनि यसको आकारप्रकार कस्तो हुन्थ्यो भन्ने कुरा हामीलाई थाहा छैन । नेवारीमा अर्थ खुलाइएको, *अमरकोष*को एउटा लेखोट पुस्तकमा संस्कृत **पूप**को अर्थ **चाक्वमाढे** (माथि § ७.४ मा १५ सङ्ख्या) भनी दिइएको कुरा यस प्रसङ्गमा सम्झनुपर्छ ।

२४९. मूलमा **पसादचवदश** छ । अभिलेखहरूमा आएका, यस शब्दका रूप र यस चाडको प्रसङ्गको विषयमा महेशराज पन्त छापिन बाँकी झमा लेखिएको छ ।

२५०. सिद्धिहर्ष वज्राचार्यले **डोनयेला**को अर्थ **दोनयेला भंने मासु** (महेशराज पन्त २०६२:१६) भनी गरेका छन् । डिल्लीरमण रेग्मी (२०२३:१ खण्डमा ५९)को **ओनंयेला** र गोविन्द टण्डन (२०५६:१२६)को चाहिँ **ओनयेला** पाठ छ । गोविन्द टण्डन (२०५६:१३०)ले **ओनयेला**को अर्थ **ओ** भनी गरेका छन्, **ओ** भनेको के हो उनी नै जानून् । यस पदमा अघिल्लो अक्षर सिद्धिहर्ष वज्राचार्यले पढे जस्तै **डो** हो, यसमा शङ्का छैन । **डोनयेला** कस्तो खाने कुरा हो, मलाई थाहा छैन ।

२५१. मूलमा **चतावमंढे** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी ञमा लेखिएको छ ।

२५२. मूलमा **विश्वसंक्रांति** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी टमा लेखिएको छ ।

२५३. मूलमा **कहवहमंढे** छ । यहाँ **कहवह सिठिं**को दिन **कहवहमंढे** चढाउने भनी लेखिएको छ । सिद्धिहर्ष वज्राचार्यले त्यो चाड बुझाउने शब्दको अर्थ **जेठशुक्लषष्टि** र त्यो रोटीको अर्थ **करवहमढे भंने रोति** (महेशराज पन्त २०६२:१६) भनी गरेका छन् । गोविन्द टण्डन (२०५६:१३०)ले ती शब्दको अर्थ **सिठी** र **कहवह मधि** भनी गरेका छन् । यतावाट सिद्धिहर्ष वज्राचार्य र गोविन्द टण्डनलाई **कहवह** शब्दको अर्थ नलागेको देखिन्छ ।[१२]

अमरकोष (२।९।१६)मा चढेका **कलाय** र **सतीनक**को अर्थ **कह** र **हरेणु** र **खण्डिक** (२।९।१६)को अर्थ **कहवहेह**[१३] (४६ क पत्रको १ पङ्क्ति) भनी *अमरकोष*को ने.सं. ५०१ (वि.सं. १४३८) को नेवारी टिप्पणी (ए$_१$)मा दिइएको छ । ती चारै शब्द अर्थात् **कलाय**देखि **खण्डिक**सम्मका शब्दको अर्थ **कह** (९४ ख पत्रको २ पङ्क्ति) भनी ने.सं. ५०६ (वि.सं. १४४३) को (ए$_२$)मा दिइएको छ । **कलाय** र **सतीनक**को अर्थ **कहगुहि** र **हरेणु** र **खण्डिक**[१४]को अर्थ **कहवहेह**[१३] (७५ ख पत्रको १ पङ्क्ति) भनी ने.सं. ५५० (वि.सं. १४८६) को (ए$_३$)मा दिइएको छ । ने.सं. ६३७ (वि.सं. १५७४) को (ए$_३$ए को ५१ ख पत्रको ७ पङ्क्ति)मा ने.सं. ५०१ को र ५५० कोमा जस्तै ती ४ शब्दलाई २ फ्याकमा बाँडिएको छ र अघिल्ला पर्यायको अर्थ ने.सं. ५०१ कोमा जस्तै दिइएको छ र पछिल्ला पर्यायको अर्थको हकमा चाहिँ ने.सं. ५०१ र ५५० कोमा जस्तै छ, खालि फरक के छ भने ने.सं. ५०१ र ५५० कोमा **कहवहेह** भएकोमा यहाँचाहिँ **कहवलेह**[१३] छ । ती चारै शब्दको अर्थ **कड** (७५ ख पत्रको ३-४ पङ्क्ति) भनी ने.सं. ६६२ (वि.सं. १५९९) को (ए$_५$)मा दिइएको छ ।[१५] ने.सं. ७१८ (वि.सं. १६५५) कोमा चारै शब्दको **कलगुडि**

---

११. संवत् नभएको, भाद्रकृष्णचतुर्दशीको दानपत्र = महेशराज पन्त २०६२ ख:४०-४१ = १० सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

१२. कमलप्रकाश मल्ल आदि (२०५७)ले गरेको, यस ताम्रपत्रमा आएका **कहबहमंढे** र **कहबहसिठिंका** अर्थको खण्डन महेशराज पन्त २०६२ ज:२० मा छ ।

१३. नेवारी लिपिमा सामान्यतया **ब** र **व** नछुट्टिने हुनाले च्वसापासाको अभिधानकोषमा **कहबहेह** र **कहबलेह** लेखिए तापनि अर्थ-सङ्गतिको दृष्टिले मैले **ब**को ठाउँमा **व** लेखेको हुँ । माथि § ७.४ को २ सङ्ख्यामा भ्रमवश **कलबहेह** र **कहबलेह** छापिएका छन् ।

१४. त्यहाँ प्रातिपदिकरूप दिँदा भ्रमवश **हरेण खण्डित** लेखिएको छ ।

१५. त्यहाँ **हरेणु** र **खण्डिक**को समस्तपदको प्रथमाको द्विवचन **हरेणुखण्डिकौ** हुनुपर्नेमा **णु** र **ख** छुटेको र **ण्डि**को ठाउँमा **ण्डे** हुन गई **हरेण्डेकौ** भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ए६को ८४ क पत्रको १ पङ्क्ति) भनी अर्थ दिइएको छ । ने.सं. ८०३ (वि.सं. १७४०) तिरको (ए७को १०५ ख पत्रको ३ पङ्क्ति)मा अघिल्ला २ शब्दको अर्थ कलगुडि र ने.सं. ७२० (वि.सं. १६५७) तिरको (ए२वीको ६९ क पत्रका २-३ पङ्क्ति)मा चारै शब्दको कडगुडि भनी अर्थ दिइएको छ ।

संस्कृतमा केराउ बुझाउने कलायवाट यी नेवारी शब्दको विकास भएको यतावाट स्पष्ट हुन्छ । कलाय, सतीनक, हरेणु र खण्डिक यी चारै शब्दले सामान्यतया केराउ बुझाउने भए तापनि कुनै कोषमा कलाय, सतीनक र हरेणुमा भेद गरिएको कुरा पनि हामीलाई थाहा छ ।[1] यस्तै परम्पराको प्रभावमा होला, ने.सं. ५०१, ५५०, ६३७ र ७१८ का कोषमा तथा ८०३ तिरको कोषमा कलाय र सतीनकको नेवारी पर्याय भिन्नै र हरेणु र खण्डिकको भिन्नै दिइएको । यसो भए तापनि ने.सं. ८०३ तिरकोमा छोडेर[2] दुवै थरी पर्यायमा कह/कल शब्द परेको कुराको हेक्का यहाँ राख्नुपर्छ ।

यस ताम्रपत्रमा आएको कहवह शब्द र नेवारीमा अर्थ दिइएका कोषमा केराउको अर्थमा दिइएको कहवहेह/कहवलेह शब्दले उहीं वस्तुलाई बुझाएका हुन् भन्ने कुरामा शङ्का छैन । कुनै कुनै कोषमा एक थरी केराउलाई कह र अर्को थरीलाई कहवहेह/कहवलेह भनी लेखेको देखिएकोले अहिले सानो केराउ र ठूलो केराउ गरी केराउको भेद गरे जस्तै फरक छुट्टयाएको अडकल हुन्छ । तर ने.सं. ५०६ र ६६२ कोमा भने कलायदेखि खण्डिकसम्मका शब्दको अर्थमा कह/कड भनी दिइएकोले कह/कडले त्यसताकाको नेवारीमा सामान्यतया केराउ बुझाउने स्पष्ट हुन्छ ।

सिठीको दिन सुनधाराको पूजा गर्दा करकर वल पनि चढाउने कुरा जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्रमा आएको छ ।[3] आफूले स्थापना गरेका नरसिंह हनूमान्हरूलाई सिठीको दिन कलकल वल पनि चढाउने कुरा भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्रमा आएको छ ।[4] कह/कडको पछिल्लो अक्षरको ठाउँमा कुनै कुनै पछिल्ला *अमरकोष* (ने.सं. ७१८ को र ने.सं. ८०३ तिरको)मा ल आई कल भएको यस प्रसङ्गमा सम्झना हुन्छ । नेवारका लेखमा रको ठाउँमा ल र लको ठाउँमा र भेटिने कुरा (महेशराज पन्त २०५७:§ १.९.१.५.१० = २६४) पनि यस प्रसङ्गमा सम्झनुपर्छ । यसो भए तापनि बाबुछोरा दुवैका शिलापत्रमा कर/कलको किन द्वित्व भयो, यो अनुसन्धेय छ । करकर/कलकलपछि आएको वलचाहिँ यस ताम्रपत्रको वहको विकसित रूप हो भन्ने स्पष्ट छ ।

---

१. कलायस्त्रिपुटः* प्रोक्तः सतीनो वर्तुलो मतः ।
हरेणुरङ्कटा ज्ञेया**

इति व्याडिः ।

(*अमरकोष* २।९।१६ मा *टीकासर्वस्व*)

वैद्यके तु कलायसतीनकहरेणूनां भेद उक्तः ।
(*अमरकोष*का टीकाकार रमानाथको वाक्य भनी कालीकुमार दत्त २०३०:६७० मा २३५४ क सङ्ख्याको टिप्पणीमा उद्धरण गरिएको)

२. त्यहाँ हरेणुखण्डिकौको अर्थ स्यंके छ ।

३. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलका ३४-३५ पङ्क्ति ।

४. नयनाथ पौडेल २०१८:६-१० = मूलका ४३-४४ पङ्क्ति । नयनाथ पौडेलले कलकल वल पढेकोमा छत्रबहादुर कायस्थ (२०६१:११) को मूलपाठमा कलगुल वल छ । त्यस शिलापत्रको बारेमा लेख्दा (उही:३०) र शब्दशब्दको अर्थ गर्दा (उही:४१) भने उनले कलकल वल नै लेखेकाले उनले मूलपाठमा दिएको कलगुल वल प्रूफको अशुद्धि देखिन्छ ।

---

* कलायस्त्रिकटः
(*अमरकोष* २।९।१६ मा *व्याख्यासुधा*)

** हरेणुरङ्कटो ज्ञेयः
(*अमरकोष* ५८९ श्लोकमा *पदचन्द्रिका*, *अमरकोष* २।९।१६ मा *व्याख्यासुधा*)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमाको दिन ख्वरपमंढे[२५४] र बिरौँलाको व्यञ्जन[२५५] दुइ कुरुवा चामलले सबै लाने । दसैँको नवमीको

२५४. ष्वरपमंढे भन्ने रोटी कस्तो हुन्छ मलाई थाहा छैन । यस शब्दको अर्थ सिद्धिहर्ष वज्राचार्यले ष्वरपमंढे भने रोति (महेशराज पन्त २०६२:१६) भनी गरेका छन् । यज्ञानन्द गुभाजूको भनाइअनुसार ष्वरपमंढे भनेको पानीरोटी हो । गोविन्द टण्डन (२०५६:१३०)ले यसको अर्थमा ष्वरपमधि लेखेका छन् । सिद्धिहर्ष वज्राचार्य र गोविन्द टण्डनलाई यो रोटी कुन प्रकारको हो भन्ने कुरा थाहा नभएको यताबाट देखिन्छ । कमलप्रकाश मल्ल आदि (२०५७:दुलिटलाक्यं)मा दुलिटलाक्यंको अर्थ गर्ने प्रसङ्गमा यही ताम्रपत्रको उद्धरण गर्दा हामीले ष्व पढेको अक्षरलाई ध्व पढी ध्वरप मंढे लेखिएको छ तापनि त्यसको अर्थ भने गरिएको छैन ।

२५५. मूलमा दुलिटला क्यं छ । सिद्धिहर्ष वज्राचार्यको पाठमा ढुलिढलाक्यें छ र क्वातिका सार्दाम् (महेशराज पन्त २०६२:१६) भनी उनले यसको अर्थ गरेका छन् । गोविन्द टण्डन (२०५६:१३०)ले दुलिटलाक्यं को अर्थ क्वाटी भनी गरेका छन् । साउनको पूर्णिमाको दिन क्वाँटी अर्थात् बिरौँला खाने नेवारहरूको चलन भएकोले यो अर्थगराइ ठीकै जस्तो देखिन्छ ।[१]

नेवारीमा अर्थ खुलाइएको, ने.सं. ५९१ (वि.सं. १५२८) को एउटा घटना टिपिएको, *अमरकोष*को एउटा लेखोट पुस्तक (ए४)मा वनौषधिवर्ग (२।४।४)मा आएको अङ्कुरोऽभिनवोद्भिदि अर्थात् भरखरै टुसाएको भन्ने अर्थमा अङ्कुर हुन्छ भन्नेको अर्थ दिँदा नक टुलि (माथि § ७.४ मा २२ सङ्ख्या) भनी लेखिएकोले टुलिले अङ्कुर बुझाउने स्पष्ट हुन्छ ।

साउनको पूर्णिमाको दिन सुनधाराको पूजा गर्दा तुलीताला पनि चढाउने कुरा जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्रमा आएको छ ।[२] आफूले स्थापना गरेका नरसिंह हनूमान्हरूलाई साउनको पूर्णिमाको दिन तुलिताला पनि चढाउने कुरा भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्रमा आएको छ ।[३] *अमरकोष*को नेवारी टीकामा आएको टुलिकै रूपभेद यहाँको तुलि/तुली हो भनी भनिरहनुपर्दैन । ती शिलापत्रमा तुलीतालासँगै क्वाकतिं पनि परेकोले आजभोलि क्वातिले मात्र बिरौँला बुझाउने भए तापनि शब्दशब्दको अर्थ गर्न खोज्दा टुसो आएको तातो रस भन्ने बुझिने तुलीताला क्वाकतिंले बिरौँलाको झोल बुझाउने देखिन्छ ।

छत्रबहादुर कायस्थ (२०६१:४१)ले चाहिँ भूपतीन्द्र मल्लको, माथि चर्चा गरिएको शिलापत्रमा परेका शब्दको अर्थ गर्दा तुतिताला[४] क्वाकति = तुतिताला क्वाःति, बुबक्वाःति लेखेकाले उनले यी दुवै शब्द मिलेर गेडागुडीको तातो रस अर्थात् बिरौँला भन्ने अर्थ निकालेको देखिन्छ ।

१. यही ताम्रपत्रको आधारमा दुलिटलाक्यं भन्ने शब्द कमलप्रकाश मल्ल आदि २०५७ मा चढेको छ । यसको अर्थ नेम् अफ् द अनहस्क्ड् राइस्-प्याड्इ (धानको नाउँ) भनी गरिएको छ । यस शब्दको प्रयोग भएको देखाउन यस ताम्रपत्रको ध्वरप मंढे* दुलिटलाक्यं त्यवछि केन द्वाको येने भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ पेस्ट्रिज् बेक्ड् फ्रम् टू यान्ड् हाफ् मानाज् अफ् कोर्स् राइस् विल् बी टेक्अन् (याज् अफ्अरिङ्) (खालि आँचमा पकाइएको, साढे दुइ माना** खसो चामलको सुख्खा रोटी (चढाउने कुराको रूपमा) लग्नुपर्नेछ) भनी गरिएको छ । त्यस कोषमा यो शब्द धानको एक प्रकार अर्थात् खसो धानको अर्थमा चढेकोले तौली जस्तो धान बुझाएको यताबाट देखिन्छ । तर त्यस अर्थको पुष्टि त्यहाँ उद्धरण गरिएको वाक्यबाट गर्न सकिँदैन । माथि चर्चित, ने.सं. ८१८ (वि.सं. १७५५) को शिलापत्रको आधार लिई त्यस कोषमा तुलिताला शब्द चढाइएको छ । त्यहाँ त्यसको अर्थ नेम् अफ् द ग्रेन् सूप् (अन्नका दानाको सुरुवाको नाउँ) भनी गरिएको छ । २ थरी हिज्जे भएको, एउटै शब्दको त्यस कोषमा २ थरी अर्थ भएको कुराको यो एउटा राम्रो नमूना हो ।

२ डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलका ३८-३९ पङ्क्ति ।

३. नयनाथ पौडेल २०१८:६-१० = मूलको ४७ पङ्क्ति ।

४. नयनाथ पौडेलले तुलिताला पढेकोमा छत्रबहादुर कायस्थ (२०६१:११) को मूलपाठमा, उनले त्यस शिलापत्रको बारे लेख्दा (उही:३१) र शब्दशब्दको अर्थ गर्दा (उही:४१) पनि तुतिताला पाठ दिएको चिन्त्य छ ।

* मूलको ष्वलाई ध्व पढेकोले ष्वरपमंढे नभई ध्वरपमंढे हुन गएको हो ।

** त्यवछिको अर्थ विग्रिएको विषयमा महेशराज पन्त २०६२ ज:२२-२३ मा हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिन छोयला र चिउरा[२५६] एक पाथी चामलले सबै लाने । सुखरात्रि[२५७]को दिन तातेको दूधमा दही मिसाउँदा फाटेको दूध,[२५८] महबाट बनेको पदार्थ,[२५९] सखर, माठलडुवा[२६०] यति दुइ पाथी चामलले सबै

२५६. मूलमा **फलके** छ । यस विषयमा महेशराज पन्त छापिन बाँकी चमा लेखिएको छ ।

२५७. यस विषयमा महेशराज पन्त छापिन बाँकी ठमा लेखिएको छ ।

२५८. मूलमा **धरिख्व्यं** छ । सिद्धिहर्ष वज्राचार्यको पाठमा **धरि ख्ये** छ र **दहि फुल** (महेशराज पन्त २०६२:१६) भनी उनले यसको अर्थ गरेका छन् । गोविन्द टण्डन (२०५६:१३०)ले **धरि ख्व्यं**को अर्थ **दही ख्व्यं** भनी गरेका छन् । कमलप्रकाश मल्ल आदि (२०५७:माठ)मा **माठ**को अर्थ दिँदा यही ताम्रपत्रको **सुखरात्रि कोन्हु धरि ख्व्यं कस्ति**[1] **साषर माठ लडुवा थ्वतेन नेफा केन द्वाको येँने** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **अन् द डे अफ् द म्ह पूजा अर् सुख रात्री फेस्टिभल्, कड्‌र्ज्, एग्ज्, हनइ, ब्राउन् शुगअर्, स्वीट् पेस्ट्रि बल्ज् यान्ड् टू यूनिट् मेभ्फ्अर्ज्**[2] **अफ् राइस् विल् बी क्यार्‌इड् (याज् प्रेज्न्ट्स्)**[3] (म्हपूजा अथवा सुखरात्रिको दिन दही, फुल, मह, सख्खर, लड्डू र दुइ एकांश नापोको चामल (कोसेलीको रूपमा) ल्याइनेछ) भनी गरिएको छ । आजभोलिको नेवारीमा **ख्व्यं** शब्दले **फुल** बुझाए पनि त्यसताकाको नेवारीमा **खेंज** शब्दले **फुल** बुझाउँथ्यो (महेशराज पन्त छापिन बाँकी ड) । यस कारण यहाँ आएको **ख्व्यं धरि**कै अङ्ग हो कि जस्तो लाग्छ । संस्कृतमा **आमिक्षा** शब्दले **तातेको दूधमा दही मिसाउँदा फाटेको दूध** बुझाउँछ । कहीँ त्यही शब्दकै पछिल्लो अक्षर क्षा यहाँ ख्व्यं हुन गएको त होइन भनी मैले माथि **आमिक्षा**को नेवारी पर्याय **धरिख्व्यं** ठानी त्यहीअनुसार अर्थ गरेको हुँ ।

२५९. मूलमा **कस्ति**पछि **धावाट** उठेको पदको अन्तिम अक्षर **ज्य** भनी सबैले माने पनि यसमा शङ्का उठाउन नसकिने होइन (माथि १३८ सङ्ख्याको टिप्पणी हेर्नू) । **धाज्य** पाठ पढी संस्कृतमा **आज्य**ले **घिउ** बुझाउने भएकोले होला, सिद्धिहर्ष वज्राचार्यले **धाज्य**को अर्थ **घ्यौ** (महेशराज पन्त २०६२:१६) भनी गरेका छन् । तर यही ताम्रपत्रको १० पङ्क्तिमा **घिउ**को अर्थमा **घेर** आएकोले उनले गरेको अर्थ ठीक छैन जस्तो देखिन्छ । गोविन्द टण्डन (२०५६:१२६)ले भने **धाज्यं** पढी त्यसको अर्थ **धाज्यं** (उही:१३०) नै गरेका छन् । मलाई यस पाठमा शङ्का लागेको त माथि नै लेखिसकें । यसको पाठ **धाज्य** मान्दा पनि अर्थ लाग्दैन । **कस्ति**को अर्थ **मह** भएको र त्यसपछि आएको पदले त्यसकै विकार बुझाउने भन्ने अनुमान गरी **महबाट बनेको पदार्थ** भनी अर्थ गर्ने साहस गरेको हुँ ।

२६०. सिद्धिहर्ष वज्राचार्यले **माठ**को **अैंटा** र **लडुवा**को **लडु** (महेशराज पन्त २०६२:१६) भनी अर्थ गरेका छन् । यज्ञानन्द गुभाजूको भनाइअनुसार **माठ** भनेको **मथ** अर्थात् **गहुँको पीठोको चक्का रोटी** हो । **लडुवा** भनेको त **लड्डू** भइहाल्यो (माथि § ७.४ मा ४६ सङ्ख्या) । गोविन्द टण्डन (२०५६:१३०)ले भने **माठ**को **माठ** नै र **लडुवा**को चाहिँ **लड्डु** भनी अर्थ गरेका छन् । कमलप्रकाश मल्ल आदि (२०५७)ले यही ताम्रपत्रको **माठ** शब्दको उद्धरण गरी त्यसको अर्थ दिँदा **अ काइन्ड् अफ् पेस्ट्रि** (एक प्रकारको सुख्खा रोटी) भनी चित्त बुझाएका छन् र यही ताम्रपत्रको **लडुवा** शब्दको उद्धरण गरी त्यसको अर्थ **लड्डु** भनी गरेका छन् । शिवरात्रिको दिन सुनधाराको पूजा गर्दा ३ दम्मको ३ वटा **माथरडुवा** चढाउने (**माथरडुवा गोड ३ दंम ३ यान**

१. यस उद्धरणमा **कस्ति** र **साषर**को बीचमा २ अक्षर छुटेको छ ।

२ मूलको **नेफा**को अर्थ **टू यूनिट् मेभ्फ्अर्ज्** भनी गरिएकोले यसको वास्तव अर्थ थाहा नभएको जस्तो भान पर्छ । **फा** भनेको **पाथी** हो भन्ने कुरा थाहा पाउन अरू कोष पल्टाउनुपर्दैन, कमलप्रकाश मल्ल आदिकै कोष (२०५७:फ र फा) पल्टाए हुन्छ ।

३. यस लेखाइबाट **कड्‌र्ज्, एग्ज्, हनइ, ब्राउन् शुगअर्, स्वीट् पेस्ट्रि बल्ज्** र **टू यूनिट् मेभ्फ्अर्ज् अफ् राइस्** चढाउनुपर्ने देखिन्छ । माथि नाउँ किटिएका कुरा २ पाथी चामलले जति आउँछ, त्यति लाने भन्ने वास्तव अर्थ हो, चामल भिन्नै लग्नुपर्ने होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छाय) कुरा जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्रमा आएको छ ।[१] आफूले स्थापना गरेका नरसिंह हनूमान्हरूलाई शिवरात्रिको दिन ३ दम्मको ३ वटा **माथलदुवा** चढाउने (**माथलदुवा ग्व ३ दं ३ यान छाय**) कुरा भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्रमा आएको छ ।[२]

जितामित्र मल्लको पालाको धर:पौमा ठाउँठाउँमा भिन्नाभिन्नै मिठाईको रूपमा **माथ** र **लडुवा** आउनाको साथै **माठरदुवा, माथरदुवा** र **माथलदुवा** पनि आएको छ । नेवारको लेखाइमा मूर्धन्य र दन्त्यको तथा **र**/**ल**को भेद त्यति बिदि नहुने हुनाले लेखाइ फरक भए पनि यो मिठाई एउटै हो भन्ने देखिन्छ ।

भूपतीन्द्र मल्लले न्यातपोल देवल बनाउँदा टिपिएको धरोतमा पनि ठाउँठाउँमा भिन्नाभिन्नै मिठाईको रूपमा **माथ** र **लडुवा** आउनाको साथै **मथलडु, माथरदु, माथलडु, माथलडुवा, माथलडुचा** र **लडुवामाथ**को चर्चा आएको छ ।[३]

मूर्धन्य/दन्त्य, **म/मा** र **र/ल**को भेद अघिल्ला ३ वटामा भए तापनि यो मिठाई एउटै हो भन्ने अनुमान यिनको वर्णविन्यासबाट हुन्छ ।

माथि देखाइएका रूपभेदमध्ये चौथोमा उत्तरपदमा **लडुवा** भएकोमा पाँचौंमा उत्तरपद **लडुचा** भएकोले र नेवारीमा **चा**ले परिमाणापचय बुझाउने भएकोले **माथलडुवा**भन्दा **माथलडुचा** भन्ने मिठाई सानो हुन्थ्यो कि भन्ने अनुमान हुन्छ । **माथलदु** र **माथलडुचा** भिन्नाभिन्नै मिठाई हुन् भन्ने कुरा **माथलडु**को चर्चा आएको लगत्तै **माथलडुचा**को चर्चा आएबाट स्पष्ट हुन्छ ।[४]

समस्तपदमा पूर्वपद भई रहेको **माथ** उत्तरपदमा पनि आएको यताबाट देखिएको छ । मोटामोटी रूपमा भन्नुपर्दा **माथ** र **लडुवा**को संयुक्त रूपको मिठाई यो हो जस्तो यतासम्मका कुराबाट देखिन्छ ।

जितामित्र मल्लको पालाको धर:पौमा यतिवटा भनी बुझाउन अङ्कको अगाडि **ग्व** वा **ता** यी शब्दमा लागेको छ । जितामित्र मल्लले न्यातपोल बनाउँदा टिपिएको धरोतमा चाहिँ **मथलडु/माथलडु/माथलडुचा/माथलडुवामा ग्व** र **माथरदुमा ता** आएको छ । **ग्व** भन्दा **गोलो आकारको वस्तु** बुझिन्छ । जितामित्र मल्लको पालाको धर:पौको भाषाको विषयमा लेख्दा **ता – चारकुने वा गोलो आकार भएको तर लम्बाइ-चौडाइभन्दा मोटाइ कम भएको रोटीमा प्रयोग गरिने** (चुन्दा वज्राचार्य २०५३:६२) भनी नेवारी जन्मभाषा भएकी, नेवारी पढेकी, नेवारी पढाउने, नेवारीमा अन्वेषण गर्ने नेवार्नीले लेखेकी छिन् । उही थरीका मिठाईमा अघिल्लो पुस्तकमा कहीँ **ग्व** र कहीँ **ता** लेखिएकोले, पछिल्लो पुस्तकमा सर्वत्र **ग्व** आए तापनि वर्णविन्यासबाट **माथलडु**कै रूपान्तर भन्न मिल्ने **माथरदुमा** चाहिँ **ता** आएकोले र **ग्व** र **ता** पर्याय पनि नभएकाले यी मिठाईको आकार कस्तो हुन्थ्यो भनी स्पष्टसँग भन्न सकिँदैन तापनि माथि चर्चा गरिएका, जितामित्र मल्ल र भूपतीन्द्र मल्लका शिलापत्रमा भने **माथरडुवा/माथलदुवा**पछि **गोड/ग्व** आएको कुरा यस प्रसङ्गमा सम्झनुपर्छ ।

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको यस ताम्रपत्रमा सुखरात्रिको दिन चढाउनुपर्ने कुरामा **धरिख्यं, कस्तिधाज्य, साषर**पछि विरामचिह्न दिइएको र **माठ**पछि विरामचिह्नै नहाली **लडुवा** लेखेको र **लडुवा**पछि मात्र विरामचिह्न हालिएकोले पनि जितामित्र मल्ल र भूपतीन्द्र मल्लको पालाका लेखमा आएका **माथरडुवा/**

---

१. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलका २७-२८ पङ्क्ति ।

२. नयनाथ पौडेल २०१८:६-१० = मूलको ३४ पङ्क्ति ।

३. महेशराज पन्त छापिन बाँकी ढ ।

४. **ग्व १ माथलडु ॱ ग्व ६० माथलडुचा** (ने.सं. ८२३ (वि.सं. १७६०) वैशाखशुक्लतृतीयाको धरोत = जनकलाल वैद्य २०६१:३०७ = मूलको २११ ख पत्र) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लाने । कार्तिकपूर्णिमाको[२६१] दिन उसिनेको पिँडालु र खुवा[२६२] एक पाथी चामलले सबै लाने ।

माथरदुवा/माथलदुवा मिठाई नै यस ताम्रपत्रमा आएको माथलडुवा हो भन्ने स्पष्ट छ ।[१]

२६१. मूलमा जुधान पुनिशि छ । त्यसको अर्थ सिद्धिहर्ष वज्राचार्यले जुगादिपूर्ण अर्थात् कार्त्तिक्शुक्लपूर्णिमा (महेशराज पन्त २०६२:१६) भनी गरेका छन् ।[२] तिहारको चाड सुखरात्रिपछि जुधान पुनिशिको चर्चा यस ताम्रपत्रमा आएकोले तथा यस पूर्णिमामा पिँडालु चढाउनू भनी यहाँ लेखिएकोले र हाम्रो यहाँ कार्तिकपूर्णिमामा पिँडालु खाने चलन भएकोले सिद्धिहर्ष वज्राचार्यहरूले गरेको अर्थ ठीक देखिन्छ । यसो भए तापनि कार्तिकपूर्णिमालाई जुधान पुनिशि भनी किन भनियो भन्ने सवालको जवाफ दिने हुति भने मेरो छैन तापनि यस विषयमा आफूलाई लागेको कुरा भन्छु ।

कार्तिकशुक्लनवमी अर्थात् कूष्माण्डनवमीदेखि सत्ययुग लागेको थियो भन्ने विश्वास भएकोले यस नवमीलाई सत्ययुगादि भन्ने चलन छ । जुधान शब्दको युगादि शब्दसँग धेरै झीनो सम्बन्ध देखिएकोले कार्तिकको पूर्णिमालाई जुधान पुनिशि भनेको हो कि जस्तो मलाई लाग्छ ।

यही पूर्णिमालाई ने.सं. ७८७ (वि.सं. १७२३) को एउटा टिपोटमा सकेमाङा पूर्णिमा,[३] ने.सं. ८०५ (वि.सं. १७४१) कार्तिकपूर्णिमाको भक्तपुरको एउटा ताम्रपत्रमा सकेमाङा पूनिसि[४] र जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको[५] र भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको[६] शिलापत्रमा सकेमाङा पुनिस अर्थात् उसिनेको पिँडालु [खाने] पूर्णिमा भनेको चाखलाग्दो छ ।

२६२. मूलमा दुदुदाया छ । त्यसको अर्थ सिद्धिहर्ष वज्राचार्यले दुद् अलैचि (महेशराज पन्त २०६२:१६) र गोविन्द टण्डन (२०५६:१३०)ले खुवा भनी गरेका छन् ।[७]

नेवारीमा अर्थ खुलाइएका, ने.सं. ५०६ (वि.सं. १४४३), ने.सं. ६६२ (वि.सं. १५९९) र ने.सं. ७२० (वि.सं. १६५७) का *अमरकोष*का लेखोट पुस्तकमा *अमरकोष*को विशेष्यनिघ्नवर्ग (३।१।९५)मा आएको पाके क्षीराज्यहविषां श्रृतम् अर्थात् दूध, घिउ वा हविको पकाइ श्रृत कहिन्छ भन्नेको अर्थ दिँदा दाया दुदु । दाया घेर/घ्यर (माथि § ७.४ मा २७ सङ्ख्या) भनी लेखिएकोले दायाले पकाएको भन्ने अर्थ बुझाएको स्पष्ट हुन्छ ।

मार्गकृष्णनवमीको दिनमा पर्ने, आफ्नो जन्मोत्सवमा सुनधारामा पूजा गर्दा चढाउनुपर्ने कुरा लेख्दै जाँदा पात ४ दुदु दायाव पातछि १ दयकं छाय भनी जितामित्र मल्लको ने.सं. ८०८ (वि.सं. १७४५) श्रावणपूर्णिमाको शिलापत्रमा लेखिएको छ ।[८] आफूले स्थापना गरेका नरसिंह हनूमान्हरूलाई कार्तिकशुक्लषष्ठीको दिन पर्ने

---

१. नयनाथ पौडेल २०१८:६-१० = मूलको ३४ पङ्क्तिमा दशरा मशरा गरी माथल दुवा छापिएको छ । कमलप्रकाश मल्ल आदि २०५७ मा चाहिँ माथरडुवा र माथरदुवा शब्द चढेका छन् तापनि दशरा मशरा गरी माठर दुवा शब्द पनि चढेको छ र माथालिथे शब्दको अर्थ दिँदा पनि माठर दुवा नै लेखिएको छ ।

२ गोविन्द टण्डन (२०५६:१३०)ले हाँसोउठ्दो ढङ्गले जुधान पुनिशिको अर्थ हरेक पूर्णिमा भनी गरेको विषयमा माथि *वाङ्मुख* (*पूर्णिमा* १२२ पूर्णाङ्कको ४२ पृष्ठ)मा र कमलप्रकाश मल्ल आदि २०५७ मा पनि त्यो शब्द चढाउँदा द फुल्-मून् डे अफ् द लूनर् मन्थ् (चान्द्र मासको पूर्णिमा) भनी लेखिएको विषयमा महेशराज पन्त २०६२ ज:२१-२२ हेर्नू ।

३. जी ठयासफू = डिल्लीरमण रेग्मी २०२३:२ खण्डको १०८ ।

४. विनोद राज शर्मा २०५७:१० = ५७ सङ्ख्याको अभिलेखमा मूलका २-३ पङ्क्ति ।

५. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलको ४७ पङ्क्ति ।

६. नयनाथ पौडेल २०१८:६-१० = मूलका ५५-५६ पङ्क्ति ।

७. कमलप्रकाश मल्ल आदि २०५७ मा यसको अर्थ बिगारेको विषयमा महेशराज पन्त २०६२ ज:२१-२२ मा हेर्नू ।

८. डिल्लीरमण रेग्मी २०२३ क:२१०-२१५ = ९८ सङ्ख्याको अभिलेखमा मूलका २४-२५ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भुजा र सिधाबाहेक यति थोक तल शीपघाटको पछाडिबाट लाने । गौरीलाई अगाडि राखेर संसारदेवी ठकुर्नीलाई[२६३] [चढाई] सधैं दुःखी [र] देशान्तरीहरूलाई दिने ।

आफ्नो जन्मोत्सवमा चढाउनुपर्ने कुरा लेख्दै जाँदा **पात ४ दुदु दायाव पात १ दयकं छाय** भनी भूपतीन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) फाल्गुनशुक्लनवमीको शिलापत्रमा लेखिएको छ ।[1] यी दुवै वाक्यको अर्थ ४ भाँडो दूध उमालेर १ भाँडो बनाएर चढाउने भन्ने हो । चार खण्डको तीन खण्ड दूध घटाई एक खण्ड मात्र बाँकी राख्ने भन्ने यतावाट बुझिएकोले यसले खुवा बुझाएको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

जितामित्र मल्लको पालाको धरःपौमा[२] र भूपतीन्द्र मल्लले न्यातपोल देवल बनाउँदा टिपिएको धरोतमा[३] ठाउँठाउँमा दुदुदाया आएको छ ।

२६३. मूलको ७ पङ्क्तिमा **संसारदेवी ठकुरिणीसतं ह्निठंङ ɑ दुखि देशांतरी ❍ सुद्धा पोओ बिये** र १४ पङ्क्तिमा **संसारदेवी ठकुरिणीस[४] ह्निठंङाव दुखी देशांतरी बिये** भनी लेखिएकोले र ह्निठंङले जे बुझाउँछ ह्निठंङावले पनि त्यही बुझाउने देखिन्छ । माथि २३८ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

१. नयनाथ पौडेल २०१८:६-१० = मूलका ५४-५५ पङ्क्ति ।

२. ने.सं. ७९४ (वि.सं. १७३०) पौषशुक्लपञ्चमीको धरःपौ = चुन्दा वज्राचार्य २०५३:८८ = मूलको १७१ क पत्र ।
ने.सं. ८०३ (वि.सं. १७३९) मार्गशुक्लपञ्चमीको धरःपौ = उही:१४५ = मूलको २१० क पत्र ।
ने.सं. ८०४ (वि.सं. १७४१) वैशाखशुक्लअष्टमीको धरःपौ = उही:२०७ = मूलको २५७ ख पत्र ।
ने.सं. ८०५ (वि.सं. १७४१) मार्गकृष्णनवमीको धरःपौ = उही:२१२ = मूलको २६५ क पत्र ।
ने.सं. ८०५ (वि.सं. १७४१) माघशुक्लपञ्चमीको धरःपौ = उही:२३९ = मूलको २७८ क पत्र ।
ने.सं. ८०५ (वि.सं. १७४२) आषाढकृष्णसप्तमीको धरःपौ = उही:२४६ = मूलको २८१ ख पत्र ।
ने.सं. ८०५ (वि.सं. १७४२) आषाढकृष्णनवमीको धरःपौ = उही:२४४ = मूलको २८० ख पत्र ।
ने.सं. ८०६ (वि.सं. १७४२) माघशुक्लएकादशीको धरःपौ = उही:३०३ र ३०४ = मूलका ३२० ख र ३२२ क पत्र ।
ने.सं. ८०६ (वि.सं. १७४२) माघकृष्णपञ्चमीको धरःपौ = उही:२९३ = मूलको ३१५ ख पत्र ।
ने.सं. ८०६ (वि.सं. १७४२) फाल्गुनपूर्णिमाको धरःपौ = उही:३०६ = मूलको ३२३ क पत्र ।
ने.सं. ८०६ (वि.सं. १७४३) श्रावणकृष्णत्रयोदशीको धरःपौ = उही:३१५ = मूलको ३२७ क पत्र, ३१८ = मूलका ३२८ ख र ३२९ क पत्र ।
ने.सं. ८०७ (वि.सं. १७४४) ज्येष्ठपूर्णिमाको धरःपौ = उही:३३४ = मूलको ३४० क पत्र ।

३. ने.सं. ८२२ (वि.सं. १७५८) कार्तिककृष्णचतुर्दशीको धरोत = जनकलाल वैद्य २०६१:२५१ = मूलको १७२ क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५८) पौषकृष्णद्वादशीको धरोत = उही:२१३ = मूलको १४७ क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) चैत्रअमावास्याको धरोत = उही:२०० = मूलको १३७ क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लसप्तमीको धरोत = उही:२०४ = मूलको १४० क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखकृष्णअष्टमीको धरोत = उही:२५५ = मूलको १७५ ख, २५६ = मूलको १७६ क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखकृष्णएकादशीको धरोत = उही:२४३ = मूलको १६६ ख पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) ज्येष्ठशुक्लनवमीको धरोत = उही:१७७ = मूलको १२० क पत्र ।
ने.सं. ८२२ (वि.सं. १७५९) ज्येष्ठअमावास्याको धरोत = उही: २४०-२४१ = मूलको १६५ क पत्र, २४१ = मूलको १६५ ख पत्र ।
ने.सं. ८२३ (वि.सं. १७६०) वैशाखशुक्लप्रतिपदाको धरोत = उही:३२० = मूलको २१९ ख पत्र ।
ने.सं. ८२३ (वि.सं. १७६०) वैशाखशुक्लतृतीयाको धरोत = उही:२६८ = मूलको १८७ क पत्र, ३१७ = मूलको २१८ क पत्र ।

४. अन्त अन्त यस्तो प्रसङ्गमा **संसारदेवी ठकुरिणीसतं** आएकोले यहाँ °सतंको पछिल्लो अक्षर तं छुटेको जस्तो देखिन्छ (माथि २०८ सङ्ख्याको टिप्पणी हेर्नू) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिमा स्नान गर्ने जतिले[२६४] संसारदेवी ठकुर्नीलाई सधैँ दिनको तीन फेर मात्र[२६५] गाडु खन्याउने ।[२६६] वर्षवर्धनको दिन वर्षवर्षमा सुकेको कर्कलो [र] तातो [पानी]ले [प्रतिमा] माझ्ने । माझिसकेपछि गौरीलाई र पशुपतिलाई पञ्चामृतले स्नान गर्ने । दही, दूध, घिउ र महको दम्म एक १ । सखर दम्म एक १ । फूल किनेर चढाउने । दम्म एक १ दक्षिणा गौरीलाई । पशुपतिलाई पनि दम्म एक १ । दक्षिणा पुजारीलाई दम्म एक १ । सात दामले पीताम्बर किनेर पछ्यौरा र तल्लो वस्त्र फेर्ने ।[२६७] यति गरिसकेपछि

२६४. मूलमा ह्यांवु छ । यस ह्याको अर्थ मलाई लागेन । वु त जोड दिएको बुझाउने निपात भइहाल्यो । यस कारण प्रसङ्गानुरोधले जतिले भनी मैले अर्थ गरेको हुँ ।

२६५. मूलमा धारे छ । यही ताम्रपत्रमा तल २ ठाउँ (१८ पङ्क्ति)मा पनि धारे आएको छ । यक्ष मल्लको पालाका अरू अरू लेखमा धारेको प्रयोग भएका वाक्यको सङ्कलन माथि २०१ सङ्ख्याको टिप्पणीमा गरिएको छ । जहाँ जहाँ धारे आएको छ, त्यसभन्दा अगाडि सङ्ख्या बुझाउने शब्द वा शब्द र अङ्क दुवै आएकोले किटान गरेर भन्नुपर्दा धारेको प्रयोग हुने देखिन्छ । यसैले मात्र भनेर माथि उल्था गरिएको हो ।

२६६. मूलमा गाडु ढालरपे छ । गाडु ढालरपे एक फेर तल (दायाँ फट्केमा) सम्प्रदान यातंसँगै जोडिएर – गाडु ढालरपेयातं – पनि आउँछ ।

सिद्धिहर्ष वज्राचार्यले पहिलोपल्ट आएको प्रसङ्गको अर्थ गर्दा गाडु भंने कार्य्य गर्नु (महेशराज पन्त २०६२:१७) र पछिल्लोपटक अर्थ गर्दा गाडु भंने कार्य्य गर्नेलाई (उही) भनी गरेकाले उनले यसको अर्थ नबुझेको स्पष्ट हुन्छ । यसको अर्थ गर्दा गोविन्द टण्डन (२०५६:१३०)ले पहिलोपटक गाडुको अर्थै नगरी ढालरपेको अर्थ चढाउनु र दोस्रोपल्ट गायमा पानी चढाउन भनी लेखेका छन् । शरीरवाची, संस्कृतको गात्र शब्दसँग उनले गाडुलाई जोड्न पुगेको र ढालरपेको अर्थ हिन्दी क्रिया ढालनाको अर्थ पानी वा कुनै द्रवपदार्थ खसाल्नु भन्ने भएकोले भावार्थ गर्न खोजेको यताबाट देखिन गएको छ ।

गाडु ढालरपेको अर्थ मैले बुझेको छैन । प्राकृतमा ढल/ढाल/ढलइ धातु र ढालिअ शब्द पनि छ । यी देशी हुन् भनी तज्ज्ञहरूले लेखेका छन् । अघिल्लो धातुको पहिलो अर्थ टपकना, नीचे पडना, गिराना (तप्कनु, तल झर्नु, खसाउनु) पनि हो भनी हरगोविन्ददास त्रिकमचंद शेठ (१९८०:ढलको अर्थमा)ले लेखेका छन् र दोस्रो धातु अघिल्लो धातुको णिजन्त रूप हो भन्ने कुरा उनको लेखाइ (उही:ढालको अर्थमा)बाट बुझिन्छ । ढलइ धातुको अर्थ राल्फ लिली टर्नर (२०२३:५५८१ शब्दसङ्ख्या)ले फल्ज्, ड्रिप्स् (खस्छ, तप्कन्छ) भनी गरेका छन् । ढालिअ शब्दको अर्थ नीचे गिराया हुआ (तल खसाइएको) भनी हरगोविन्ददास त्रिकमचंद शेठ (१९८०: ढालिअको अर्थमा)ले लेखेका छन् । ढल/ढालबाट आएका फरक फरक रूप नव्य भारतीय आर्यभाषाहरूको प्रादुर्भाव हुनुभन्दा अगाडिको अपभ्रंशभाषामा चलेको कुरा थाहा हुन्छ ।* यी नै कारणले र हिन्दीमा ढालनाको अर्थ माथि भरखरै लेखे जस्तै पानी वा कुनै द्रवपदार्थ खसाल्नु भन्ने भएकोले गाडुको अर्थ नलागे पनि ढालरपेको अर्थ खन्याउने भनी गरेको छु ।

२६७. मूलमा ह्नस दामन ७ लिं पीट ङयाङाव ७ गावो पाटावो हेले छ । यसको अर्थ सिद्धिहर्ष वज्राचार्यले सात् दाम् पछिलाई ङ्याग षायेर पछ्यौरा वस्त्र फेरनु भनी गरेका छन् । सिद्धिहर्ष वज्राचार्यले लिंलाई लि र

* नरेश कुमार २०५५/५६:ढलइ, ढारिआ र ढालीको अर्थ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ङ्चाङ्गावलाई ङ्चाङ्गाव पढेकाले लिको अर्थ पछिलाई र ङ्चाङ्गावको अर्थ ङ्चाग षायेर (महेशराज पन्त २०६२:१७) भनी उनले गरेको देखिन्छ। यसरी अर्थ गर्दा उनले पीटको अर्थ छुटाएका र पाटालाई पाढा पढी त्यसको अर्थ वस्त्र भनी गरेका छन्। गोविन्द टण्डन (२०५६:१३०)ले चाहिँ यसको अर्थमा सात दामले कपडा फेर्नू भनी लेखेकाले लिं पीट ङ्चाङ्गावको अर्थ नगरी गा र पाटा यी २ शब्दको अर्थ वस्त्र लेखी चित्त बुझाएका छन्।

रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग (२०५६:२२३)ले चाहिँ यस वाक्यको अर्थ १ द्रम्मले पित्तलको पाता किनेर 'गार्वापारा' फेर्नु भनी गरेका छन्। धनवज्र वज्राचार्यको मध्यकालका अभिलेखसम्बन्धी अप्रकाशित पुस्तकको[१] आधार लिई उनीहरूले यो अर्थ गरेको कुरा त्यहीँ (उही:२३३ पृष्ठमा १२८ टिप्पणी) खुलाइएको छ। पुजारीलाई १ दम्म दक्षिणा दिने प्रसङ्गमा आएको १ अङ्क ह्लसको ठीक अगाडि छ। ७ बुझाउन अक्षरमा ह्लस मात्र कुँदी यही ताम्रपत्रमा अन्त अन्त अङ्क पनि कुँद्ने चलनको अनुसरण नभएकोले[२] त्यही १ को अङ्कले धनवज्र वज्राचार्यलाई भ्रम पारेको देखिन्छ। नेवारीमा पित्तललाई ली भनिने हुनाले मूलको लिंको पित्तल र पीटको अर्थ पाता गरी लिं पीटको अर्थ पित्तलको पाता र गावो पाटावोको ठाउँमा गार्वापारा पढी गार्वापारा भन्ने विचित्र शब्दको सृष्टि गरिएको देखिन्छ।[३]

नेवारीमा अर्थ खुलाइएको, *अमरकोष*को एउटा लेखोट पुस्तकमा मनुष्यवर्ग (२।६।११७)मा आएको प्रावारको अर्थ गा, अर्को एउटा लेखोट पुस्तकमा त्यही वर्ग (२।६।११८)मै आएका संव्यान र उत्तरीयको अर्थ गा र अरू ३ वटा लेखोट पुस्तकमा त्यही वर्ग (२।६।११८)मै आएका संव्यान उत्तरीय चोल र कूर्पासकलाई पर्याय मानी तिनको अर्थ गा (माथि § ७.४ मा ८ सङ्ख्या) भनी दिइएको छ। यताबाट गाले पछ्यौरा वा चोलो जस्तो आङ ढाक्ने वस्त्र बुझाउने देखिन्छ।

नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का कुनै कुनै लेखोट पुस्तकमा मनुष्यवर्ग (२।६।११९)मा आएको आप्रपदीनको अर्थ दिँदा भरीपनिस ৲ चोलैतो कोखा घाव पाता[४] वा यस्तै यस्तै अर्थ[५] दिइएको छ।[६] यस ताम्रपत्रमा आएको गाको महाप्राण घा र पाटाको पछिल्लो अक्षरको दन्त्य भई वनेको पाता यहाँ परेको स्पष्ट छ। नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का कुनै कुनै लेखोट पुस्तकमा मनुष्यवर्गमै आएका पादाग्र र प्रपद (२।६।७१)को अर्थ दिँदा चोले लेखिएकोले चोले/चोलैको अर्थ खुट्टाको टुप्पो भन्ने बुझिन्छ।[७] मनुष्यवर्गको एक ठाउँ (२।६।१३६)मा घाँटीदेखि सोझो गरी लट्काई लाइने प्रालम्ब भन्ने गहनाविशेष चढेको छ। नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का कुनै कुनै लेखोट पुस्तकमा प्रालम्बको अर्थ दिँदा गलस कोखाया[८] वा यस्तै यस्तै[९]

---

१. धनवज्र वज्राचार्यको त्यस अप्रकाशित पुस्तकको विषयमा रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६.२८५ हेर्नू।

२ माथि § ६ मा तेस्रो कण्डिका।

३. ताम्रपत्रको यस वाक्यमा परेका केही शब्द विकृत रूपमा कमलप्रकाश मल्ल आदि २०५७ मा चढेका छन्। तिनको अर्थ विग्रेको विषयमा महेशराज पन्त २०६२ ज:२३-२४ मा हेर्नू।

४. ए$_{२}$मा।

५. ए$_{२बी}$मा – भरिपनिस चोलेतों कोखा घाव पाता।

६. आप्रपदीनकै अर्थ दिँदा एउटा *अमरकोष*मा गूठि पुव लंगा (ए$_{६}$) अर्थात् गोलीगाँठासम्म ढाक्ने लहँगा र अर्को *अमरकोष*मा पातलृतों पोव पाछोड (ए$_{२बी}$) अर्थात् खुट्टासम्म ढाक्ने पछ्यौरा भनी लेखिएको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ।

७. ए$_{३}$ र ए$_{३ए}$मा।

८. ए$_{१}$ र ए$_{३ए}$मा।

ए$_{३}$मा – गलस कोषाया।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थ दिइएको छ।[१०] भरीपनिस चोलैतो कोखा घावको अर्थ यतिसम्मका कुरावाट स्वास्नीमान्छेहरूको खुट्टासम्म आउने लामो पारेर लाइने माथिल्लो वस्त्र भन्ने बुझिएको छ।

अब बाँकी रह्यो पाताको अर्थ।

नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकमा मनुष्यवर्ग (२।६।१११)मा आएका कौशेयं कृमिकोशोत्यम्को अर्थ दिँदा पाट/पाट्/पात[११] र त्यही सँगसँगै जस्तो आएको पत्रोर्ण धौतकौशेयम् (२।६।११२)को अर्थ दिँदा पाट/पाटा/पात[१२] भनी लेखिएकोले पाट/पाटा/पातले रेशमी कपडा बुझाउने भए तापनि त्यो अर्थ यहाँ प्रासङ्गिक छैन भन्ने कुरा अब देखाउनुपरेको छ।

ने.सं. ८०६ (वि.सं. १७४२) माघकृष्णपञ्चमीको दिन भक्तपुरका युवराज भूपतीन्द्र मल्लको व्रतवन्ध हुँदा भिक्षादानको रूपमा पठाइएका लुगाफाटा र कपडामा जरि बेतारि (जरी भरेको पगरी) र पावरि (अलखा)सँगै पित आएको छ।[१३] वटुकलाई व्रतबन्धमा दिइएको पित भन्ने कपडा यस ताम्रपत्रमा आएको पीटकै रूपभेद देखिन्छ।

९. ए६मा – गलपोतस कोषाया स्वान।
ए७मा – गलपोटस क्वंखाया स्वान।
वैकक्षिकं तु तत्। यत् तिर्यक् क्षिप्तमुरसि (*अमरकोष* २।६।१३६)को नेवारीमा अर्थ दिँदा पनि कोखा शब्द ती पुस्तकमा ठाउँठाउँमा आएको छ।

१०. देवतालाई चढाउनुपर्ने कुरामा कोखा गा ने.सं. ८२१ (वि.सं. १७५७) कार्तिकपूर्णिमाको कुम्भेश्वरको शिलापत्रमा आएको छ – थिरापूह्विसि कुह्नु श्री ३ हरसिद्धि भट्टारकासके पूजा जु १ फसि ह्मं* १ कोखा गा पु ५ दु ५ दक्षिणा भूय स्वहस्त वु रोव = धनवज्र वज्राचार्य २०५६:३२८-३२९ = २५५ सङ्ख्याको अभिलेखमा मूलका १५-१६ पङ्क्ति।

११. ए१ – पाट् वस्त्र।
ए३ए – पाट वस्त्र।
ए७ – पात वस्त्र।
ए८ – पात वसत।
ए२ – जंतुया पेंटन जायरपौ ↘ पाट आदिपं (जन्तुको पेटबाट निस्केका पाट आदि)।
ए२बी – जंतुया पेटन जायरपो ↘ पात आदीपं।
ए५ – जन्तुया प्यंटन जायरपु पात आदिपं।
ए६ – पाट कान दव (पाटको धागोबाट भएको)।
ए७ – पातकिमिया ↘ प्यंटन वव का (पाटको कीराको पेटबाट आएको धागो)।

१२. ए२ – हीया पाट (धोएको पाट)।
ए२बी र ए५ – हीया पात।
ए४ – पाटा

१३. ब्यहारिनीया ↘ त्वा १ जरि वेतारि ↘ पु १ पावरि ↘
जुजुया ह्योचोया ↘ लवतिनया था १ पित ↘
(चुन्दा वज्राचार्य २०५३:२८० = मूलको ३०५ ख पत्र)**

* त्यहाँ भ्रमवश हमं छापिएको छ।

** चुन्दा वज्राचार्यले मूलको पितलाई भ्रमवश पिट बनाइदिएकी छिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुजारी सबै, भँडेल सबै, बिसेत[२६८] सबै, गूठी[का] सबै जम्मा भई भोज गर्ने । दही, चिउरा, मासु एघाह्र दाम ११ ले पुऱ्याउने[२६९] ।

यो सबै [काम] चलाउनको लागि[२७०] आयस्ता भित्र्याएर राख्ने । मागल[२७१] तलको खेतको सुकेको धान

पीट ङ्याङाव ८ गावो पाटावो हेले भनी यस ताम्रपत्रमा लेखिएकोले **पीट** किनेर त्यसको गा र **पाटा** बनाउने भन्ने कुरामा शङ्का भएन । यस कारण गा र **पाटा** दुवै लुगा **पीटको** बनाउने स्पष्ट हुन्छ । यसैले यहाँ **पाटाको** अर्थ **रेशमी वस्त्र** भनी गर्न मिल्दैन । नेवारीमा शब्द छोट्याउने तथा **टलाई त** र **तलाई ट** लेखिएको जति पनि उदाहरण पाइने हुनाले **पिट/पीट** भनेको **पीताम्बर** देखिन गएको छ ।

गा भनेको **माथिल्लो वस्त्र** अर्थात् **उत्तरीय** भन्ने भएकोले गासँगै यहाँ आएको **पाटाले अन्तरीय** अर्थात् **अधोवस्त्र** बुझाएको स्पष्ट हुन्छ ।[1]

मूलको **ह्रस दामन ७ लिं पीट ङ्याङाव ८ गावो पाटावो** हेलेको अर्थ मैले **सात दामको पीताम्बर किनेर पछ्यौरा** र **तल्लो वस्त्र फेर्ने** भनी यहाँ गरेको छु । **लिंको** अर्थ **पछि** भन्ने देखिन्छ तापनि यसको प्रसङ्ग नमिलेकोले मैले यसको अर्थ नगरी यसै छोडिदिएको छु ।

२६८. मूलमा **ब्यष्ट** छ । *अमरकोष*मा आएको दूत शब्दको अर्थ नेवारीमा अर्थ खुलाइएका, *अमरकोष*का लेखोट पुस्तकमा **ब्यस्त** (माथि § ७.४ मा ३७ सङ्ख्या) भनी दिइएको यस प्रसङ्गमा चाखलाग्दो छ ।

२६९. मूलमा **हाने** छ । यस विषयमा २३३ सङ्ख्याको टिप्पणी हेर्नू ।

२७०. मूलमा **वसपेयातां** छ । सिद्धिहर्ष वज्राचार्यले यसको अर्थ **चलाउनालाई** (महेशराज पन्त २०६२:१७) र गोविन्द टण्डन (२०५६:१३०)ले **चलाउनू** भनी गरेका छन् । सम्प्रदानकारक **यातां** आएकोले गोविन्द टण्डनले विध्यर्थक **चलाउनू** भनी गरेको मिल्दैन भन्ने स्पष्ट छ । ने.सं. ७८७ (वि.सं. १७२४) को लक्ष्मीपूजाको प्रसङ्गमा एकचोटि र सुखरात्रिको प्रसङ्गमा अर्कोचोटि एउटा तात्कालिक टिपोटमा **मालकोपछि वस्पे** आएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[2] जितामित्र मल्लको पालाको धरःपौमा[3] र भूपतीन्द्र मल्लले न्यातपोल देवल बनाउँदा

१. वि.सं. १८६७ मार्गकृष्णसप्तमी आदित्यवारको पशुपतिसम्बन्धी लालमोहरमा संसारदेवीको पूजासम्वन्धी महल (गोविन्द टण्डन २०५६:३८१ = १४७ सङ्ख्याको अभिलेख)मा, त्यही मितिको संसारदेवीगूठीसम्बन्धी पत्र (महेशराज पन्त २०६२ ग:५३-५७ = १ सङ्ख्या = २६-२८ पङ्क्ति)मा र संसारदेवी गूठीका गुठियार सदानन्द वैद्यहरूले श्री ५ सरकारमा चढाएको लगतमुचुल्का (महेशराज पन्त २०६२ग:६०-६५ = ३ सङ्ख्या = ७२-७४ पङ्क्ति)मा माघकृष्णअष्टमीको दिन संसारदेवीको वर्षबन्धनपूजामा ३ थान धोती, ३ थान लहँगा र ३ थान पछ्यौरा चढाउनुपर्ने कुरा छ । यी वस्त्रमध्ये कुनै अन्तरीय र कुनै उत्तरीय भएकाले पनि गावो पाटावोको अर्थ गर्न हामीलाई सजिलो भएको छ ।

२. **ᳲ सम्वत् ७८७ ... आश्विनपूर्णिमा कुह्नु ॱ यवसि थाने ॱ लछितो मता बिय ॱ देवस्के लक्ष्मीपूजा मालको वस्पे ॱ सुखरात्रियाता मालको वस्पे ॱ सुखरात्रि कुह्नु ॱ राजस कु छोय ॱ सगोन ॱ धरिपात ४ घेल साखर ॱ म्वाच ॱ चि ॱ पालु ॱ बजि ॱ फं २ धरिपात ४ सेसा दवततिन ॥**

(जी ठ्यासफू = डिल्लीरमण रेग्मी २०२३:२ खण्डको १०८)

३. ने.सं. ८०१ (वि.सं. १७३८) आषाढशुक्लषष्ठीको धरःपौ = चुन्दा वज्राचार्य २०५३:१०९ = मूलको १८६ क पत्रमा पीठिपूजा **वसपेयाता** लेखी पूजासामानको लगत दिइएको छ ।

ने.सं. ८०४ (वि.सं. १७४०) फाल्गुनशुक्लपञ्चमीको धरःपौ = उहीः१८९ = मूलको २४२ ख पत्रमा **सम्बत् ८०४ फाल्गुनशुदि ५ आदित्यवार कुह्नु श्रीश्रीभूपतिन्द्र मल्लदेवया चूडाकर्ण्णया ॱ पिठिपूजायाता वसपे** लेखी पूजासामानको लगत दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टिपिएको धरोतमा[४] पनि ठाउँठाउँमा वसपे आएको छ । वसपेको वास्तव अर्थ के हो भन्ने मलाई थाहा छैन । अहिलेको लागि सिद्धिहर्ष वज्राचार्यकै अर्थको अनुसरण यहाँ मैले गरेको छु ।

२७१. श्रीअर्द्धशालाको (श्रीअर्द्धसालाया) मागलस्थानमा (मागलस्थाने) बस्ने एउटी मालिनी (मालाकारनी)लाई त्यहींकै एउटा माली (मालाकर:)ले जग्गा बेचेको र मागलकै अरू चार जना माली (मालाकार) साक्षी बसेको कुरा ने.सं. ५४९ (वि.सं. १४८५) चैत्रकृष्णचतुर्थीको एउटा लिखतपत्रमा छ ।[५]

काठमाडौं अटकोटोलका एक जना मानन्धरको जग्गाको लिखतपत्र नष्ट हुँदा ने.सं. ५६४ (वि.सं. १५०१) चैत्रकृष्णचतुर्थीको दिन तयार गरिएको अर्को लिखतपत्रमा त्यस जग्गाको भोगचलन गर्ने भनी मागलमा बस्ने काकाभतिजा माली (मालाकार)को नाउँ आएको छ ।[६]

अर्द्धशालामा (अर्द्धसालायां) श्रीमागलस्थानमा (श्रीमागलस्थाने) बस्ने माली (मालाकार)का दाजु, भाइ र भतिजा मिली जग्गा बेचेको कुरा ने.सं. ५६६ (वि.सं. १५०३) श्रावणकृष्णषष्ठीको एउटा लिखतपत्रमा छ ।[७]

टेवहाल (तेदोवहार)का एउटा अवाले (शृंखलीकार)ले आफ्ना नातिलाई मागल नल (मागल को) खेत वन्धकी राखेको कुरा ने.सं. ५७० (वि.सं. १५०७) श्रावणशुक्लसप्तमीका २ वटा लिखतपत्रमा छ ।[८]

मागलको अवस्थितिको लागि नील्स गुत्शो २०३३:८९-९२ हेर्नू ।

ने.सं. ८०५ (वि.सं. १७४१) माघशुक्लपञ्चमीको धर:पौ = उही:२३५ = मूलको २७६ ख पत्रमा सं ८०५ माघशुदि श्रीपंचमी ⸌ बृहस्पतिवार ⸌ श्रीश्रीसुमतिजयजितामित्र मल्लनं ⸌ गाठ दुताया वसपे ⸌ चोनस याता श्री ३ नाटेश्वरसके लेखी पूजासामानको लगत दिइएको छ।

ने.सं. ८०७ (वि.सं. १७४४) आषाढकृष्णद्वादशीको धर:पौ = उही:३२९ = मूलको ३३७ ख पत्रमा सम्बत ८०७ आषाढबदि १२[१] करूणया विधि वसपे लेखिएको छ।

४. ने.सं. ८२२ (वि.सं. १७५९) ज्येष्ठशुक्लचतुर्थीको धरोत = जनकलाल वैद्य २०६१:१३४ = मूलको ९३ ख पत्रमा अक्षत फं १० पूजा वस्पाया[२] थिक लेखिएको छ।

ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखकृष्णसप्तमीको धरोत = उही:१६२ = मूलको ११० ख पत्रमा वैशाखकृष्ण ⸌ सप्तमी कुहु ⸌ मंडप गोया ⸌ मण्डप गोययातं वसपे लेखी सामग्रीको फेहरिस्त दिइएको छ।

ने.सं. ८२२ (वि.सं. १७५९) ज्येष्ठशुक्लषष्ठीदेखिको धरोत = उही:१७१ = मूलको ११६ क पत्रमा होम जोरण वसपे लेखी सामग्रीको फेहरिस्त दिइएको छ।

५. महेशराज पन्त २०५७ क:३० = ३६ सङ्ख्या।

६. उही २०५७ ख:१५-१६ = २१ सङ्ख्या।

७. उही:२० = २७ सङ्ख्या।

८. उही:२५-२७ = ३५ र ३६ सङ्ख्या।[३]

---

१. त्यहाँ ८०६ आषाढ वदि २ छापिएको छ। मूलमा हेर्दा ८०७ भएकोले माथि सच्याइएको हो। चुन्दा वज्राचार्य २०४१:३३ मा पनि यो अंश छापिएको छ। त्यहाँ ८०७ आषाढ वदि १२ छापिएको छ। हामीले मूल पल्टाउंदा खालि संवत्मा मात्र ध्यान दिएका थियौं। चुन्दा वज्राचार्य २०४१ र २०५३ यहां वाभेकाले संवत्को हकमा अघिल्लो पुस्तक शुद्ध देखिएकोले तिथि पनि त्यहीं दिइएको ठीक होला भन्ने सम्झी माथि द्वादशी लेखिएको हो।

२. एकारान्तको सट्टा आकारान्त रूप आए पनि प्रकृति उही हो भन्ने ठानी यो पनि यहां हालिएको हो।

३. ३६ सङ्ख्याको लिखतपत्रमा मागल को हुनुपर्नेमा भ्रमवश सागलको (मूलको २ पङ्क्ति) पढिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाथी पचास पाथी ५० मात्र कूत लिने । ननिसाल[२७२]को बढंदाम शिवका[२७३] चार ४ मात्र लिने । खेत रोपनी १६ म्वाढंगाह्न तलको, खेत रोपनी ३ वंधबु,[२७४] खेत रोपनी १५ कांड्वं तलको, खेत रोपनी ११ वंटाबु,[२७५]

२७२. पिशाचचतुर्दशीको दिन लुमडीमा गरिने विशेष पूजाको व्यवस्था गर्न यक्ष मल्लले गरिदिएको, ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुन ... को एउटा लिखतपत्रमा **ननिसाल**को खेत पनि गूठी राखेको कुरा परेको छ ।[1]
बिक्री भएको एउटा वाटिका/वल (बारी)को चारकिल्ला खुलाउँदा ने.सं. ५७८ (वि.सं. १५१४) कार्तिकअमा-वास्याको एउटा लिखतपत्रमा **ननिसालगोष्टि**को वाटिकाको चर्चा सिमानाको रूपमा आएको छ ।[2]
ने.सं. ६२६ (वि.सं. १५६२) कार्तिकशुक्लद्वादशीको एउटा लिखतपत्रमा **ननिसाल पिंथ्या** भन्ने ठाउँको एउटा वाटिका/वल बिक्री भएको कुरा आएको छ ।[3] **ननिसाल पिंथ्या**को वाटिकासम्बन्धी मूल पत्र हराउँदा यो शोधपत्र लेखिएको हो भनी ने.सं. ६२६ (वि.सं. १५६२) मार्गकृष्णतृतीयाको एउटा लिखतपत्रमा लेखिएको छ ।[4]

२७३. यस टकको विषयमा महेशराज पन्त छापिन बाँकी णमा लेखिएको छ ।

२७४. ने.सं. २३५ (वि.सं. ११७१) मार्गकृष्णचतुर्थीको[5] पाटनको एउटा लिखतपत्रमा **वन्धबुविहार**को चर्चा आएको छ । हेमराज शाक्य (२०३७:७)ले अघिल्लोको पाठ **वन्धवुविहार** र पछिल्लोको चाहिँ **वंषवु विहार** पढेका छन् । धनवज्र वज्राचार्य (२०४१:१४)ले अघिल्लोको पाठ **वन्धवुविहार** र पछिल्लोको चाहिँ **बंधवु विहार** तथा उल्था गर्दा पहिलोपटक वन्धवु विहार र दोस्रोपटक वंधवु विहार लेखेका छन् । कमलप्रकाश मल्ल (२०४६/४७:२०)ले अघिल्लोको पाठ **बन्धुबुविहार** र पछिल्लोको चाहिँ **बंधबुविहार** तथा उल्था गर्दा अघिल्लोमा **बन्धुवुविहार** र पछिल्लोमा **बन्धवुविहार** (उही:१७) र शब्दसूची तथा त्यसको अर्थ दिँदा **बन्धुबुविहार** (उही:२३) लेखेका छन् । काशीनाथ तमोट (२०५८:६)ले अघिल्लोको पाठ **बन्धवुविहार** र पछिल्लोको चाहिँ **बंधबुविहार** पढेका छन् । मूलको चित्र हेर्दा अघिल्लोमा **वन्धवु°** (१ पङ्क्ति) र पछिल्लोमा **वंधवु°** (२ पङ्क्ति) स्पष्ट देखिन्छ । नेवारी लिपिमा सामान्यतया **ब** र **व**मा भेद नहुने हुनाले अर्थानुरोधले **ब** र **व** छुट्ट्याउनुपर्छ भनी भनिरहनुपर्दैन । यस पदका अघिल्ला २ अक्षरको अर्थ मलाई नलागेको हुनाले आद्याक्षरलाई **व** पढेको हुँ र पछिल्लो अक्षर खेतको अर्थमा आएकोले **बु** पढेको हुँ । यस लिखतपत्रमा आएको **वन्धबु/वंधबु** र यस ताम्रपत्रमा आएको **वंधबु** उही ठाउँ जस्तो देखिन्छ ।

२७५. पशुपतिको ईशानमूर्तिको पुजारीको खानगी २८४ रोपनी ८ आना जग्गा (गोविन्द टण्डन २०५६:३६९)मध्ये **बटावु**को ७ रोपनी (उही:३७०), पशुपतिका एक जना बहीदारको खानगी २९ रोपनी ८ आना जग्गामध्ये त्यहींको डेढ रोपनी (उही:३७१), पशुपतिका बिसेट सिख्वालको खायल १४ रोपनी १२ आना जग्गामध्ये त्यहींको ४ आना (उही), पशुपतिका बिसेट जगन्नाथ सिंहको खायल १२ रोपनी ८ आना जग्गामध्ये त्यहींको ४ आना (उही), बिसेट लक्ष्मीनारायणको खायल १३ रोपनी ४ आना जग्गामध्ये **बढावु**को ४ आना (उही), बिसेट मटङ्को खायल १२ रोपनी ९ आना जग्गामध्ये **वटाखु**को ४ आना (उही:३७२), बिसेट धनको खायल १४ रोपनी १० आना जग्गामध्ये **पतावु**को ४ आना (उही:३७२), बिसेट ककु सिंहको खायल[6] (उही:३७२)मध्ये

---

१. उही २०५६:११ = १ सङ्ख्या ।

२. उही २०६२ क:१८-१९ = १ सङ्ख्या ।

३. उही २०६२ ख:३२-३३ = २ सङ्ख्या ।

४. उही:३३-३४ = ३ सङ्ख्या ।

५. हेमराज शाक्य (२०३७:७)ले तिथि **चतुर्दश्याम्**, धनवज्र वज्राचार्य (२०४१:१४)ले **चतुर्थ्यां**, कमलप्रकाश मल्ल (२०४६/४७:२०)ले **चतुर्दश्याम** र काशीनाथ तमोट (२०५८:६)ले **चतु(र्द)श्या** भनी पढेका छन् । मूलको चित्र हेर्दा **चतु**पछिको लगत्तैको १ अक्षर त्यति स्पष्ट छैन र त्यसपछिको १ अक्षर त पूरै गएको छ । त्यो अस्पष्ट अक्षर **र्थ्यां** वा **र्द** जस्तो देखिँदैन । मैले धनवज्र वज्राचार्यको पाठको अनुसरण गरी **चतुर्थी** भनी माथि लेखेको हुँ ।

६. यी बिसेटको खायल जग्गा जोडेको अङ्क त्यहाँ छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खेत रोपनी ९ म्वाढगाह्न, खेत रोपनी १२ पेकबहार तलको, खेत रोपनी ३ पेकबाहार तलको, खेत रोपनी ९ म्वाढगोह्न ।

यति आयस्तामा [कसैलाई] लोभ र मोहले[२७६] ग्रस्त गऱ्यो भने [र] आयस्ताले पुगे जस्तै, लेखिएको जात गूठले मतलब राखेन भने श्रीश्रीश्रीपशुपतिको निग्रह लाग्ने भयो ।

बटावुको ५ आना (उही:३७३), पशुपतिका एक जना भँडारीको खायल २९ रोपनी ७ आना जग्गामध्ये त्यहींको ३ रोपनी (उही:३७३), अर्का भँडारीको खायल ३२ रोपनी जग्गामध्ये त्यहींको ५ रोपनी (उही:३७३) भएको कुरा पशुपतिमा गूठी राखिएका खेतको आयस्ताले परम्परादेखि चलिआएका, पशुपतिका नित्यनैमित्तिक पूजाभोग चलाउने व्यवस्था गरी जारी गरिएको वि.सं. १८६७ मार्गकृष्णसप्तमीको एउटा लालमोहरमा लेखिएको छ ।

गोविन्द टण्डनले छपाएको यो पाठ मूल लालमोहरको नभई नकलको भएकोले (उही:३६५) र कारिन्दा-लेखाइमा त र टको खास विचार नराखिने भएकोले, पुराना कागजातमा ब र वको त्यति बिदि हेक्का नराखिने भएकोले, कारिन्दा अक्षरमा ट र ढमा खास फरक नदेखिने भएकोले, ब/वलाई प पढेको देखिएकोले[१] र ब/वलाई ख पढेको उदाहरण मैले नभेट्टाए पनि खलाई प पढेको उदाहरण भेट्टाएकोले[२] यहाँ ठाउँको नाउँ पतावु, बटावु, बढावु, वटाखु आए पनि नकल सार्नेले वा नकलको पनि नकल सार्नेले एउटै ठाउँको नाउँ फरक फरक गरी पढेको देखिन्छ । यक्ष मल्लले आफ्नी आमाको पशुपतिमा प्रतिमास्थापना गरी गूठी राख्दा लेखिएको वंटाबु शब्द नै पछि गएर वटाबु भएको हो कि भन्ने अनुमान हुन्छ । वंटाबुको शब्दशः अर्थ पूर्वको खेत भन्ने हुन्छ ।

२७६. मूलमा लोभामोहोन छ । लोभामोहो ठीक यही समस्तपद वा केही फरक रूपमा आएका लोभामोह वा लोभमोहो अन्यत्र पनि आएको कुराको चर्चा गर्नु यस प्रसङ्गमा राम्रै होला –

ने.सं. ५७० (वि.सं. १५०६) मार्गकृष्णएकादशीको, ताडपत्रमा लेखिएको लिखतपत्र[३]का

४-५ पङ्क्तिमा – भाषा ៶ लोभामोहन ៶ सोस्यं सा काले दोर द्वादश शिवकाङ्के च गुन्दाम शिवका १२ थ्व दोल सोस्यं साग्वसके । सदिस्यंनो काय तेव जुरो៶ ॥

ने.सं. ५७१ (वि.सं. १५०७) पौषपूर्णिमाको, ताडपत्रमा लेखिएको लिखतपत्र[४]को

३ पङ्क्तिमा – विनंवी ៶ लोभामोहन ៶ केत मयाङ कायेे मतेव जुरो៶ ॥

ने.सं. ६१४ (वि.सं. १५५१) भाद्रशुक्लचतुर्थीको ताम्रपत्र[५]का

५-७ पङ्क्तिमा – दानपत्र सासनस चोस्यं तक्व मनिस्तरपं छेद्र या काले लोभामोहो या काले श्रीश्रीश्रीयक्षेश्वरस निग्रह ៶ ब्रह्महत्या आदिनं पंचमाहापातक लाक छेद्र मयास्यं लोभामोह मयास्यं निस्तरपं यं काले उत्तोत्तर ៶

ने.सं. ७८७ (वि.सं. १७२४) वैशाखकृष्णएकादशीको शिलापत्र[६]का

३१-३२ पङ्क्तिमा – बाहारया देवया तिसा दको तिराहिरा वस्तु दको सुनानं लोभामोह यातसा पञ्चमहापातक लाक जुरो ॥

१. महेशराज पन्त २०५७:§ १.९.१.५.९.२-३ = २६३-२६४ ।
२ उही:§ १.८.२१.२.२ = २३६ ।
३ उही २०५७ ख:२४ = ३३ सङ्ख्या ।
४. उही:२८-२९ = ३९ सङ्ख्या ।
५. भोलानाथ पौडेल २०२२:१९-२० ।
६. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:१३०-१३४ = ३३ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वर्गे भइवक्सेका मुमा [संसार]देवीको लखले श्रीश्रीजयजक्ष मल्लदेव प्रभु ठाकुर[२७७] र श्रीश्रीजयजीव मल्लदेव प्रभु ठाकुर[२७७] दुवैबाट चढाइएको भयो । अन्नदान आदिले यति दानको फलले मुमा संसारदेवी ठकुर्नीलाई शिवलोक विष्णुलोक प्राप्त होओस् ।

ने.सं. ८६१ (वि.सं. १७९८) भाद्रपूर्णिमाको शिलापत्र[१]का

७-८ पङ्क्तिमा – लोभमोहोन मयाकरसा ৲ थ्व फलेचा सुनानं सेनकरसा ओयातं पंचमहापातक लाक जुरो

२७७. मूलमा ठाकूर छ । यसका स्त्रीलिङ्गी रूप पनि **ठकुरिणी** (६, ७, ८ र १४ पङ्क्तिमा), **ठकूरिणि** (२१ पङ्क्तिमा) र **ठकूरिणी** (९ पङ्क्तिमा) यस ताम्रपत्रमा आएका छन् । नेवार मल्लहरूका राजकीय अभिलेखका नेवारी खण्डमा राजाको नाउँथर दिएपछि यस ताम्रपत्रमा जस्तै **प्रभु ठाकुर** अवश्यमेव लेखिएको हुन्छ भनी भने हुन्छ । *अमरकोष*का यी

स्वामी त्वीश्वरः पतिरीशिता ॥

अधिभूर्नायको नेता प्रभुः परिवृढोऽधिपः । (३।१।१०-११)

शब्दको अर्थ **ठाकुर/थाकुर**,[२] **राजा**,[३] **राज पवु**[४]/**राज पु**[५] वा **अधिपति**[६] भनी नेवारी अर्थ दिइएका, *अमरकोष*का पुस्तकमा दिइएको छ । मल्लकालका अभिलेखमा राजा वा मालिकको अर्थमा **ठाकुर** शब्दको प्रयोग भएको यताबाट देखिन्छ ।

संस्कृतका नयाँ शैलीका कोषमा **ठाकुर**को पूर्वरूप **ठक्कुर** शब्द संस्कृतका पछिल्ला ग्रन्थका आधारमा चढेको छ ।[७] प्राचीन शैलीका संस्कृत कोषहरूमा मैले यो शब्द देखेको छैन । यो शब्द भाषान्तरबाट संस्कृतमा आएको हो भन्ने पनि एक थरी मत छ ।[८] प्राकृतमा **ठक्कुर**[९] र नव्य भारतीय आर्यभाषामा यसका थरीथरीका रूप चलेका छन् ।[१०] खस मल्लहरूका राजकीय अभिलेखका लोकभाषाखण्डमा कहीं कहीं **ठाकुर** शब्द आउँछ । कहीं त्यो शब्द **राजा** बुझाउन[११] र कहीं थरको रूपमा[१२] पनि आएको देखिएको छ । यस शब्दले रजपूतलाई पनि बुझाउँछ । क्षत्रीको माथिल्लो जात **ठकुरी** यही शब्दको विकसित रूप हो ।

---

१. *केही मध्यकालीन अभिलेख* २०५७:५-६ = ३६ सङ्ख्या ।
२. माथि § ७.४ मा २३ सङ्ख्या ।
३. $ए_३$ मा ।
४. $ए_१$ मा ।
५. $ए_{३ए}$ मा ।
६. $ए_{२वी}$ मा ।
७. उदाहरणको लागि
राधाकान्तदेव १९४३ (२०२४) मा **ठक्कुरः**, ओतृतो ब्योत्‌लिङ्क र रूदोल्फ रोथ १९१८ मा, तारानाथ भट्टाचार्य २०२६ मा र मोनियर मोनियर-विलियम्ज १९५६ मा **ठक्कुर** ।
८. राल्फ लिली टर्नर २०३० मा **ठक्कुर** ।
९. उही ।
१०. होरेस हेमन विल्सन १९११:५१७ ।
राल्फ लिली टर्नर २०२३ मा **ठक्कुर** ।
११. **धर्म्मको निको टाकुर । पुण मल्लको अदिस पुर्वतिर लाया** (गोरखा अठारसयखोला साम्दुगाउँको पुण्य मल्लको (वि.सं. १३९४ को) ताम्रपत्र = दिनेशराज पन्त २०४५:६४९ मा ४ सङ्ख्या ।)*
१२. **साक्षिण गज ठाकुर पुड चोषाल पद रैय** (डोटी निरौलीका डिल्लीराज भण्डारीकहाँ रहेको, निरयपालको शाके १२७४ (वि.सं.

---

* यहाँ ठाकुर नभई टाकुर भएकोले ताम्रपत्र कुँदनेले गल्ती गरेको हो कि जस्तो देखिन्छ तापनि शाके १४०३ (वि.सं. १५३८) मार्गकृष्णद्वादशीको ताम्रपत्र (१२ सङ्ख्याको उपटिप्पणी)मा पनि टाकुर नै आएकोले र दरदभाषावर्गको खोवार भाषामा ठक्कुरबाट आएको तकुर शब्द (राल्फ लिली टर्नर २०३० मा ठक्कुर) यस प्रसङ्गमा सम्झनु योग्य छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भुजा लान थाल एउटा १, बत्ती उठाएर लान काँसको बांदलू[२७८] एउटा १, सिधा लान सानो थाल[२७९] एउटा १, तेल हाल्ने काँसको भाँडा[२८०] एउटा १ । यति गूठीमा रहेको ।

---

२७८. मूलमा **बांडलठु** छ । बत्ती बाल्ने यस्तो भाँडोको विषयमा महेशराज पन्त छापिन बाँकी तमा खुलाइएको छ ।

२७९. मूलमा सं भोचा छ । सिद्धिहर्ष वज्राचार्यको पाठमा **स भोचा** छ र **सानु थाल्** (महेशराज पन्त २०६२:१७) भनी उनले यसको अर्थ गरेका छन् । गोविन्द टण्डन (२०५६:१२९)कोमा सानुस्वार **संभोचा** छ र उनले यसको अर्थ **थाल** भनी गरेका छन् । कमलप्रकाश मल्ल आदि २०५७ मा यही ताम्रपत्रको आधारमा **संभोचा** शब्द चढाइएको छ र त्यसको अर्थ अ **स्मल् प्लेट्** (सानो रिकाबी) भनी गरिएको छ । त्यही कोषमा अरू आकरको आधारमा त्यही अर्थमा **भुचा** र **भोचा** चढेका छन् । यताबाट **भोचा** र **सं भोचा** पर्याय देखिन गए । कमलप्रकाश मल्ल आदि २०५७ मा **संभोचा**को अर्को उदाहरण दिन नसकेकोले मैले मूलपाठमा **सं**सँग **भोचा**लाई जोडिनँ तापनि त्यसको वास्तव अर्थ के हो भनी भन्न सक्ने स्थितिमा पनि म अहिले छैनँ ।

तामाको सानो थाल भन्दा **शिजल भोचा**[१४] र पित्तलको सानो थाल भन्दा **लिल भोचा**[१५] अन्यत्र आएकोले **सं** शब्दले जसबाट थाल बनेको हो, त्यसलाई बुझाएको हो कि जस्तो मलाई लाग्छ ।

२८०. मूलमा **सोपारि** छ । *अमरकोष*को वैश्यवर्ग (२।९।३३)मा आएको **कुतूः कृत्तेः स्नेहपात्रम्** (तेल हाल्ने छालाको भाँडो कुतू कहिन्छ)को अर्थ *अमरकोष*को नेवारीमा अर्थ खुलाइएका लेखोट पुस्तकमध्ये कसैमा **सौ कुरु**[१६]/**सौ कुरू**[१७] कुनैमा **चेकन कुरु**[१८] र कुनैमा **चेकन थल**[१९] लेखिएकोले **चेकन**ले तेल बुझाए जस्तै **सौ**ले पनि तेलै बुझाउँथ्यो भन्ने स्पष्ट हुन्छ । पुराना लिखतमा **सुपारि**,[२०] **सूपालि**,[२१] **सुत्वाक**,[२२] **शुत्वाक**[२३] आदि शब्द भेटिन्छन् । तिनको

१४०९) कार्तिककृष्णपञ्चमीको ताम्रपत्र । नरहरिनाथ २०३१:१ र शङ्करमान राजवंशी २०३१-२०३४:१२३ मा यो प्रकाशित छ । दुवैको पाठमा ठाउँठाउँमा अशुद्धि छ । मूल ताम्रपत्रको फोटोसँग रुजू गरी यो पाठ दिइएको हो) ।

भरा ९॥ भेठ राकि फरिको नालि ४ दोनाडिकि फरिको भरिको १ काल टाकुरको पवोटासहित सर्वकरअकर सर्वश्रोत्रविवजित आकाशको ढिढा पातालकि निधि घालि रैकाज्युका रोतेलीकं रोतेल दिनु (कैलाली धनगढीका डिल्लीराज भण्डारीकहाँ रहेको, कीर्ति मल्लको शाके १४०३ (वि.सं. १५३८) मार्गकृष्णद्वादशीको ताम्रपत्र । राजाराम सुवेदी २०५६:३६४ = १५१ परिशिष्टमा यो प्रकाशित छ । त्यस पाठमा ठाउँठाउँमा अशुद्धि छ । मूल ताम्रपत्रको फोटोसँग रुजू गरी यो पाठ दिइएको हो ।) भरखरै माथि गरिएको उद्धरणबाट त्यहाँ **ठाकुर** नभई **टाकुर** भएको स्पष्ट हुन्छ ।

[...] जश ठाकुर राम वोरो नार चोषाल जश वाग शिगार वोरो रुद वोरो [...] (कैलाली धनगढीका डिल्लीराज भण्डारीकहाँ रहेको, प्रताप मल्लको शाके १४२८ (वि.सं. १५६३) भाद्रशुक्लअष्टमीको ताम्रपत्र । राजाराम सुवेदी २०५६:३६१-६२ = १४५ परिशिष्टमा यो प्रकाशित छ । त्यस पाठमा ठाउँठाउँमा अशुद्धि छ । मूल ताम्रपत्रको फोटोसँग रुजू गरी यो पाठ दिइएको हो) ।

१४. धनवज्र वज्राचार्य २०५६:११९ = ७७ सङ्ख्याको अभिलेखमा मूलको १४ पङ्क्ति ।

१५. मोहनप्रसाद खनाल २०४०:३३२ = १५२ सङ्ख्याको अभिलेखमा मूलको ३ पङ्क्ति ।

१६. ए$_{५}$ मा ।

१७. ए$_{२}$ मा ।

१८. ए$_{२}$बी मा ।

१९. ए$_{७}$ मा ।

२०. गोविन्द टण्डन २०५६:१४६ = अभिलेखखण्ड (क)को ९, परिशिष्टमा मूलको ३ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सबै प्राणीहरूको शुभ होओस् ।

गाडु खन्याउनको लागि खेत[२८१] रोपनी १२ स्वाढगाह्न[को] रावल हयि आदि पुजारी सवैलाई ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको अर्को थप तालिका

चुन्दा वज्राचार्य २०४१

= नेसं. ११०५ (वि.सं. २०४१) मा नेपालभाषा अध्ययन व अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, चुन्दा वज्राचार्यको *मल्लकालया छुं संस्कृति* (मल्लकालका केही संस्कृति)।

जी ठ्यासफू

= डिल्लीरमण रेग्मी २०२३:२ खण्डका १०७-११० पृष्ठमा प्रकाशित जी ठ्यासफू।

ज्ञानमणि नेपाल २०५२

= वि.सं. २०५२ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* १५८ पूर्णाङ्कका १०-१३ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *न्यायविकासिनी (मानवन्यायशास्त्र)का रचनाकार को हुन् ?*

दिनेशराज पन्त २०३७

= वि.सं. २०३७ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालय ने.इ.सं. र पुरातत्त्वशिक्षणसमितिको इतिहासशिक्षणसमितिद्वारा प्रकाशित, त्रिरत्न मानन्धरद्वारा सम्पादित *नेपालको इतिहासका विवादास्पद विषयहरू*का १५-३६ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *टिप्पणी*।

दिनेशराज पन्त २०४०

= नयराज पन्त २०४३:४११-४३७ मा छापिएको, दिनेशराज पन्तको *टिप्पणी*।

अर्थ मोहनप्रसाद खनालले एक ठाउँमा तेल हाल्ने भाँडो[२४] र अर्को ठाउँमा सुपारी[२५] तथा गोविन्द टण्डनले चाहिँ सर्वत्र तेलपात्र[२६] भनी गरेका छन् ।

२८१. मूलमा खेत बुझाउने बुको अगाडि दि आएको छ । यो दि के हो मलाई थाहा छैन । ने.सं. (८)६६ (वि.सं. १८०३) आश्विनको[२७] एउटा लिखतपत्रमा भनसार धि बु[२८] आएको छ । भनसार त भन्सारअड्डा वा त्यो अड्डानजीकै रहेको ठाउँको नाउँ हुन गएको इलाका भइहाल्यो, धिको अर्थ के हो वुझिएन । हाम्रो ताम्रपत्रमा आएको अल्पप्राण दि र त्यस लिखतपत्रमा आएको महाप्राण धिको कतै सम्वन्ध छ कि ।

उही:१४९ = अभिलेखखण्ड (क)को १२ परिशिष्टमा मूलको ३ पङ्क्ति ।

२१. मोहनप्रसाद खनाल २०४०:२७८ = ११४ सङ्ख्याको अभिलेखमा मूलको ३ पङ्क्ति ।

२२. उही:२५८ = ९८ सङ्ख्याको अभिलेखमा मूलका ३-४ पङ्क्ति ।
गोविन्द टण्डन २०५६:१५२ = अभिलेखखण्ड (क)को १५ परिशिष्टमा मूलको ४ पङ्क्ति ।

२३. गोविन्द टण्डन २०५६:१५३ = अभिलेखखण्ड (क)को १६ परिशिष्टमा मूलको ४ पङ्क्ति ।

२४. मोहनप्रसाद खनाल २०४०:२५९ ।

२५. उही:२७८ ।

२६. गोविन्द टण्डन २०५६:१४६, १४९, १५२, १५३ ।

२७. लिखतपत्र खण्डित भएकोले पूरा तिथिमिति दिन सकिएन ।

२८. महेशराज पन्त २०५२:३८ = २९५ सङ्ख्याको लिखतपत्रमा मूलको ३ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनेशराज पन्त २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा म्यूनिखबाट एर. ओल्देनबुर्ग फेर्लागद्वारा प्रकाशित, वेर्न्हार्त कोल्फर[1]द्वारा सम्पादित *रेख्त्, श्तात् उन्द् फेर्वरल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/ द स्टेट, द ल, यान्ड् अड्मिनिस्ट्रेशन् इन् क्ल्यास्इक्ल् इन्डिअ* (प्राचीन भारतवर्षमा कानून, राज्य र शासन/प्राचीन भारतवर्षमा राज्य, कानून र शासन)का १३५-१५८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दि इन्स्टिटयुशन् अफ् स्लेभ्अरि इन् नेपाल् यान्ड् इट्स् अन्यालसिस् बेस्ड् अन् द धर्मशास्त्रज्* (नेपालमा दासप्रथा र यसको धर्मशास्त्रमा आधृत विश्लेषण)।

धरोत

= भूपतीन्द्र मल्लले न्यातपोल देवल बनाउँदा टिपिएको धरोत = राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तकको १ को १११५ सङ्ख्याको *सिद्धाग्निकोटयाहुतिदेवलप्रतिष्ठा* = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए २५७/५। यसको फोटो र पाठ जनकलाल वैद्य २०६१ मा प्रकाशित छ।

धुंडिराज लक्ष्मण २०३४-३५

= पूनावाट एस्.के. कौशिकद्वारा प्रकाशित, धुंडिराज लक्ष्मणको *शके १९०० कालयुक्तनाम संवत्सरे संवत् २०३४ शुक्लनाम संवत्सरे इ.स. १९७८-७९ २०३५ प्रमोदनाम संवत्सरे* भनी मुखपृष्ठमा लेखिएको शाके १९०० (वि.सं. २०३४-३५) को पात्रो।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्त[2]को *लिच्छविसंवत्को निर्णय*।

न्यायविकासिनी

= मणिकमा हेर्नू।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७

= वि.सं. २०१७ मा काठमाडौंबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन ५१ क्रमागत संख्या*।

मणिक *न्यायविकासिनी*

= वि.सं. २०४४ मा काठमाडौंबाट नेपालभाषा परिषद्द्वारा प्रकाशित, शान्तहर्ष वज्राचार्यको लुन्तभद्र वज्राचार्यया:-[3] *न्यायविकासिनी (मानव न्यायशास्त्र)* (लुन्तभद्र वज्राचार्यको *न्यायविकासिनी* (*मानवन्यायशास्त्र*))।

महेशराज पन्त २०६० ख

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ४३-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *दुर्गानाथी देव गिरिले राखेको शिलापत्र*।

शंकर बालकृष्ण दीक्षित १९८८

= शाके १८५३ (वि.सं. १९८८) मा पूनावाट अनन्त विनायक पटवर्धनद्वारा प्रकाशित, शंकर बालकृष्ण दीक्षितको *भारतीय ज्योतिःशास्त्र* २ संस्करण।

शंकर बालकृष्ण दीक्षित २०१३/१४

= शंकर बालकृष्ण दीक्षितको *भारतीय ज्योतिःशास्त्र*को शिवनाथ झारखण्डीले उल्या गरी ई.सं. १९५७ (वि.सं. २०१३/१४) मा उत्तर प्रदेशबाट सूचनाविभागको प्रकाशन ब्यूरोद्वारा प्रकाशित *भारतीय ज्योतिष*।

शान्तहर्ष वज्राचार्य २०४४

= मणिकमा हेर्नू।

---

१. यसमा सहायक एलिजाबेथ म्यूलर-लुक्नर।

२ यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने।

३. मणिकले नेवारीमा बनाएको *न्यायविकासिनी* अमात्य जयत वर्माको लागि लुन्तभद्र वज्राचार्यले सारेको भनी यहीं लेखिएकोले लुन्तभद्र वज्राचार्यलाई यसको ग्रन्थकार ठहऱ्याउनु अनुचित हो। यस विषयमा ज्ञानमणि नेपाल २०५२:१०-१३ र दिनेशराज पन्त २०५३:१४७ मा ७४ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सबै प्राणीहरूको शुभ होओस् ।

गाडु खन्याउनको लागि खेत[२८१] रोपनी १२ स्वाढगाह्न[को] रावल हयि आदि पुजारी सवैलाई ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको अर्को थप तालिका

चुन्दा वज्राचार्य २०४१

= ने.सं. ११०५ (वि.सं. २०४१) मा नेपालभाषा अध्ययन व अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, चुन्दा वज्राचार्यको *मल्लकालया छुं संस्कृति* (मल्लकालका केही संस्कृति)।

जी ठ्यासफू

= डिल्लीरमण रेग्मी २०२३:२ खण्डका १०७-११० पृष्ठमा प्रकाशित जी ठ्यासफू।

ज्ञानमणि नेपाल २०५२

= वि.सं. २०५२ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* १५८ पूर्णाङ्कका १०-१३ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *न्यायविकासिनी (मानवन्यायशास्त्र)का रचनाकार को हुन् ?*

दिनेशराज पन्त २०३७

= वि.सं. २०३७ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालय ने.इ.सं. र पुरातत्त्वशिक्षणसमितिको इतिहासशिक्षणसमितिद्वारा प्रकाशित, त्रिरत्न मानन्धरद्वारा सम्पादित *नेपालको इतिहासका विवादास्पद विषयहरू*का १५-३६ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *टिप्पणी*।

दिनेशराज पन्त २०४०

= नयराज पन्त २०४३:४११-४३७ मा छापिएको, दिनेशराज पन्तको *टिप्पणी*।

अर्थ मोहनप्रसाद खनालले एक ठाउँमा तेल हाल्ने भाँडो[२४] र अर्को ठाउँमा सुपारी[२५] तथा गोविन्द· टण्डनले चाहिँ सर्वत्र तेलपात्र[२६] भनी गरेका छन् ।

२८१. मूलमा खेत बुझाउने बुको अगाडि दि आएको छ । यो दि के हो मलाई थाहा छैन । ने.सं. (८)६६ (वि.सं. १८०३) आश्विनको[२७] एउटा लिखतपत्रमा भनसार धि बु[२८] आएको छ । भनसार त भन्सारअड्डा वा त्यो अड्डानजीकै रहेको ठाउँको नाउँ हुन गएको इलाका भइहाल्यो, धिको अर्थ के हो वुझिएन । हाम्रो ताम्रपत्रमा आएको अल्पप्राण दि र त्यस लिखतपत्रमा आएको महाप्राण धिको कतै सम्वन्ध छ कि ।

उही:१४९ = अभिलेखखण्ड (क)को १२ परिशिष्टमा मूलको ३ पङ्क्ति ।

२१. मोहनप्रसाद खनाल २०४०:२७८ = ११४ सङ्ख्याको अभिलेखमा मूलको ३ पङ्क्ति ।

२२. उही:२५८ = ९८ सङ्ख्याको अभिलेखमा मूलका ३-४ पङ्क्ति ।
गोविन्द टण्डन २०५६:१५२ = अभिलेखखण्ड (क)को १५ परिशिष्टमा मूलको ४ पङ्क्ति ।

२३. गोविन्द टण्डन २०५६:१५३ = अभिलेखखण्ड (क)को १६ परिशिष्टमा मूलको ४ पङ्क्ति ।

२४. मोहनप्रसाद खनाल २०४०:२५९ ।

२५. उही:२७८ ।

२६. गोविन्द टण्डन २०५६:१४६, १४९, १५२, १५३ ।

२७. लिखतपत्र खण्डित भएकोले पूरा तिथिमिति दिन सकिएन ।

२८. महेशराज पन्त २०५२:३८ = २९५ सङ्ख्याको लिखतपत्रमा मूलको ३ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनेशराज पन्त २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा म्यूनिखबाट एर. ओल्देनबुर्ग फेर्लागद्वारा प्रकाशित, वेर्न्हार्त कोल्फर[1]द्वारा सम्पादित *रेख्त्, श्तात् उन्द् फेर्वरल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/ द स्टेट्, द ल, यान्ड् अड्मिन्इस्ट्रेशन् इन् क्ल्यास्इक्ल् इन्डिअ* (प्राचीन भारतवर्षमा कानून, राज्य र शासन/प्राचीन भारतवर्षमा राज्य, कानून र शासन)का १३५-१५८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दि इन्स्टिटचुशन् अफ् स्लेभ्अरि इन् नेपाल् यान्ड् इट्स् अन्यालसिस् बेस्ड् अन् द धर्मशास्त्रज्* (नेपालमा दासप्रथा र यसको धर्मशास्त्रमा आधृत विश्लेषण)।

धरोत

= भूपतीन्द्र मल्लले न्यातपोल देवल बनाउँदा टिपिएको धरोत = राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तकको १ को १११५ सङ्ख्याको *सिद्धाग्निकोटचाहुतिदेवलप्रतिष्ठा* = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए २५७/५। यसको फोटो र पाठ जनकलाल वैद्य २०६१ मा प्रकाशित छ।

धुंडिराज लक्ष्मण २०३४-३५

= पूनाबाट एस्.के. कौशिकद्वारा प्रकाशित, धुंडिराज लक्ष्मणको *शके १९०० कालयुक्तनाम संवत्सरे संवत् २०३४ शुक्लनाम संवत्सरे इ.स. १९७८-७९ २०३५ प्रमोदनाम संवत्सरे* भनी मुखपृष्ठमा लेखिएको शाके १९०० (वि.सं. २०३४-३५) को पात्रो।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्त[2]को *लिच्छविसंवत्को निर्णय*।

न्यायविकासिनी

= मणिकमा हेर्नू।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन ५१ क्रमागत संख्या*।

मणिक *न्यायविकासिनी*

= वि.सं. २०४४ मा काठमाडौँबाट नेपालभाषा परिषद्द्वारा प्रकाशित, शान्तहर्ष वज्राचार्यको *लुन्तभद्र वज्राचार्यया:[3] न्यायविकासिनी (मानव न्यायशास्त्र)* (लुन्तभद्र वज्राचार्यको *न्यायविकासिनी (मानवन्यायशास्त्र)*)।

महेशराज पन्त २०६० ख

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ४३-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *दुर्गानाथी देव गिरिले राखेको शिलापत्र*।

शंकर बालकृष्ण दीक्षित १९८८

= शाके १८५३ (वि.सं. १९८८) मा पूनाबाट अनन्त विनायक पटवर्धनद्वारा प्रकाशित, शंकर बालकृष्ण दीक्षितको *भारतीय ज्योतिःशास्त्र* २ संस्करण।

शंकर बालकृष्ण दीक्षित २०१३/१४

= शंकर बालकृष्ण दीक्षितको *भारतीय ज्योतिःशास्त्र*को शिवनाथ झारखण्डीले उल्था गरी ई.सं. १९५७ (वि.सं. २०१३/१४) मा उत्तर प्रदेशबाट सूचनाविभागको प्रकाशन ब्यूरोद्वारा प्रकाशित *भारतीय ज्योतिष*।

शान्तहर्ष वज्राचार्य २०४४

= मणिकमा हेर्नू।

---

१. यसमा सहायक एलिजाबेथ म्यूलर-लुक्नर।

२ यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने।

३. मणिकले नेवारीमा बनाएको *न्यायविकासिनी* अमात्य जयत वर्माको लागि लुन्तभद्र वज्राचार्यले सारेको भनी यहीं लेखिएकोले लुन्तभद्र वज्राचार्यलाई यसको ग्रन्थकार ठहऱ्याउनु अनुचित हो। यस विषयमा ज्ञानमणि नेपाल २०५२:१०-१३ र दिनेशराज पन्त २०५३:१४७ मा ७४ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल

७ खण्ड

[वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण भएदेखि वि.सं. २००८ को अन्त्यसम्मका घटनालाई लिएर नयराज पन्त (वि.सं. १९७०-२०५९)ले प्राञ्जल संस्कृतमा कहीं गद्यमा कहीं पद्यमा लेखेको डायरीको केही अंश[1] छापिइसकेको छ र त्यसमध्ये धेरैको, मैले गरेको नेपाली उल्था[2] पनि प्रकाशमा आइसकेको छ र नआएकोको पनि प्रकाशमा ल्याउने काम भइरहेको छ । अप्रकाशित २ अंश नेपाली उल्थासहित यसै सिलसिलामा अहिले तल दिइन्छन् ।

- महेशराज पन्त]

---

१. वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६१ पूर्णाङ्कका ३२-४१ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।

वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६३ पूर्णाङ्कका २८-३१ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।

वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६४ पूर्णाङ्कका ३४-३७ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।

वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०५ पूर्णाङ्कका ३७-६३ पृष्ठमा छापिएको *प्रजातन्त्रारम्भस्येतिहासः – २००७-८ वैक्रमाब्दयोः मया दृष्टश्रुता मम मनसि प्रतिभाताश्च विषयाः* (प्रजातन्त्रको उठानको इतिहास– वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा) ।

वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका ६९-७० पृष्ठमा छापिएको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ६ खण्ड* ।

२. *पूर्णिमा* ६१ पूर्णाङ्कका ४१-४४ पृष्ठ ।

पूर्णिमा ६३ पूर्णाङ्कका ३२-३४ पृष्ठ ।

पूर्णिमा ६४ पूर्णाङ्कका ३७-३९ पृष्ठ ।

वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्त*का १२९-१४१ पृष्ठ । त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल* छ ।

वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* १२१ पूर्णाङ्कका १-१४ पृष्ठ । त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ४ खण्ड* छ ।

वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् : नयराज पन्त*का ४१-५७ पृष्ठ । त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ५ खण्ड* छ ।

पूर्णिमा १२३ पूर्णाङ्कका ७० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वेश्वरस्य वृत्तिः शङ्कनीया

अस्माकं भूतपूर्वो गृहमन्त्री विश्वेश्वरकोइरालामहोदयः काशिकाय हरिश्चन्द्रमहाविद्यालयाय (अङ्ग्रेजी कालेज) पञ्च सहस्राणि रूप्यकाणि ददाविति (२००८ फाल्गुन कृ. ११) सन्मार्गपत्रादवगम्यते ।

स मन्त्री महोदयः प्रतिमासं पञ्चदश शतानि लेभे । फाल्गुनमासात्कार्तिकमासान्तं यावन्नव मासान् स पदेऽवतस्थे । एवं ९x१५०० = १३५०० रूप्यकाणि वेतनत्वेन लब्धवतः सामान्यगृहस्थपुत्रत्वेन जातस्य पुरुषस्य विदेशस्थाय विद्यालयाय तावद् धनसमर्पणम् ... अतिव्ययकर्तारं ... शङ्केत ... (*कौटलीयेऽर्थशास्त्रे* ४।६।२) एवमाचार्यकौटल्यदिशाऽयं मन्त्री तादृशं प्रचुरं धनं ददत् किमपि शङ्कनीयं कर्म करोतीति स्वत उपस्थापयति ।

२००८।११।१४

विश्वेश्वरको चालचलनमा शङ्का उठाउनुपर्छ

हाम्रा भूतपूर्व गृहमन्त्री विश्वेश्वर कोइराला महोदयले काशीको हरिश्चन्द्रमहाविद्यालय (अङ्ग्रेजी कलेज)लाई पाँच हजार रुपियाँ दिए भन्ने कुरा वि.सं. २००८ फाल्गुनकृष्णएकादशीको *सन्मार्ग* पत्रिकाबाट थाहा हुन्छ ।

ती मन्त्री महोदय हरेक महीना पन्ध्र सय पाउँथे । फागुन महीनादेखि कार्तिक महीनासम्म नौ महीना तिनी पदमा रहे । यसरी ९x१५०० = १३५०० रुपियाँ तलबको रूपमा पाउने, सामान्य गृहस्थका छोरा भएर जन्मेका मानिसले विदेशको विद्यालयलाई त्यति धन दिनाले त्यति धेरै धन दिने यी मन्त्री शङ्का गर्नुपर्ने कुनै काम गर्छन् भन्ने कुराको सम्झना ... अतिव्ययकर्तारं ... शङ्केत ...[1] (*कौटलीय अर्थशास्त्र* ४।६।२) आचार्य कौटल्यको यस्तो निर्देशद्वारा आफसेआफ ताजा हुन्छ ।

२००८।११।१४

---

१. धेरै खर्च गर्नेलाई शङ्का गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मम गुरवः

तस्य मित्राण्यमित्रास्ते ये च ये चोभये नृपाः ।
अभियुक्तं त्वयैनं ते गन्तारस्त्वामतः परे ॥

(*शिशुपालवधे* २।१०१)

यियक्षमाणेन युधिष्ठिरेणाहूतं देवसन्देशहरेण नारदेन च शिशुपालवधाय प्रेरितमग्रजेन बलरामेण च संरम्भेण शिशुपालवधायैव समुत्साहितं कृष्णमुद्धवो बोधयामास – त्वयि शिशुपालं जेतुं प्रस्थिते शिशुपालस्य मित्राणि तव शत्रवस्तथा त्वयि बद्धवैराः शिशुपाले बद्धस्नेहाश्च द्विविधा जनाः[२] शिशुपालमेवानुगमिष्यन्ति, ततोऽवशिष्टास्तव मित्राण्येव त्वयि बद्धपक्षपातानि भविष्यन्ति, अस्मात्तव पक्षो दुर्बलः स्यात्तेन नायं स्वयमभियोगसमय इति ।

तथैवाधुना काङ्ग्रेसे नेपालं शासति तस्मिन् बद्धवैरा राष्ट्रियकाङ्ग्रेसवादिनः काङ्ग्रेसेन पश्यतोहर इति मुहुर्मुहुरुद्घोषितं कुँवरेन्द्रजितसिंहं प्रशंसन्ति । वस्तुतस्तु यथा कोइरालाः काङ्ग्रेसानुयायी तथैव (देशभक्तः) कुँवरेन्द्रजितसिंहोऽपि वर्तते । केवलं तयोः स्वार्थभेदात्प्रस्थानभेदः । पुनः साम्यवादिनोऽपि तं कुँवरमनुजगृहुः । अतः साम्यवादिनां निन्द्यत्वेन निन्दकत्वेन च समन्विता राष्ट्रियकाङ्ग्रेसवादिनः काङ्ग्रेसेनावैध इति घोषिते तस्मिन् दले स्वानुरागं प्रकटयामासुः । पुनरलब्धपदाश्च्युतपदा वोन्नततरपदाभिलाषिणः केचित् काङ्ग्रेसीया लब्धपदैः स्वसहचरैः पीडितं तं कुँवरं प्रशंसन्तस्तदीयं वीरत्वं वर्णयन्तः शासकान् स्वसहचरान्निन्दन्ति । अतः कालभेदेन देशभेदेन च मनुष्याणां मनोदशा नातितरां बेभिद्यत इति भाति । अन्यथा षाड्गुण्योपयुक्तानि वाक्यानि कथमिव सर्वदैव सार्थकतां व्रजेयुः ।

इमे जना नो विशदं विचारं सुतर्कजालं च प्रसारयन्ति ।
एषां तु कृत्यानि सुसूक्ष्मदृष्ट्या विलोकितान्येव तु तत्त्वदृष्टिम् ॥

प्रदाय मूढानपि राजनीतेर्दवीयसो मत्सदृशान् मनुष्यान् ।
प्राचीनवाक्यानि हि पाठयन्तः दिशन्ति चित्ते कमपि प्रमोदम् ॥

२००८।११।१५

२. शिशुपालस्य मित्राणि तव शत्रवस्तथा त्वयि बद्धवैराः शिशुपाले बद्धस्नेहाश्च त्रिविधा जनाः इति मूले तत्प्रतिलिपौ च भ्रमवशात् लिखितमिति मे प्रतिभाति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरा गुरुहरू

तस्य मित्राण्यमित्रास्ते ये च ये चोभये नृपाः ।
अभियुक्तं त्वयैनं ते गन्तारस्त्वामतः परे ॥[३]

(*शिशुपालवध* २।१०१)

शिशुपाललाई जित्न तिमी जाँदा शिशुपालका मित्र र तिम्रा शत्रु; त्यस्तै तिमीसँग वैरभाव राख्ने र शिशुपालको माया गर्ने २ थरी मानिसहरू शिशुपालको नै पछि लाग्नेछन्; त्यसबाट बाँकी रहेका, तिम्रा मित्रहरू नै तिम्रो पक्षमा हुनेछन्; यस कारण तिम्रो पक्ष निर्धो छ; त्यसैले आफैँले हमला गर्ने समय यो होइन भनी यज्ञ गर्न खोज्ने युधिष्ठिरले बोलाइएका, देवदूत नारदले शिशुपाललाई मार्न प्रेरणा गरिएका, दाजु बलरामले पनि रीसले गर्दा शिशुपाललाई नै मार्न प्रोत्साहन गरिएका कृष्णलाई उद्धवले सम्झाए ।

त्यसै गरी, अहिले काङ्ग्रेसले नेपालमा शासन गरिरहँदा त्यसका वैरी राष्ट्रिय-काङ्ग्रेसीहरू काङ्ग्रेसले डाँका भनी वारंवार घोषणा गरिएका कुँवर इन्द्रजितसिंहको तारीफ गर्छन् । वास्तवमा भन्ने हो भने जस्ता काङ्ग्रेसका अनुयायी कोइराला छन्, कुँवर इन्द्रजित सिंह पनि त्यस्तै (देशभक्त) छन् । खालि तिनीहरूको स्वार्थ फरक भएकोले बाटो फरक भएको हो । फेरि कम्युनिष्टहरूले पनि तिनै कुँवरलाई अनुग्रह गरे । यस कारण कम्युनिष्टहरूले निन्दा गरिने र कम्युनिष्टहरूको निन्दा गर्ने राष्ट्रिय-काङ्ग्रेसीहरूले काङ्ग्रेसले अवैध भनी घोषणा गरेको त्यस दलमा आफ्नो अनुराग प्रकट गरे । पद नपाएका वा पद खोसिएका, अझ ठूलो पद पाउन खोज्ने, केही काङ्ग्रेसीहरूले पद पाएका आफ्ना साथीहरूबाट दुःख पाएका ती कुँवरको प्रशंसा गर्दै, तिनको बहादुरीको बयान गर्दै आफ्ना साथी शासकहरूको निन्दा गर्छन् । यस कारण समय फरक हुँदा र ठाउँ फरक हुँदा मानिसहरूको मनको अवस्था धेरै फरक हुँदैन भन्ने देखिन्छ । नत्र षाड्गुण्यमा उपयुक्त वाक्य कसरी सधैं नै सार्थक होलान् ।

यी मानिसहरू राम्रो विचार र राम्रो तर्क फैलाउँदैनन् । यिनीहरूका काम सूक्ष्म दृष्टिले हेर्नेबित्तिकै म जस्ता, राजनीतिबाट टाढा रहेका, मूर्ख मानिसहरूलाई पनि तत्त्वदृष्टि दिएर प्राचीन वाक्य पढाउँदै कुनै प्रकारको आनन्द तिनले मनमा दिन्छन् ।

२००८।११।१५

३. जुन राजाहरू तिनका (शिशुपालका) मित्र छन्, जुन राजाहरू तिम्रा शत्रु छन्, ती दुवै थरी राजाहरू तिमीले हमला गरिएका यिनकहाँ जानेछन् । यिनीहरूभन्दा बाहेकका तिमीकहाँ आउनेछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र *आयुर्वेद-रक्षा*

- महेशराज पन्त

मेरा बुबा पण्डित नयराज पन्त (वि.सं. १९७०-२०५९) र वैद्य दिव्यवज्र वज्राचार्य (वि.सं. १९७६-२०५६) को धेरै राम्रो दोस्ती थियो । यो मैत्री हुनुमा पहिलो कारण त दुवै जना पण्डित देवीदत्त पराजुली (वि.सं. १९३०-२०१०)का चेला भएर होला । अर्को कारण दुवैको घरको बीचमा ५ मिनेट जतिको दूरी भएर पनि यो मित्रता बढेको होला । झन् अर्को कारण बुबाका मामा (कान्छा मावली बाजे वैकुण्ठनाथका कान्छा छोरा) श्रीनाथ पाँडे दिव्यवज्र वज्राचार्यका घनिष्ठ साथी भएर पनि यस मित्रतामा पुट मिलेको होला । अझ अर्को कारण बुबा पहिले वटु मूबहालका वैद्य जीवमङ्गल वज्राचार्यको औषधि खानुहुन्थ्यो, जीवमङ्गल परलोक भएपछि उहाँले महाबौद्धको पीयूषवर्षी औषधालयको औषधि खान थाल्नुभयो । त्यो औषधालय दिव्यवज्रका बाजे नीलवज्रले खोलेको हो र नीलवज्रकै पालामा वि.सं. २००१ मै उनका जेठा नाति दिव्यवज्रले त्यो औषधालय राम्ररी चलाइसक्नुभएको थियो । यी सबै कारण हुँदा हुँदै पनि बुबा र दिव्यवज्रलाई जोड्ने मुख्य तत्त्व दुवै संस्कृतविद्याका उपासक र अहिलेको जमानामा पनि संस्कृत पढेर अङ्ग्रेजी विद्यालाई हाँक दिन सकिन्छ भन्ने दुवैको प्रबल धारणा हो भन्ने मैले सम्झेको छु ।[1]

वि.सं. १९९७ देखि संस्कृतभाषाको आधारमा विद्या पढाउने प्रयोगात्मक उद्योग बुबाले थाल्नुभएको हो । त्यो उद्योग नेपालमा चलेका शिक्षापद्धतिको विरोधमा उठेको हो । पछि दिव्यवज्रले आफ्ना कान्छा भाइ धनवज्र (वि.सं. १९८८-२०५१)लाई यस पढाइमा लगाएपछि बुबा र दिव्यवज्रमा घनिष्ठता बढ्दै गयो । पहिले त बुबाले खोल्नुभएको पाठशालाको पढाइ रानीपोखरी संस्कृतपाठशालाको एउटा कोठामा हुन्थ्यो । पछि त्यो पाठशाला दिव्यवज्रकै घरमा सऱ्यो । फेरि दिव्यवज्रले आफ्ना जेठा छोरा गौतमवज्रलाई पनि त्यही पाठशालामा भर्ना गर्नुभएको थियो र उहाँकी जेठी छोरी श्रीमतिको पनि केही वर्ष त्यहीँ पढाइ भएको थियो ।

संस्कृत पढेर अङ्ग्रेजी विद्यालाई हाँक दिन सकिन्छ भन्ने त्यही धारणा वि.सं. २०१० मा छापिएको, दिव्यवज्रका १३ वर्ष पनि नपुगेका छोरा गौतमवज्रको तलको कवितामा झल्किएको छ भनी भन्दा बढ्ता बोलेको ठहरिँदैन होला –

---

१. नयराज पन्तको यससम्बन्धी धारणा नयराज पन्त २०५९ मा राम्ररी व्यक्त छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैद्य

वैद्य तिमी छौं[२] सबको प्यारो
शत्रु पनी छौं[२] यमको सारो ।
नाश गरी त्यो रोग र घाउ
डाक्टरलाई[३] दूर पठाऊ ॥ १ ॥

औषधि सारा डाक्टरको त्यो
व्यर्थगरी द्यौ अव चाँडैनै ।
बन्छु म तिम्रो साथि ल जाऊ
डाक्टरलाई दूर पठाउ ॥ २ ॥

डाक्टरले झैं शुल्क नलेउ
जनताको धन वेस्सरी चुस्ने
पहिले उन्नति गर्दै जाऊ
डाक्टरलाई दूर पठाऊ ॥ ३॥

जङ्गलमा गै खोज तलास
गर्दै ल्याउ औषधि खास
धक्का वलियो सँग दिएर
डाक्टरलाई दूर पठाउ ॥ ४ ॥

हेरी पुस्तक वैद्यहरूले
लेखेको त्यो ज्ञान कमाऊ
अंग्रेजीको नक्कल गर्ने
डाक्टरलाई दूर पठाउ ॥ ५ ॥[४]

अंग्रेजीको नक्कल गर्ने डाक्टरलाई दूर पठाउ भन्ने कुराको प्रतिध्वनि यसको ७ वर्षपछि दिव्यवज्रले १ जना नेपाली डाक्टरको खण्डन गर्दा लेखेका यी वाक्य

स्वदेशी कुराको निन्दा गर्दै, विदेशी वेषभूषाको नक्कल गरी आफूलाई शिक्षित संझी शास्त्रको मर्म नबुझी जथाभावी वक्नु भिन्नै कुरा हो । ज्ञान कमाउनु भिन्नै कुरा हो[५]

हुन् भनी भन्दा अत्युक्ति नहोला ।

हामी भारतीय र गोराहरूसँग दबेर बस्नु हुंदैन, हामीले आफ्नो शक्तिको पुनरुज्जीवन गर्नुपर्छ भन्ने कुरा बुबा र दिव्यवज्रको बीचमा बराबर हुन्थ्यो । त्यही भावना दिव्यवज्रका काहिंला भाइ मनवज्र (हाल दिवङ्गत)को, वि.सं. २०१० मा छापिएको तलको कवितामा झल्किएको छ –

२. त्यहाँ पूफको गल्तीले छौं छापिएको छ ।
३. त्यहाँ पूफको गल्तीले डाक्टरला छापिएको छ ।
४. गौतमवज्र वज्राचार्य २०१०:१६-१७ ।
५. दिव्यवज्र २०१७:मुखपृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अव केगर्ने ?

कता गयो ? त्यो सुखको स्वराज
अनात्मविश्वास लिएर आज ।
तथापि चैतन्य लिनू परै छ
वेहोसमा भैं, जनता कता छ ? ॥
(१)

विर्सेर आफ्नो जनशक्तिलाई
गोरा र काला विचमा डराई ।
गर्ने यहाँ के अव कृत्य संभी
छोडेर आफ्नो पुरुषार्थलाई ॥
(२)[६]

दिव्यवज्रले हाम्रो पाठशालामा आयुर्वेद पढाउने काम पनि शुरू गर्नुभएको थियो । स्वस्थ भएर लामो कालसम्म बाँच्न इच्छा गर्नेले यस्तो गर्नुपर्छ यस्तो गर्नु हुँदैन भन्ने खालका कुरा *चरकसंहिता* आदि ग्रन्थबाट छानी छानी उहाँ हामीलाई पढाउनुहुन्थ्यो । आयुर्वेदको त्यस कक्षामा पढ्ने सबैजसो विद्यार्थी त्यति संस्कृत बुभ्ने भइसकेकाले त्यो कक्षा ज्यादै रमाइलोसँग चल्दै गएको थियो र मलाई पनि त्यस कक्षामा निकै रस बसिसकेको थियो । तर एकदुइ जना उच्छृङ्खल विद्यार्थीले गर्दा हाम्रो पाठचक्रममा अनिवार्य नभएको आयुर्वेदको त्यो पढाइ केही महीना चली बन्द भयो ।

दिव्यवज्र व्यापारी घरानाका भएका हुनाले बुबाले जस्तो पैसालाई लात मारी काम गर्ने विषयमा सोच्नसम्म पनि उहाँ सक्नुहुँदैनथ्यो । दिव्यवज्र र उहाँका माहिला भाइ सिद्धिवज्र (हाल दिवङ्गत)ले औषधि गरेर भएको आम्दानीले नै ५ भाइको संयुक्त परिवारको पालनपोषण भएको थियो तापनि परिवार थपिँदै गएको र महँगी बढ्दै गएकोले आम्दानीका अरू अरू मुहान खोज्ने काममा उहाँहरू लाग्नुभयो । यसै सिलसिलामा वि.सं. २०१० मा दिव्यवज्रले आयुर्वेदको शिक्षा दिने, स्वास्थ्यशिक्षाश्रम भन्ने पाठशाला खोल्नुभयो । त्यो पाठशाला आयुर्वेदको उच्चशिक्षा दिने पाठशाला नभई चलनचल्तीको शब्दमा भन्ने हो भने प्यारामेडिकल छाँटको थियो । त्यहाँ पढ्न काठमाडौंका केही र गाउँगाउँका निकै केटा जम्मा भएका थिए । त्यहाँको पाठचक्रम कस्तो थियो भन्ने त मलाई याद छैन, तर त्यो पाठचक्रम एक डेढ वर्षको भन्दा लामो थियो जस्तो मलाई लाग्दैन । त्यतिञ्जेलसम्म ती विद्यार्थी आआफ्नो घरबाट ल्याएको र आआफ्ना गाउँमा भिक्षाटन गरेको सामलले काम चलाउँथे र नपुग खर्च दिव्यवज्र आफैँले बेहोर्ने गरेको जस्तो मलाई लाग्छ ।[७] ती विद्यार्थीहरू तयार भएपछि तिनीहरू आआफ्ना गाउँमा गएर वैद्यको काम गर्न जान्थे र यताबाट पीयूषवर्षी औषधालयले बनाएका औषधिको बिक्री हुन्थ्यो ।

---

६. मनवज्र वज्राचार्य २०१०:१ ।

७. पीयूषवर्षी औषधालयपरिवार २०६३:म पृष्ठअनुसार २०१० सालमा आयुर्वेदको उत्थान गर्ने उद्देश्यले उहाँले आयुर्वेद पढाउने पाठशाला "स्वास्थ्य शिक्षा श्रम" खोली आफ्नै निजी खर्चमा विभिन्न गाउँका विद्यार्थीहरु बटुली उनीहरुलाई खाने बस्ने समेत प्रबन्ध मिलाई निस्वार्थरुपले अध्यापन कार्यमा लागे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुबाको लक्ष्यचाहिँ मध्यमस्तरका मानिस निकाल्नु थिएन, उहाँ सबभन्दा माथिल्ला स्तरका विद्यार्थी नै हामीले निकाल्नुपर्छ भन्नुहुन्थ्यो ।[८] यसैले दिव्यवज्रको यस कामबाट बुबा प्रसन्न हुनुहुन्थेन । यसै क्रममा आफ्नो स्वास्थ्यशिक्षाश्रमको प्रचार गर्न दिव्यवज्रले आयुर्वेदसम्बन्धी प्रदर्शनी गर्ने विचार गर्नुभयो । बुवा यस्तो कामलाई स्वाध्यायको विरोधी ठान्नुहुन्थ्यो र मनुका यी

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः ।
अक्लेशेन शरीरस्य कुर्वीत धनसंचयम् ॥ ३ ॥
सर्वान् परित्यजेदर्थान् स्वाध्यायस्य विरोधिनः ।
यथा तथाध्यापयंस्तु सा ह्यस्य कृतकृत्यता ॥ १७ ॥

(*मनुस्मृति* ४ अध्याय)

(आफ्ना अनिन्दित कामद्वारा जीउलाई दुःख नदिईकन खालि निर्वाह गर्नको लागि मात्र धनसञ्चय गर्नू। आफ्नो पठन-पाठनसँग विरोध पर्ने सबै कुरालाई छोड्दिनू, जे गरेर भए पनि पढाउनू। विद्वान्को सफलता भनेको यही हो ।)[९]

सिद्धान्तमा उहाँको अटल विश्वास थियो ।

---

८. महेशराज पन्त २०४३:८-११ ।

९. तल्लो श्लोकको अर्थ नयराज पन्त २०१९ क:१ बाट सारिएको हो ।
पढाइ सिद्धचाई घर फर्केको स्नातकले पालना गर्नुपर्ने नियमको प्रसङ्गमा पछिल्लो श्लोक आएको हो । यसैले हरेक स्नातकले पढाउनु नै पर्ने नियम नभएकोले स्वाध्यायसँग विरोध पर्ने सबै कुरा छोड्नू भन्ने लेख्दा यहाँ **अध्यापयन्** भन्ने शब्दको प्रसङ्ग नमिलेको जस्तो मलाई पहिल्यैदेखि लागिरहेको थियो तापनि त्यो निर्क्योल्न मैले भ्याएको थिइनँ । अहिले यसै प्रसङ्गमा *मनुस्मृति*का आफूसँग रहेका टीकाहरू हेर्दा लागेको कुरा तल म लेख्दैछु ।
*मनुस्मृति*का एक जना टीकाकार गोविन्दराजले यस श्लोकको प्रतीक दिंदा **सर्वानिति । यथा तथा यापयंस्त्विति** भनी लेखेकाले यस श्लोकमा **अध्यापयन्**को अवकाश नभई त्यसको ठाउँमा **यापयन्** भएको स्पष्ट हुन्छ । अर्का टीकाकार सर्वज्ञनारायणले **यापयन्** पाठ दिई त्यसको पर्यायमा **क्षपयन्** लेखेका छन् । फेरि अर्का टीकाकार नन्दनले पनि **यापयन्** नै पाठ दिएका छन् र त्यसको पर्यायमा **प्राणयात्रां कुर्वन्** भनी लेखेका छन् । *मनुस्मृति*का प्राचीनतम टीकाकार मेधातिथिले **अधिपूर्वक**को **इङ्** धातुको चर्चै गरेका छैनन् र त्यहाँ भावार्थ गर्दा **जीवयति** लेखेका छन् । *मनुस्मृति*का प्रसिद्धतम टीकाकार कुल्लूकले यस ठाउँमा मानेको पाठ त के हो त्यत्ति स्पष्ट छैन, तर त्यहाँ **जीवयन्** लेखिएकोले त्यहाँ **अध्यापयन्**को अवकाश नभएको त स्पष्ट छ । तर अरू ३ जना टीकाकार अर्थात् राघवानन्द, रामचन्द्र र मणिरामले चाहिँ **अध्यापयन्** नै पाठ मानेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[१] *मनुस्मृति*का ६ वटा टीकाका सम्पादक विश्वनाथ नारायण मण्डलिक[२]ले, *मनुस्मृति*का ९ वटा

---

१. जयन्तकृष्ण हरिकृष्ण दवे २०३२:३०१-३०२ ।

२. विश्वनाथ नारायण मण्डलिक १९४२:४६१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०१० मा प्रदर्शनी हुने भयो । प्रदर्शनी गर्नको लागि धेरै ठाउँ चाहिने भएकोले केही हप्ताको लागि हाम्रो पाठशाला दिव्यवज्रको घरबाट उहाँकै प्रबन्धद्वारा महाबौद्धमै नर्स विद्यावती कंसकारको घरमा सारियो ।

त्यस प्रदर्शनीको उद्घाटन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाबाट हुने भयो । प्रधानमन्त्रीले उद्घाटन गर्ने प्रदर्शनीमा निकै गण्यमान्य डाकिने नै भए । बुबालाई यस्तो काम मन नपर्ने हुनाले उहाँलाई निम्ता पठाउने कि नपठाउने भन्ने कुरामा दिव्यवज्रलाई दोधार भएछ र उहाँले बुबालाई नै ठाडै सोध्नुभएछ, यहाँलाई म निम्ता पठाऊँ कि नपठाऊँ भनेर । बुबाले पनि ठाडै जवाफ दिनुभएछ, निम्ता पठाउने नपठाउने तपाईँको अधिकार, आउने नआउने मेरो अधिकार; निम्ता पठाए पनि म आउन्नँ, नपठाए पनि आउन्नँ भनेर । निम्ता आयो कि आएन मलाई सम्झना छैन । बुबा भने जानुभएन, तर आमा बुधकुमारी (वि.सं. १९७१-२०११)सँग म र मेरी माहिली दिदी धन (वि.सं. १९९८-२०४२) प्रदर्शनी हेर्न गएको सम्झना मलाई छ । यताबाट हामीकहाँ निम्ता आएको जस्तो मलाई लाग्छ । बुबालाई यस्तो प्रदर्शनी मन नपरे पनि आफ्ना जहानबच्चालाई त्यहाँ जान नरोकेकोले उहाँमा आफ्नो विचार अरूमाथि लाद्ने भावना ज्यादै कम थियो भन्ने कुराको पनि यताबाट पुष्टि हुन्छ ।

मैले सम्झेसम्म त्यो प्रदर्शनी हाम्रो सनातनपद्धतिको चतुर्वर्गसिद्धान्तअनुसार सङ्गठित थियो । त्यहाँ एकातिर **धर्म**को, अर्कोतिर **अर्थ**को, अनि अर्कोतिर **काम**को र झन् अर्कोतिर **मोक्ष**को खण्ड थियो । अर्थको खण्डमा नेपालको इतिहाससँग सम्बद्ध फोटाको प्रदर्शन भएको पनि मलाई राम्रो सम्झना छ । हरेक फोटोको मुनि तोत्रराज पाण्डेय र बुबाको *नेपालको संक्षिप्त इतिहास*को आधार लिई धनवज्र गुरुले राम्रो अक्षरमा रातो र कालो मसीमा लेख्नुभएको क्याप्शन थियो । शरीरका अङ्गप्रत्यङ्गको विषयमा मनवज्रले बनाएका माटाका मूर्ति पनि त्यस प्रदर्शनीमा राखिएको म सम्झन्छु ।

बुबा र दिव्यवज्रको सम्बन्धमा कहिलेकहीँ अलिकति तलमाथि पर्थ्यो तापनि दुवैमा संस्कृतविद्याको आधारमा काम गर्नुपर्छ भन्ने प्रबल भावना भएर होला, उहाँहरू निकै नजिकिनुभएको थियो । हाम्रो घरमा कोही बिरामी पर्दा दिव्यवज्र हेर्न आउनुहुन्थ्यो, त्यहीँ बिरामी जाँच्ने काम सिद्धिसकेपछि २ जनाको बीच घण्टौँ कुरा हुन्थ्यो ।

वि.सं. २००९ देखि बुबाले आफ्ना विद्यार्थीहरूद्वारा *इतिहास-संशोधन*पत्र प्रकाश गराउन थाल्नुभयो । त्यो प्रकाश गराउनुको मुख्य उद्देश्य नेपालमा चलेका शिक्षाप्रणालीको निस्सारता देखाउनु थियो । पहिलो

टीकाका सम्पादक जयन्तकृष्ण हरिकृष्ण दवे[३]ले र मूल पाठको परीक्षण गरी *मनुस्मृति*को सम्पादन गर्ने प्याट्रिक ओलिवेल[४]ले मानेको पाठ पनि **यापयन्** नै छ ।

---

३. जयन्तकृष्ण हरिकृष्ण दवे २०३२:३०१ ।

४. प्याट्रिक ओलिवेल २०६२:५०६-५०७ । उही:२६९ पृष्ठमा *मनुस्मृति* ४।१७ को विषयमा लेखिएको टिप्पणी पनि हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहास-संशोधन केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको नाउँमा निस्कियो ।[१०] त्यसमा अम्बिकाप्रसाद उपाध्याय,[११] रामजी उपाध्याय[१२] र बालचन्द्र शर्मा[१३]ले लेखेका नेपालको इतिहासको खण्डन भएको थियो । यी ३ जनामध्ये अघिल्ला उपाध्याय पटना हाइ कोर्टमा एड्भोकेट थिए । जुन वेला त्यो *इतिहास-संशोधन* निक्लियो, त्यस वेला उनी परलोक भइसकेका थिए । पछिल्ला उपाध्यायचाहिँ बनारसमा बसी पुस्तकको व्यापार गर्थे । शर्माजीचाहिँ त्यस वेला नेपालमै बसी राजनीति गर्थे र ठूला ठूला पद ओगट्ने क्रममा थिए ।

दोस्रो[१४] *इतिहास-संशोधन* धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँमा निस्कियो ।[१५] त्यसमा ह्वयोखाको कन्यामन्दिर हाइ स्कूलमा इतिहास विषय लिई पढ्ने नेवार्नी केटीहरूको लागि भैरवबहादुर प्रधानले नेवारीमा लेखेको *मध्यकालीन नेपाल*[१६]को खण्डन थियो । भैरवबहादुर प्रधान त्रिचन्द्र कलेजमा इतिहासका प्रोफेसर थिए र उनी आफैँले दरबार कलेज भन्ने नाउँले इन्टरमीडिअट कलेज खोली आफू त्यसको प्रिन्सिपल भएका थिए ।

वि.सं. १९९५ मा बुबा पढाइ सिद्धचाई बनारसबाट फर्केपछि उहाँले नेपालको इतिहासको खोजी गर्न थाल्नुभयो । रुद्रराज हाम्रा आफन्त भएका र राणाजीको दरबारमा उनको राम्रो पहुँच भएकोले बुवाले गर्न थाल्नुभएको नेपालको इतिहासको अन्वेषणमा सरकारी अड्डामा कागतपत्र खोतल्ने; त्यसको लागि सहायक जुटाइदिने; विदेशीले लेखेका, नेपालमा बजारमा नपाइने, तर राणाजीका सङ्ग्रहमा रहेका पुस्तक हेर्न पाउने जस्ता काममा रुद्रराजबाट बुबालाई मदत मिलेको थियो ।

रुद्रराज पाठ्यपुस्तक छापी पैसा कमाउने काममा लागेका र बुबाचाहिँ नेपालको इतिहास लेख्ने काममा लागेकोले र राणाशासनमा नेपालबाट नेपालको इतिहास छाप्नु असम्भवप्रायः भएकोले दरबारिया रुद्रराजले बुबामाथि चारो हाल्ने राम्रो मौका भेट्टाए । एसएल्सीलाई उपयुक्त हुने, नेपालको इतिहास लेख्ने प्रस्ताव रुद्रराजले राखे । रुद्रराज आफैँले त दुइचारवटा किताब पनि लेखेर छपाइसकेका हुनाले र आफू सरकारिया कलेजको प्रिन्सिपल जस्तो उच्च पदमा बसेकोले पनि होला, भरखर पढेर आई सरकारी

१०. केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९ ।
११. अम्बिकाप्रसाद उपाध्याय १९८६ ।
१२. रामजी उपाध्याय २००७ ।
१३. बालचन्द्र शर्मा २००८ ।
१४. यसभन्दा अगाडि २ वटा *इतिहास-संशोधन* भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँ (भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०:१-८ र उही २०१० क:४३-४६)मा *संस्कृत-सन्देश*मा छापिएका थिए । अलग्गै पुस्तिका वा पर्चाको रूपमा ती नछापिएकाले तिनलाई माथि चर्चा नगरिएको हो ।
१५. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ।
१६. भैरव बहादुर प्रधान २०१० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जागीरमा प्रवेश गरेको ठिटो अर्थात् बुबासँग मिलेर पुस्तक निकाल्न उनलाई सङ्कोच लाग्नु स्वाभाविक थियो, पाठ्यपुस्तक छापेर कमाइने द्रव्यको लोभले पनि उनलाई उत्तिकै गाँजेको थियो । त्यसैले उनका ठाहिँला भाइ तोत्रराजले पनि इतिहासै पढेकाले र उनलाई बिकाउनु पनि परेकोले रुद्रराजले अब लेखिने इतिहासमा तोत्रराज र बुबाको नाउँ राखेर छाप्ने प्रस्ताव राखे ।

अब लेखिने पुस्तक एस्एल्सीको पाठ्यपुस्तकको रूपमा लेखिने भए तापनि बुबाको भित्तै पुगेर काम गर्ने स्वभाव भएकोले त्यस पुस्तकमा आजभोलिको शब्दमा भन्नुपर्दा उहाँको फर्स्ट्-रेट् रिसर्च् झल्किएको छ । अर्को शब्दमा भन्नुपर्दा अन्त कतै नलेखिएका कुराले त्यस पुस्तकका निकै पाना ओगटेका छन् । त्यो किताब जुद्धशमशेरको पालामा लेखिए पनि छापिनचाहिँ प्रजातान्त्रिक विचारधारा भएका पद्मशमशेरको पालामा वि.सं. २००४ मा मात्र सम्भव भयो ।[१७] तर पनि राणाकालको विषयमा लेख्दा बुबाले अलिकति सम्झौता पनि गर्नुपर्‍यो । त्यो के हो भने जङ्गबहादुरको विषयमा एक अध्याय नै लेखिए पनि त्यहाँ जङ्गबहादुरको दोष देखाउने चेष्टा गरिएको छैन । जति जति पछिल्लो कालको इतिहास लेख्दै गयो, त्यति त्यति सम्झौता गर्दै जानुपर्ने भएर होला, बुबाले *नेपालको संक्षिप्त इतिहास* जङ्गबहादुरमै टुङ्ग्याइदिनुभएको छ ।

जङ्गबहादुरको गुण मात्र देखाई आफ्नो मन मोसेर इतिहास छाप्नुपरेकोमा बुबालाई पछिसम्म पनि अप्ठ्यारो लागिरहेको थियो भन्ने कुरा *नेपालको संक्षिप्त इतिहास*मा परेका अशुद्धिहरूको संशोधन गर्न उहाँका चेलाहरूले पहिलोपटक निकालेको *इतिहास-संशोधन*मा लेखिएको तलको वाक्यबाट पनि स्पष्ट हुन्छ –

> **अन्त सबै ठाउँमा निष्पक्षपात बुद्धिले गुण दोष परीक्षा गरिएको र जङ्गवहादुरको वर्णनमा उनको गुणमात्र देखाइएकोले पुस्तकको आखिरी भाग भद्दा भएको छ ।[१८]**

नेपालमा विश्वविद्यालय खोल्नको लागि वि.सं. २००० मा एजुकेशनल बोर्डको स्थापना भएको थियो । त्यस बोर्डका सदस्यमध्ये बुबा र भैरवबहादुर प्रधान पनि हुनुहुन्थ्यो । त्यो बोर्ड धेरै वर्ष कायम रह्यो र त्यसबीचमा भैरवबहादुर प्रधानसँग बुबाको धेरैपटक उठबस भयो । कालान्तरमा रुद्रराजका भाइसँग मिली बुबाले लेख्नुभएको *नेपालको संक्षिप्त इतिहास* प्रकाशमा आइसकेको थियो । आफूसरहका रुद्रराजले नयराजलाई चारो हाली नेपालको राम्रो इतिहास छापेको देख्दा भैरवबहादुरलाई पनि लोभ लाग्यो र बुबासँग मिली काम गर्ने प्रस्ताव उनले राखे ।

भारतबाट इतिहास पढी आएका यी अङ्ग्रेजीवाजहरूमा विद्या भन्ने कुनै वस्तु हुँदैन, यिनीहरू खालि पैसा र नाउँ कमाउनको लागि यतातिर लागेका हुन्, यिनीहरूलाई अन्वेषणमा रुचि पनि छैन, खालि बाहिरी टिपटापले यिनीहरू प्रतिष्ठित भएर बसिरहेछन् भन्ने धारणा त्रिचन्द्र कलेजका प्रिन्सिपल रुद्रराज पाण्डेय

१७. तोत्रराज पाण्डेय र नयराज पन्त २००४ ।

१८. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ख:१८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उनका ठाहिँला भाइ तोत्रराज पाण्डेयसँगको घनिष्ठ सङ्गतबाट बुवाको मनमा जमिसकेको थियो । यस कारण बुबाले भैरवबहादुरलाई पन्छाउन प्रोफेसर साहेबको गुहु सुँघ्ने बानी कत्तिको छ भनी प्रश्न गर्नुभयो । भैरवबहादुर जिल्ल परे र इतिहास लेख्नसँग यसको के सम्बन्ध छ भनी उनले बुवालाई सोधे । इतिहासको लागि काम लाग्ने शिलापत्र ताम्रपत्र आदि मन्दिरवरपर हुन्छन्, त्यहाँ दिसापिसाब गरी फोहर गरिरहेको हुन्छ, यस कारण गुहु सुँघ्ने बानी नबसाईकन इतिहासको अन्वेषण गर्न सकिँदैन भनी बुबाले उनलाई टारिदिनुभयो ।

रुद्रराज, भैरवबहादुर दुवै राणाजीका दरबारमा टच्यूशन गर्थे । यस कारण आफ्नो अड्डाको कामबाहेक टच्यूशन पनि गर्ने हुनाले उनीहरूलाई कति पनि फुर्सत थिएन । त्यसैलाई सङ्केत गरी धनवज्र र ज्ञानमणिको नाउँमा छापिएको, भैरवबहादुरको *मध्यकालीन नेपाल*को खण्डन गर्न लेखिएको *इतिहास-संशोधन*को प्रस्तावनामा यस्तो लेखिएको थियो –

> **अव उप्रान्त श्रीप्रिन्सिपलजीले यस्ता प्रलापवाट इतिहास लेख्ने चेष्टालाई छोडेर सुनौला माहुरी वटुल्ने आफ्नो समयलाई गल्ली गल्लीमा छरिएका ढुङ्गा र कुना काप्चामा कोचिएका कागतपत्र हेर्न तर्फ लगाई वास्तव इतिहास लेख्न र बुझ्नतिर उहाँ लाग्नुहोला भनी हामी सद्भावना पूर्ण सल्लाह उहाँलाई दिन्छौं ।**[१९]

यो *इतिहास-संशोधन* छापिएपछि दिव्यवज्र अत्यन्तै रुष्ट हुनुभयो र बुबासँग बाभ्न आउनुभयो । यो कुरा सूत्ररूपमा बुवाले लेख्नु पनि भएको छ ।[२०] नेवारलाई आक्रमण गरेको रूपमा दिव्यवज्रले *इतिहास-संशोधन*लाई लिई त्यसमा मेरो आफ्नै भाइलाई भ्होसी **कण्टकेनैव कण्टकम्** अर्थात् **काँडाले नै काँडा हटाउनुपर्छ** भन्ने नीतिको अवलम्बन नयराजले गरेको हो भनी दिव्यवज्रले ठान्नुभयो भनी बुबाले सम्भ्हनुभयो । प्रचलित शिक्षाप्रणालीको अकिञ्चित्करिता देखाउन र मेरो शिक्षाप्रणालीको कार्यक्षमता देखाउन यो काम गर्नुपरेको हो; यस्तो काम गरिएन भने मसँग पढ्ने, तपाईँका भाइछोराले वृत्ति पाउन सक्दैनन्; तपाईँलाई मैले उठाएको यो काम राम्रो लाग्दैन भने तपाईँले आफ्ना भाइछोरालाई मेरो पाठशालाबाट हटाए राम्रो हुन्छ भनी बुबाले जवाफ दिनुभयो । दिव्यवज्रले यो विवाद भद्रतावश अगाडि बढाउनुभएन र केही कालपछि २ जनाको सम्बन्ध पुरानै छाँटमा आयो ।

भैरवबहादुरको खण्डनमा लेखिएको *इतिहास-संशोधन*को विरोध दिव्यवज्रले खालि नेवारको आलोचना गरेको भनेर मात्र गरेको हो जस्तो मलाई लाग्दैन । उहाँलाई *इतिहास-संशोधन*को पद्धति नै मन नपरेको र नेवार भैरवबहादुरको आलोचना भएकोले आगोमा घिउ थपिएको जस्तो मात्र मलाई लाग्छ । दिव्यवज्रले *इतिहास-संशोधन*को विरोध गर्नमा उहाँको आफ्नो घरको संस्कारले पनि काम गरेको मैले ठानेको छु । त्यो के हो भने उहाँका बाजे नीलवज्र श्री ३ चन्द्रको दरबारमा वैद्य हुनुहुन्थ्यो । चन्द्रशमशेर बितिसकेपछि पनि उनका छोरा केसरशमशेर, शङ्करशमशेर र मदनशमशेर नीलवज्रको भागमा परेका थिए । नीलवज्र

१९. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २010:*प्रस्तावना* ।
२०. नयराज पन्त २०१९:५-६ = यही अङ्कको ५६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अशक्त भएपछि दिव्यवज्र मदनशमशेरको ढोकामा जान थाल्नुभयो र उहाँबाट मदनशमशेरका रानी-नानीहरूको उपचार गरिन्थ्यो । मदनशमशेर विषयभोगमा चुर्लुम्म डुबेर बिरामी हुन थालेपछि उनका नोकरचाकरहरूमा दरबारको हालीमुहाली हत्याउने काममा प्रतिस्पर्धा शुरू भयो र तिनमा प्रतिद्वन्द्वीहरूमध्ये केदारमणि आ.दी. र नीलवज्रका नातिहरू पनि थिए भन्ने मैले सुनेको हुँ । यही प्रतिद्वन्द्वितामा केदारमणिबाट पछारिएपछि दिव्यवज्र मदनशमशेरको ढोकाबाट बाहिरिनुपऱ्यो । यति लेख्नाको मतलब के हो भने मालिक मात्रै संस्कारमा हुर्केका मान्छेलाई *इतिहास-संशोधन* जस्तो रूढिभन्जक काम मन नपर्नु स्वाभाविक हो । त्यसो हुँदा हुँदै पनि आफ्ना भाइछोरालाई *इतिहास-संशोधन*मा लगाउन उहाँलाई आफ्नो मन निकै मोस्नुपऱ्यो होला जस्तो मलाई लाग्छ ।

केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको *इतिहास-संशोधन*मा जुन जुन इतिहासको खण्डन भएको थियो, ती सबैका ग्रन्थकार पर्वते बाहुन भएकाले नेवारको अपमान गर्न *इतिहास-संशोधन*को थालनी भएको हो भन्ने कुराको खण्डन आफसेआफ हुन जान्थ्यों तापनि नेवारको विरोधमा *इतिहास-संशोधन* उठेको हो भन्ने आरोप हटाउन बुबाले आफन्तमध्ये इतिहासमा कलम चलाउने र पुरातत्त्वविभागका बहालवाला डाइरेक्टर रुद्रराज पाण्डेयले लेखेको कुराको खण्डन गर्न आफ्ना विद्यार्थीहरूलाई निर्देशन दिनुभयो र रुद्रराजको विषयमा धनवज्र र ज्ञानमणिको नाउँमा एउटा *इतिहास-संशोधन* निस्कियो ।[२१] त्यसको शुरूआत यसरी गरिएको थियो –

> श्रीसरदार रुद्रराज पांडे एम्.ए.ले 'परोपकार' मासिक पत्रिकाका वर्ष २ अङ्क १ मा 'हाम्रो गौरवमय इतिहास' भन्ने आफ्नो एक लेख छपाउनुभएकोछ । त्यसमा उहाँले नेपालका भूतपूर्व विद्वान्‌हरूको उल्लेख र गौरवको पनि दिग्दर्शन गराउनुभएकोछ । आफ्नो देशको गौरवमय इतिहासको खोजी गर्नु प्रचार गर्नु देशहित गर्नुहो । परन्तु त्यसमा असावधानी हुन गएमा उल्टो फल हुन आउँछ । ठूला वडाले गरेको सानो कुराले पनि दुनियाँमा ठूलो असर पार्छ । श्री ५ राजेन्द्रविक्रमशाहको एकरातको असावधानीले कोतमा त्यत्रो नरसंहार भयो, पुराना भारदारहरूले[२२] टाउको उठाउनै नपाउने भए । स्वयं राजेन्द्रविक्रम र उनका सन्तानले पनि यत्रो लामो कालसम्म एउटा अनिष्ट वन्धनमा जकडिनुपऱ्यो । अतः सरकारीया पुरातत्त्वविभागको डाइरेक्टर जस्तो उच्चपदमा रहेका लेखक संघका सूत्रधार अधिकारसम्पन्न विद्वान्‌ले अतिसावधानीसाथ आफ्नो कलम चलाउनुपर्नेमा सो नभएको हुँदा सत्य कुराको प्रकाशको लागि हामीले केही भन्ने साहस गरेका छौं । हितबुद्धिले गरिएको हाम्रो यो साहस अनुचित ठहरोइन ।[२३]

इतिहास-संशोधन चल्दै गयो । एकताका त यसले आन्दोलनकै रूप लिएको थियो । त्यसताकाको नेपालमा राजनीतिसम्बन्धी आन्दोलन त प्रशस्त हुन्थ्यो, लेखपढसम्बन्धी आन्दोलन त यही एउटा मात्र थियो । वि.सं. २००९ असोज ५ गतेदेखि छापिन थालेको *इतिहास-संशोधन* वि.सं. २०१२ को माघपूर्णिमासम्म

---

२१. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ।

२२. त्यहाँ प्रूफको गल्तीले भारदाहरूले छापिएको छ ।

२३. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११:२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राम्रैसँग चल्यो र सानाठूला गरी ३७२[२४] वटा *इतिहास-संशोधन*पत्र प्रकाशित भए ।[२५] यसैबीचमा यो काम

---

२४. माथि १४ सङ्ख्याको टिप्पणी हेर्नू ।

२५. केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९ ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१० ।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ क ।
उही २०११ ख ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ क ।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क ।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०११ ।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ख ।
उही २०११ ग ।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११ ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ख ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ग ।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११ क ।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ घ ।
उही २०११ ङ ।
महेश्वरराज सुवेदी र महेशराज पन्त २०११ ।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११ ख ।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ च ।
महेशराज पन्त र नयनाथ पौडेल २०१२ ।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२ ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२ ।
ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२ ।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०१२ ।
महेशराज पन्त र नयनाथ पौडेल २०१२ क ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२ क ।
उही २०१२ ख ।
ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्य २०१२ ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१२ ।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०१२ ।
भोलानाथ पौडेल २०१२ ।
लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्य २०१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेलाउँदै गयो र २१ जना इतिहास-संशोधकमध्ये घट्दै घट्दै ८ जना मात्र बाँकी रहे । यसपछि बुबाले १६ महीना जति यो काम रोक्नुभयो र बाँकी रहेका विद्यार्थीहरूलाई अझ तिखारी उनीहरूको योग्यता बढाउने काममा लगाउनुभयो । यस अवधिमा भैरवबहादुरकै खण्डन गरी २ वटा *इतिहास-संशोधन* मात्र बाँकी रहेका इतिहास-संशोधकमध्ये सबभन्दा बढी जान्ने धनवज्र वज्राचार्यद्वारा निक्लिए ।[२६] ती २ *इतिहास-संशोधन*मध्ये पहिलो यस्तो थियो–

अहिलेभन्दा दुइ वर्ष अगाडि प्रि० श्रीभैरवबहादुर प्रधानले प्रकाश गर्नुभएको 'मध्यकालीन नेपाल' भन्ने पुस्तकमा रहेका अशुद्धिमध्ये ९ वटा अशुद्धिलाई हामीले त्यसैवेला खण्डन गरी शास्त्रार्थका लागि उहाँलाई आह्वान गरेका थियौं । उहाँले बाहिर बाहिर मानिस हेरी मन लागेको कुरा बोलेर हिड्नुभएको भए ता पनि हाम्रो लेखको खण्डन प्रकाश गर्न शक्नुभएको थिएन । हाम्रा अरू साथीहरूले पनि उहाँका लेखलाई खण्डन गर्नुभएको छ । उहाँले फैलाउन खोज्नुभएको जातिगत द्वेषको भ्रमात्मक कुरोलाई पनि हाम्रा साथीहरूले खण्डन गरी प्रकाश गर्नुभएको थियो । ६ महीनामै सो खण्डनको द्वितीय संस्करण पनि उहाँहरूले गराइसक्नुभएको छ ।

अहिले अकस्मात् 'नेपाल' पत्रिकाको वर्ष ४ संख्या ५ मा प्रिन्सिपलजीले हामीले प्रकाश गरेका नौ दोष मध्येको एक दोषको खण्डन गर्ने चेष्टा गर्नुभएको छ । यसबाट अरू दोष उहाँले स्वीकार गरेको कुरा उहाँकै लेखबाट सिद्ध हुन्छ ।

प्रिन्सिपलजीले खण्डन गर्न खोज्नुभएको बिषय –

नेपाल खाल्डाका पछिल्ला मल्ल राजाहरूले आफूलाई एकै मुख भई कर्णाटवंश्य भनी स्वीकार गरेका छन् । यस कुरामा प्रिन्सिपलजीले शंका उठाउन खोज्नुभएको छ। हामी कसैको वंश निर्णय गर्दा उ र उसका गोतियाहरूले भनेको कुरैलाई प्रमाण मान्दछौं । प्रिन्सिपलजी 'प्रधान' हुनुहुन्छ भन्ने कुरा उहाँकै लेखबाट सिद्ध भइसकेको छ । 'प्रिन्सिपलजी प्रधान हुनुहुन्छ वा मल्ल' ? भन्ने शंका उठाउनु हामी समयको दुरुपयोग मात्र संझन्छौं ।

आफूले बोलेको कुरा सिद्ध गर्ने प्रमाण उहाँसंग भए सो उहाँले प्रकाश गरिदिनुभए हुन्थ्यो । नभए अरू लामो गन्थन गर्नु आफ्नै कमजोरी मात्रै देखाउनु हो ।[२७]

अर्को *इतिहास-संशोधन*को अन्त्य यसरी गरिएको थियो–

प्रिं श्री भैरववाहादुर प्रधानको निराधार कल्पनाको खण्डन

"थ्वया राज्यारोहण जुसेंलि नेपाले मल्लवंशया पुनर्संस्थापन जुल यिनको[२८] (स्थितिमल्लको) राज्यारोहण भएपछि मल्लवंशको पुन:संस्थापन भयो" भनी प्रिं. भैरबवहादुर प्रधानले लेख्नुभएको थियो हामीले यस कुराको र अरु यस्तै आठकुराको समेत गरी जम्मा नौ दोष उहाँको पुस्तकमा देखाइदिएका थियौं ।

हाम्रो इतिहास-संशोधनको यो एककुराको खण्डन उहाँले छेउनटुप्पोको एक लेख 'नेपाल' पत्रिकामा प्रकाशित गराउनु भएको छ । त्यस लेखमा उहाँ लेख्नुहुन्छ –

---

२६. धनवज्र वज्राचार्य २०१२ ।
उही २०१३ ।

२७. उही २०१२:१-२ ।

२८. त्यहाँ प्रूफको गल्तीले जुलयिनको छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"जयराजमल्लदेव जयार्जुनदेवपिं हरिसिंहदेवं च्यूत याम्ह मल्ल जुजुया सन्तान जुइगु यक्व हे संभव दु, तर प्रमाण मलुनि ......मल्वंशया शासन तुतय मजू धका धायत नान्यदेव हरिसिंहदेवपिनि नेपालविजययात ऐतिहासिक हे मखु धका धाय मानि"['नेपाल' २३ पू.]

(जयराजमल्लदेव जयार्जुनदेवहरु हरसिंहदेवले राज्यच्युत गरिएका मल्ल राजाका सन्तान हुनु धेरै संभव छ, तर प्रमाण भेट्टाइएको छैन...

मल्लवंशको शासन टुटेको थिएन भनी भन्नलाई नान्यदेव हरसिंहदेवहरुको नेपालविजयलाई ऐतिहासिकै होइन भनी भन्नु पर्छ)

परन्तु हरसिंहदेव[२९] र उनका मन्त्रीले दोलखातिर आफ्नो अधिकार जमाएतापनि नेपाल उपत्यकाभित्र विजय गर्न सकेका थिएनन् भन्ने कुरा माथिको उद्धरणवाट स्पष्ट भइसकेको छ । यसकारण 'हरसिंहदेवको नेपाल उपत्यका विजय ऐतिहासिक होइन भनी सिद्ध गर, अनि मेरो कुरा खण्डन गर' भनी कुर्लने प्रिं. भैरवबाहादुरजीको इतिहासको अज्ञान प्रकट हुन्छ ।

यसरी प्रिं. भैरवबाहादुरजीले आफ्नो दोष ढाक छोप गर्न जानाजान कल्पनाजालले नेपालको इतिहासलाई धमिल्याइ दिने चेष्टा गर्न लागनुभएको छ । "इतिहास-संशोधन धका च्वया तुन्थी च्वह्म व्यांचा फुले जुइथें फुले जुया क्यनेगु थःगु दुर्वलता जव क्यनेगु जुई" (इतिहास संशोधन भनि लेखी कूवाको भ्यागुतो फुले जस्तै फुलेर देखाउनु आफ्नै दुर्वलता मात्रदेखाउनु हो) भनी इतिहास-संशोधनको परम्परा नचलोस् भन्ने मनोभाव प्रिन्सिपलजीले देखाउनु भएको छ ।

मानिसले भूल गर्नु स्वाभाविक छ । तर बुद्धिमान् मानिस आफ्नो पहिलेको भूल सुधार गरी सुमार्गतिर लागदछ । भारतमा मुगल साम्राज्यका संस्थापक बावरले जरफ्शाको पूलको लड़ाइँमा शैवानीको जुन चालद्वारा समरकन्दको राज्य गुमाउनु परेथ्यो, पछि उही चालले हिन्दुस्थानको राज्य प्राप्त गरेथे ।

प्रिन्सिपलजी ! तपाईले पहिले जानेर वा नजानेर ठूलठूला भूल गर्नुभएको थियो । ती भूलले तपाईंको अज्ञानको साथसाथै दुनियाँमा भ्रमात्मक विचार फैलने हुनाले ती भूलको सुधार होस् भनी हामीले तपाईलाई सल्लाह दिएका थियौं । परन्तु तपाई झन बढता भूल गर्न लागनुभएको छ । आफूले बोलेको कुरा सिद्ध गर्न शक्ने प्रमाण तपाईसंग छ भने देखाउनुहोस्, नभए आफ्नो भूल स्वीकार गर्नुहोस् । भूल स्वीकार गरेर मानिस सानो हुँदैन । हामीले तपाईंलाई मात्रै भनेका होइनौं । हामीले गरेका संशोधन कतिले स्वीकार गरिसके तपाईले स्वीकार नगर्दैमा साँचो कुरा झुटो हुँदैन । केवल तपाईंको दुराग्रह मात्र देखिन आउँछ । पछिका इतिहासकारहरुले तपाईको दुराग्रहलाई धिक्कारनेछन् । यदि तपाईलाई आत्मविश्वास छ भने आउनुहोस् शास्त्रार्थको[३०] परम्परा चलाऔं । 'आफ्नो देशको वास्तव इतिहास तयार होस्' भनी परिश्रमसाथ अन्वेषण र अध्ययन गरी इतिहास-संशोधन गर्नुलाई तपाई 'कूपमण्डूकता भन्नुहुन्छ । अरुले खोजी प्रकाशित गरी सकेको कुरोलाई समेत उपयोग गर्न नसकी अशुद्ध इतिहास लेखी भ्रम फैलाउनु चाहिं के तपाईंको दृष्टिमा विद्वत्ता हो ? योद्धाको बल युद्धमा र विद्वान्को वल शास्त्रार्थमा देखिन्छ । यसैले को बलियो, को नबलियो छुटचाउन हामीले शास्त्रार्थ गर्न तपाईलाई आह्वान गरेका थियौं । हाम्रो सो आह्वान अहिले पनि छँदैछ ।

'तद्‌गृह्णीमो यत्परीक्षोपपन्नम्'

(गंगाधरशास्त्री)

---

२९. त्यहाँ प्रूफको गल्तीले हरसिंहदव छापिएको छ ।

३०. त्यहाँ प्रूफको गल्तीले शास्त्रर्थको छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परीक्षाद्वारा जुन कुरो ठीक ठहरिन्छ, हामी त्यही लिन्छौं । हामी दुराग्रह गर्दैनौं । प्रमाणद्वारा हाम्रो भूल देखाइदिनुहोस् । हामी स्वीकार गर्छौं ।[३१]

त्यसको २ महीनापछि अर्थात् वि.सं. २०१३ फागुन २६ गते बाध्य भएर हामीले एउटा पर्चा निकाल्नुपऱ्यो । त्यस पर्चाको शीर्षक *पुरातत्त्व-विभाग सावधान भई काम गरोस्* भन्ने थियो ।[३२] ज. सुरशमशेर ज.ब.रा.को क्याम्पमा भेट्टाइएको, प्रताप मल्लको नेपाली भाषाको शिलापत्रको अर्को प्रति वि.सं. २०११ मै ज्ञानमणि नेपालका चेला, हाम्रो पाठशालाका विद्यार्थीहरूले छपाइसकेकोमा[३३] वि.सं. २०१३ फागुन २५ गतेको *गोरखापत्र*मा *पुरातत्त्व-विभागको नयाँ खोज* भनी छापिएको खबरको खण्डन त्यस पर्चामा थियो ।

अब धनवज्र वज्राचार्य कसिएर शोधखोजको काममा लाग्नुभयो र परिणामस्वरूप वि.सं. २०१४ जेठ १२ गतेदेखि २०१५ वैशाख १६ गतेभित्र ३ वटा *इतिहास-संशोधन*पत्र उहाँले निकाल्नुभयो ।[३४]

बुबाले पनि अबदेखि *विद्या-रक्षा*को नाउँले आफ्नो लेखमाला चलाउने विचार गर्नुभयो र वि.सं. २०१५ फागुन १४ गते *विद्या-रक्षा* १ सङ्ख्या निकाल्नुभयो ।[३५]

वि.सं. २०१३ फागुन २६ गते निस्केको *पुरातत्त्व-विभाग सावधान भई काम गरोस्* भन्ने पर्चालाई *सावधान-पत्र* १ सङ्ख्या मानी वि.सं. २०१६ जेठ २२ गते *सावधान-पत्र* २ सङ्ख्या निकालियो ।[३६] अनि मङ्सीर १५ गतेदेखि माघ १ गतेभित्र धनवज्र वज्राचार्यका ३ वटा *इतिहास-संशोधन* निस्किए ।[३७] त्यसपछि माघ २७ गते *विद्या-रक्षा* २ सङ्ख्या निस्कियो ।[३८] अनि फागुन १ गते *इतिहास-संशोधन* ४८ क्रमागत सङ्ख्या निस्कियो ।[३९] यसको २२ दिनपछि अर्थात् फागुन २३ गते *इतिहास-संशोधन* ४९ क्रमागत सङ्ख्या प्रकाशित भयो ।[४०]

---

३१. धनवज्र वज्राचार्य २०१३:९-१२ । टिप्पणीमा लेखिएका कुराको उद्धरण यहाँ गरिएको छैन ।
३२. मोहननाथ पाण्डे, गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१३ ।
३३. श्यामराज पोखेल, मोहननाथ पाण्डे, बाबुराम नेपाल, किशोरमणि आ.दी. र सुशीलकुमार पोखेल २०११: ९३-९७ ।
३४. धनवज्र वज्राचार्य २०१४ ।
उही २०१४ क ।
उही २०१५ ।
३५. नयराज पन्त २०१५ ।
३६. धनवज्र वज्राचार्य २०१६ ।
३७. उही २०१६ क ।
उही २०१६ ख ।
उही २०१६ ग ।
३८. नयराज पन्त २०१६ क ।
३९. धनवज्र वज्राचार्य २०१६ घ ।
४०. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१६ क ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०१६ फागुन २८ गतेदेखि दिव्यवज्र वज्राचार्यले *इतिहास-संशोधन*पत्रको शैलीमा *आयुर्वेद-रक्षा* निकाल्न थाल्नुभयो ।[४१] त्यहाँ आयुर्वेदका वर्तमानकालका नेपाली र भारतीय वैद्यहरूले वा नेपाली डाक्टरहरूले लेखेका गलत कुराको खण्डन आयुर्वेदका शास्त्रीय ग्रन्थको आधारमा गरिन्थ्यो । बुवाले यसको १ वर्ष जतिअगाडि अर्थात् वि.सं. २०१५ फागुन १४ गतेदेखि निकाल्न थाल्नुभएको *विद्या-रक्षा*[४२]को छाँटमा यसको नाउँ *आयुर्वेद-रक्षा* राखिएको थियो ।

यसपछि वि.सं. २०१६ चैत्र १५ गते *इतिहास-संशोधन* ५० क्रमागत सङ्ख्या निस्कियो ।[४३] यसको १ महीना नाघेपछि वि.सं. २०१७ वैशाख २० गते *आयुर्वेद-रक्षा* २ सङ्ख्या निस्कियो ।[४४] अनि असार १० गते *इतिहास-संशोधन* ५१ क्रमागत सङ्ख्या निस्कियो ।[४५] यसको १९ दिनपछि असार २९ गते *आयुर्वेद-रक्षा* ३ सङ्ख्या निस्कियो ।[४६] साउन १७ गते र भाद्र २ गते गरी *विद्या-रक्षा* ३ र ४ सङ्ख्या निस्किए ।[४७] भदौ १६ गते *आयुर्वेद-रक्षा* ४ सङ्ख्या[४८] र धन्वन्तरि-त्रयोदशीको दिन *आयुर्वेद-रक्षा* ५ सङ्ख्या[४९] छापियो । वि.सं. २०१२ माघपूर्णिमा[५०]देखि छापिन लागेको *व्याकरण-संशोधन*को ६ सङ्ख्या[५१] वि.सं. २०१७ कार्तिक ७ गते प्रकाशित भयो । अनि कार्तिक ३० गते *आयुर्वेद-रक्षा* ६ सङ्ख्या निस्कियो ।[५२] त्यसपछि मङ्सीर १५ गते *व्याकरण-संशोधन* ७ सङ्ख्या प्रकाशित भयो ।[५३] पूस ५ गते *आयुर्वेद-रक्षा* ७ संख्या निस्कियो ।[५४] अनि पूस १४ गते *सावधान-पत्र* ३ सङ्ख्या[५५] र ३० गते *व्याकरण-संशोधन* ८ सङ्ख्या[५६] निस्कियो । यसपछि माघ २२ गते *आयुर्वेद-रक्षा* ८ सङ्ख्या छापियो ।[५७] अनि फागुन १८ गते *व्याकरण-संशोधन* ९ सङ्ख्या

४१. दिव्यवज्र २०१६ ।
४२. नयराज पन्त २०१५ ।
४३. धनवज्र वज्राचार्य २०१६ ङ ।
४४. दिव्यवज्र २०१७ ।
४५. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ।
४६. दिव्यवज्र २०१७ क ।
४७. नयराज पन्त २०१७ ।
उही २०१७ क ।
४८. दिव्यवज्र २०१७ ख ।
४९. उही २०१७ ग ।
५०. भोलानाथ पौडेल २०१२ क ।
५१. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ क ।
५२. दिव्यवज्र २०१७ घ ।
५३. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ख ।
५४. दिव्यवज्र २०१७ ङ ।
५५. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ग ।
५६. उही २०१७ घ ।
५७. दिव्यवज्र २०१७ च ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशित भयो ।[५८] अन्त्यमा चैत्र २७ गते *आयुर्वेद-रक्षा* ९ सङ्ख्या निस्कियो ।[५९]

वि.सं. २०१८ देखि तीन तीन महीनामा हाम्रो नियमित प्रकाशन हुन थाल्यो । यसभन्दा अगाडि हाम्रो पाठशालाको नाउँसुद्धा राखिएको थिएन । वि.सं. २०१८ देखि हामीले आफ्नो संस्थाको नाउँ संशोधन-मण्डल राखी काम गर्न थाल्यौं । यसपछि छाप्नको लागि आआफैंले पुरानै छाँटले पैसा हालिरहनुपरे तापनि बुबा र उहाँका शिष्यप्रशिष्यका कृतिको प्रकाशक संशोधन-मण्डल भयो, वैद्य दिव्यवज्रको *आयुर्वेद-रक्षा*को प्रकाशनचाहिँ उहाँ आफैंले गरिरहनुभयो ।

वि.सं. २०१८ वैशाखसङ्क्रान्तिको दिन संशोधन-मण्डलको पहिलो प्रकाशन *अभिलेख-संग्रह* १ भाग छापियो ।[६०] त्यसपछि जेठ ५ गते *विद्या-रक्षा* ५ सङ्ख्या प्रकाशित भयो ।[६१] अनि जेठ २४ गते *आयुर्वेद-रक्षा* १० सङ्ख्या छापियो ।[६२] श्रावणसङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* २ भाग[६३] र कार्तिकसङ्क्रान्तिको दिन ३ भाग[६४] निस्कियो । अनि कार्तिक ६ गते *आयुर्वेद-रक्षा* ११ सङ्ख्या[६५] र धन्वन्तरिजयन्तीको दिन १२ सङ्ख्या[६६] छापियो । संशोधन-मण्डलबाट *विद्या-रक्षा* ६ सङ्ख्या[६७] र जगदम्बा-प्रकाशनबाट *गल्लीमा फ्याँकिएका कसिंगर*[६८] गरी मार्गसङ्क्रान्तिको दिन हाम्रा सानाठूला २ कृति छापिए । त्यसको १३ दिनपछि *विद्या-रक्षा* ७ सङ्ख्या छापियो ।[६९] त्यसपछि पूस १ गते *इतिहास-संशोधन* ५२ क्रमागत सङ्ख्या,[७०] माघे सङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* ४ भाग,[७१] माघ १५ गते *इतिहास-संशोधन* ५३ क्रमागत सङ्ख्या[७२] र माघ २१ गते *व्याकरण-संशोधन* १० सङ्ख्या[७३] प्रकाशित भयो ।

---

५८. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ङ ।

५९. दिव्यवज्र २०१७ छ ।

६०. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१८ ।

६१. नयराज पन्त २०१८ ।

६२. दिव्यवज्र २०१८ ।

६३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१८ क ।

६४. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८ ।

६५. दिव्यवज्र २०१८ क ।

६६. उही २०१८ ख ।

६७. नयराज पन्त २०१८ क ।

६८. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८ ।

६९. नयराज पन्त २०१८ ख ।

७०. गौतमवज्र वज्राचार्य २०१८ ।

७१. नयनाथ पौडेल २०१८ ।

७२. महेशराज पन्त २०१८ ।

७३. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८ क ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिलेख-सङ्ग्रह ५ भाग[७४] र *इतिहास-संशोधन* ५४ क्रमागत सङ्ख्या[७५] गरी वि.सं. २०१९ वैशाख-सङ्क्रान्तिको दिन हाम्रा २ कृति छापिए। अनि वैशाख १२ गते *विद्या-रक्षा* ८ सङ्ख्या,[७६] वैशाख २४ गते ९ सङ्ख्या[७७] र असार १५ गते १० सङ्ख्या[७८] प्रकाशित भयो। अनि असार १८ गते *आयुर्वेद-रक्षा* १३ सङ्ख्या छापियो।[७९] श्रावणसङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* ६ भाग[८०] र कार्तिकसङ्क्रान्तिको दिन ७ भाग[८१] छापिए। अनि कार्तिक ७ गते *विद्या-रक्षा* ११ सङ्ख्या प्रकाशित भयो।[८२] वि.सं. २०१२ फाल्गुनपूर्णिमा[८३]देखि छापिन थालेको *पञ्चाङ्ग-संशोधन*को ४ सङ्ख्या[८४] वि.सं. २०१९ कार्तिक ९ गते छापियो। त्यसको भोलिपल्ट धन्वन्तरिजयन्तीको दिन *आयुर्वेद-रक्षा* १४ सङ्ख्या छापियो।[८५] अनि कार्तिक २२ गते *पञ्चाङ्ग-संशोधन* ५ सङ्ख्या छापियो।[८६] यसपछि मङ्सीर ११ गते *आयुर्वेद-रक्षा* १५ सङ्ख्या निस्कियो।[८७] यसको ५ दिनपछि *विद्या-रक्षा* १२ सङ्ख्या प्रकाशित भयो।[८८] मङ्सीरमा र पूस २७ गते गरी वि.सं. २०१९ मा एउटा *इतिहास-संशोधनको प्रमाण-प्रमेय*[८९] र अर्को *त्रिरत्न-सौन्दर्य-गाथा*[९०] गरी हाम्रा २ वटा मोटा कृति छापिए। तिनमा पहिलो जगदम्बा-प्रकाशनबाट र दोस्रो नेपाल-सांस्कृतिक-परिषद्बाट प्रकाश भएको हो। त्यसपछि माघे सङ्क्रान्तिमा *अभिलेख-संग्रह* ८ भाग,[९१] श्रीपञ्चमीको दिन *इतिहास-*

---

७४. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९।

७५. गौतमवज्र वज्राचार्य २०१९।

७६. नयराज पन्त २०१९ क।

७७. उही २०१९ ख।

७८. उही २०१९ ग।

७९. दिव्यवज्र २०१९।

८०. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ क।

८१. उही २०१९ ख।

८२. नयराज पन्त २०१९ घ।

८३. रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०१२ क।

८४. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०१९।

८५. दिव्यवज्र २०१९ क।

८६. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०१९ क।

८७. दिव्यवज्र २०१९ ख।

८८. नयराज पन्त २०१९ ङ।

८९. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९।

९०. धनवज्र वज्राचार्य २०१९।

९१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ ग।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन ५५ क्रमागत सङ्ख्या[९२] छापियो। अन्त्यमा चैत ७ गते *सावधान-पत्र* ४ सङ्ख्या छपाएर हामीले २०१९ साल पूरा गर्‍यौं।[९३]

वि.सं. २०२० को वैशाखसङ्क्रान्तिमा *अभिलेख-संग्रह* ९ भाग[९४] र अक्षयतृतीयाको दिन *इतिहास-संशोधन* ५६ क्रमागत सङ्ख्या[९५] प्रकाशित भयो। जेठ १८ गते *सावधान-पत्र* ५ सङ्ख्या[९६] र जेठ २८ गते ६ सङ्ख्या[९७] निस्कियो। असार ७ गते *इतिहास-संशोधन* ५७ क्रमागत सङ्ख्या,[९८] ८ गते *सावधान-पत्र* ७ सङ्ख्या,[९९] ९ गते *इतिहास-संशोधन* ५८ क्रमागत सङ्ख्या[१००] र *पञ्चाङ्ग-संशोधन* ६ सङ्ख्या,[१०१] १७ गते *इतिहास-संशोधन* ५९ क्रमागत सङ्ख्या,[१०२] २४ गते *सावधान-पत्र* ८ सङ्ख्या[१०३] र २५ गते *सावधान-पत्र* ९ सङ्ख्या[१०४] प्रकाशित भयो। साउने सङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* १० भाग,[१०५] साउन ७ गते *सावधान-पत्र* १० सङ्ख्या,[१०६] २८ गते *इतिहास-संशोधन* ६० क्रमागत सङ्ख्या[१०७] निस्कियो। भाद्र १५ गते *सावधान-पत्र* ११ सङ्ख्या छापियो[१०८] र भाद्र १८ गते *आयुर्वेद-रक्षा* १६ सङ्ख्या निस्कियो[१०९]। यही नै *आयुर्वेद-रक्षा*को अन्तिम सङ्ख्या बन्न गयो।

यसरी वि.सं. २०१६ फागुन २८ गतेदेखि वि.सं. २०२० भाद्र १८ गतेसम्मको झण्डै साढे ३ वर्ष *आयुर्वेद-रक्षा* हाम्रै पाठशालाको कृति जस्तो भई प्रकाशित भयो। भनाइको मतलब के हो भने बुबा आफ्नो कृति र आफ्ना शिष्यप्रशिष्यका कृतिको सम्पादनमा जसरी समय खर्च गर्नुहुन्थ्यो, झण्डै झण्डै त्यस्तै छाँटले

९२. महेशराज पन्त २०१९।
९३. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१९।
९४. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०।
९५. महेशराज पन्त २०२०।
९६. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२०।
९७. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०।
९८. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० क।
९९. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क।
१००. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० ख।
१०१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०२०।
१०२. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० ग।
१०३. देवीप्रसाद भण्डारी २०२०।
१०४. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ख।
१०५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क।
१०६. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ग।
१०७. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० घ।
१०८. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० घ।
१०९. दिव्यवज्र २०२०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुबाले *आयुर्वेद-रक्षा*मा आफ्नो समय लगाउनुहुन्थ्यो । *आयुर्वेद-रक्षा*का सबै सङ्ख्या छापिनुअगाडि दिव्य-वज्र बुबालाई बाचेर सुनाउनुहुन्थ्यो र आवश्यक सुधार दुवै जना मिली गर्नुहुन्थ्यो, अनि मात्र त्यसलाई प्रेसमा पठाइन्थ्यो । आयुर्वेद त बुबाको आफ्नो विषय नभएको हुनाले विषयवस्तुमा बुवाले खास थपघट गर्न सक्नुहुन्थ्यो जस्तो मलाई लाग्दैन, प्रस्तुतीकरणमा भने बुबाको निकै हात थियो ।

वि.सं. २०१० मा भैरवबहादुर प्रधानको लेखको आलोचना गर्दा बाभन आउने दिव्यवज्रले ६ वर्ष ४ महीनापछि त्यही शैलीमा लेख्न थाल्नुभयो । संस्कृतविद्याबाट काम लिने हो भने विद्वान्‌को रूपमा लोकमा प्रतिष्ठित, तर वास्तवमा अनवबुद्ध मानिसहरूका लेखको खण्डन गरी तिनीहरूको पर्दाफास गर्नुबाहेक अर्को बाटो छैन भन्ने कुरामा बुबाको दृढ विश्वास भएकोले र आयुर्वेदलाई कार्यक्षम बनाउने हो भने हामीले इतिहासको फाँटमा गरे जस्तै काम अब तपाईंले आयुर्वेदको फाँटमा गर्नुपर्छ, होइन भने मसँग सङ्गत गरेर केही फाइदा छैन भनी बुबाले वारंवार भन्नुभएकोले नै उहाँ यस काममा आधा मनले लाग्नुभएको जस्तो मलाई लाग्छ ।

यस कामबाट दिव्यवज्रका धेरै इष्टमित्र तोडिए । *आयुर्वेद-रक्षा*को आरम्भ नै उहाँका सजातीय एक जना कविराजको लेखको खण्डनबाट भएको थियो ।[११०] उहाँले गुरु मान्नुभएका कविराज मुक्तिनाथ शर्माको पनि *आयुर्वेद-रक्षा*मा आलोचना भएको थियो ।[१११] यी १६ वटा *आयुर्वेद-रक्षा*मध्ये ७ वटा राणाराज्यमा र पछि पनि दरबारका भित्रिया हुन सफल,[११२] त्यसताकाका वैद्यकविराजमध्ये प्रतिष्ठिततम, सरदार पदले विभूषित, आयुर्वेदाचार्य, प्र.गो.द.बा. कविराज शिवनाथ रिमाल[११३] वा उनका भाइ[११४]भतिजा[११५]का लेखको खण्डनमा लेखिएका थिए । कविराज शिवनाथ रिमालका भाइ नरेन्द्रनाथ रिमालको खण्डन ४ वटा *आयुर्वेद-रक्षा*मा भएकोमा अघिल्ला ३ वटामा उनका दाजु शिवनाथ रिमाललाई मुखपृष्ठमै लतारिएको छ ।[११६] ती वाक्य पढ्दा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको वि.सं. २०१२ मा छापिएको *इतिहास-*

११०. उही २०१६ ।

१११. उही २०२० ।

११२. शिवनाथ कविराजका कम्युनिस्ट भतिजाले गाएको उनको प्रशस्तिको लागि अरविन्द रिमाल २०६२: ५१८-५३५ हेर्नू ।

११३. दिव्यवज्र २०१७ घ र २०१७ ङ ।

११४. उही २०१७ क, २०१७ ख, २०१७ ग र २०१८ ख ।

११५. उही २०१७ च ।

११६. उही २०१७ क ।
उही २०१७ ख ।
उही २०१७ ग ।
सबभन्दा पछिल्लो (दिव्यवज्र २०१८ ख:मुखपृष्ठ)मा शिवनाथ कविराजको नाउँ नदिए तापनि त्यस *आयुर्वेद-रक्षा*को अन्त्यमा यस्तो लेखिएको छ–

> **शास्त्र पढ्ने पढाउने काममा नलागी चाकडी र दाउपेचका भरले आफ्नो स्वार्थ सिद्ध गरी विद्याको अवनति गर्ने परंपरामा लागेका कविराज श्रीशिवनाथ र उहांका अनुयायीहरूका लेखमा पत्रैपिच्छे थुप्रा अशुद्धि हुनु स्वाभाविक छ। तिनलाई म क्रमशः देखाउदै जानेछु। दुई चारवटाको मुख हेरी विद्याको नाश गर्न सकिदैन।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन ५ सङ्ख्यामा केशरबहादुर खत्री क्षत्रीको खण्डन गर्दा उनका उपकारी ज्यूजेपे तुच्चीलाई लतार्दै लेखिएका वाक्यको अनुकरणमा *आयुर्वेद-रक्षा*मा त्यस्ता वाक्य लेखिएका थिए भनी सहजै भन्न सकिन्छ ।[११७]

पाटीवास भोग्नुपरे पनि म आफ्नो जीवनभर विद्याको पठन-पाठनमै लागिरहनेछु[११८] भन्ने भीष्मप्रतिज्ञा भोलानाथ पौडेलले वि.सं. २०१२ मा गरे जस्तै त्यसको ५६ महीना जतिपछि दिव्यवज्र वज्राचार्यले यस्तो लेख्नुभएको थियो –

> अतः संस्कृत नपढेका आयुर्वेद–शास्त्रको मर्म नबुझेका यूरोपको विचार धारामा रङ्गिएका केही मानिसहरूले लेखेका कुरा सारी आयुर्वेदलाई नाश गर्ने काम गर्न क० नरेन्द्रनाथजी लाग्नुभएको छ भन्ने कुरा यसवाट स्पष्ट छ। यस्तो काम गरी डाक्टरको पुच्छर वनी उहांहरू वस्नुहुन्छ भने वस्नुहोस्। मलाई कपाल दुखेको छैन। तर आयुर्वेद–महारथी वनी उहांहरू यस्तो कामहरू गर्नुहुन्छ भने मेरो प्राण रहेसंम म यस्तो कुराको विरुद्ध बोलि नै रहन्छु। किनभने आयुर्वेदको नाममा यूरोपका अधकल्चा विचार प्रचार भएको म हेर्न सक्तिनं।[११९]

दिव्यवज्रको यो काम उहाँका घरपरिवारलाई पनि मन परेको थिएन ।[१२०] अरू त के कुरा, यही शैलीमा *इतिहास-संशोधन* चलाइरहेका उहाँका भाइ धनवज्र पनि *आयुर्वेद-रक्षा*को विरोधमा हामीसँग कुरा

---

११७. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१२:मुखपृष्ठ र २० ।

११८. भोलानाथ पौडेल २०१२ । मसँग यो नभएकोले दोस्रो संस्करण (भोलानाथ पौडेल २०१६:४)वाट माथिको वाक्य उद्धरण गरेको हुँ ।

मैले अन्यत्र (महेशराज पन्त २०६०:६) यस विषयमा यस्तो लेखेको थिएँ –

> अझ त्यसमाथि मेरो हकमा त जसले जस्तोसुकै खिचलो गरे पनि पाटीवास भोग्नु परे पनि म आफ्नो जीवनभर विद्याको पठन-पाठनमै लागिरहनेछु* भनी भीष्मप्रतिज्ञा गर्ने एक मात्र मान्छे भोला गुरु नै हुनुहुन्छ।
>
> *भोलानाथ पौडेलद्वारा वि.सं. २०१२ मा ललितपुरवाट प्रकाशित र रचित *इतिहास-संशोधन*को प्रस्तावना। यसको दोस्रो संस्करण वि.सं. २०१६ मा भएको हो त्यसमा पनि त्यो प्रतिज्ञा दोहऱ्याइएको छ।

मैले आफ्नो लेखमा हालेको टिप्पणी अर्थात् लगत्तै माथि उद्धरण गरिएका वाक्यमध्ये अन्तिम २ वाक्य अहिले एउटा पुस्तक (प्रपन्नाचार्य २०६२:५६१)मा अक्षरशः खुरुक्क सारिएको छ, खालि फरक के छ भने मैले पहिलो वाक्यको अन्त्यमा दण्ड हालेको थिएँ, त्यहाँ यस्तो , चिह्न हालिएको छ ।

११९. दिव्यवज्र २०१७ ख ।

१२०. दिव्यवज्रका छापिएका र छापिन बाँकी केही लेखहरूको सङ्कलन गरी उहाँका सन्तानले हालै निकालेको पुस्तिका (दिव्यवज्र वज्राचार्य २०६३)को पछाडिको जिल्दमा उहाँका कृतिको सूची छापिएको छ । उहाँले खोल्नुभएको स्वास्थ्यशिक्षाश्रममा पढ्ने १४ जना विद्यार्थीको नाउँमा छापिएको *शार्ङ्गधरीय शब्दकोश*लाई त्यहाँ दिव्यवज्रको नाउँमा दर्ता गरिएको छ । तर दिव्यवज्रको आफ्नै नाउँमा छापिएका १६ वटा *आयुर्वेद-रक्षा*को चाहिँ नामोनिशान नहुनाले र त्यही पुस्तिकामा छापिएको, उहाँका घरपरिवारले उहाँको गुणानुस्मरण गरी लेखेको लेख (पीयूषवर्षी औषधालयपरिवार २०६३:ब-ल)मा पनि उहाँका अरू क्रियाकलापको चर्चा गर्दा *आयुर्वेद-रक्षा*को प्रकाशनको विषयमा एक शब्द पनि नपर्नाले मैले माथि लेखेको कुराको पुष्टि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुहुन्थ्यो । आफूचाहिँ त्यही शैलीमा काम गर्दै जाने, अर्को मान्छेले त्यही शैलीको अनुसरण गरी काम गरेकोमा हाम्रो बल बढ्यो भनी सम्झनुपर्नेमा झन् उल्टो विरोध गरेको देखेर धनवज्रमा आफूले गरिरहेको काममा श्रद्धा वा विश्वास छैन रहेछ, बुबापछिका हाम्रा अगुवा त यस्ता छन् भने हाम्रो काम कसरी सफल होला भन्ने मलाई लाग्थ्यो । हुन पनि त्यस्तै रहेछ । नेपाल-अध्ययनसंस्थानमा सानो मौका पाउनेबित्तिकै उहाँले यस शैलीमा काम गर्न चटक्क छोडिदिनुभयो ।

यसरी *आयुर्वेद-रक्षा* निक्लँदै जाँदा यसको प्रतिवादको रूपमा एकदुइ जनाले लेख पनि नलेखेका होइनन् । तिनमा सबभन्दा मुखर भई शिवनाथ कविराजका एक जना भतिजा आएका थिए र उनले *पुरुषार्थ-परिचय* भन्ने पर्चासमेत छपाएका थिए ।[१२१]

गौतमवज्र वज्राचार्यको वि.सं. २०१९ को वैशाखसङ्क्रान्तिमा निस्केको *इतिहास-संशोधन*[१२२]मा बुवाहरूको *नेपालको संक्षिप्त इतिहास*मा परेका केही अशुद्धिको पनि खण्डन गरिएकोले आफ्ना चेलाहरूले आफ्नो खण्डन गर्दा त्यसको स्याबासी दिने परम्परा[१२३] आफूले बसाएअनुसार त्यसमा बुवाले लेख्नुभएको *अभिनन्दन* पनि छापिएको छ । त्यही *अभिनन्दन*मा बुबाले लेख्नुभएको केही कुराको उद्धरण यहाँ गर्नु प्रासङ्गिक नै होला–

> अहिले नानी गौतमवज्र वज्राचार्यले श्रीतोत्रराज र मेरो संयुक्त परिश्रमको रूपमा निस्केको नेपालको संक्षिप्त इतिहास मा परेको अशुद्धिलाई भेट्टाई प्रकाश गर्न लागेका छन् । यिनले आफ्ना कान्छा बाबु नानी धनवज्र वज्राचार्यसँग पढेका हुन् । यिनले आफ्ना पिता वैद्य दिव्यवज्र वज्राचार्यबाट प्रेरणा पाएका हुन् तथा अलिकता मसँग पनि पढेका छन् ।
>
> संस्कृतभाषा धार्मिक कर्मको लागि नै उपयुक्त छ भन्ने कुरामा आजभोलि साधारण विश्वास जम्न गएको छ । त्यस कारण संस्कृतभाषामा पौरोहित्यवृत्ति नभएकाहरूको रुचि नहुनु स्वाभाविक हुन गएको छ । हुनत धर्मात्मा कहलाएकाहरूसँग मेरो संगत विशेष छैन तथा मेरो पौरोहित्यवृत्ति पनि छैन भने हुन्छ । तैपनि संस्कृतभाषाको भक्त म भएको हुनाले पौरोहित्यवृत्ति नगर्ने वंशमा जन्मेकाहरू प्रायः मकहाँ पढ्न आउँदैनन् । *इतिहास–संशोधन* गर्नाले धर्म हुने वा जजमानी गर्न सजिलो हुने होइन । तैपनि *इतिहास–संशोधन* गर्ने २१ जनामा २० जना पौरोहित्यवृत्तिमा अधिकार पाएकाहरू नै

---

१२१. *आयुर्वेद-रक्षा* ६ सङ्ख्या (दिव्यवज्र २०१७ घ)मा शिवनाथ कविराजको खण्डन आउँदा उनका भतिजा मुकुन्दनाथ रिमालले निकालेको *पुरुषार्थ-परिचय* १ अङ्क मैले हेरेको हुँ । तर अहिले मसँग *पुरुषार्थ-परिचय* छैन । यसको खण्डन *आयुर्वेद-रक्षा* ८ सङ्ख्या (दिव्यवज्र २०१७ च)मा छ ।

१२२. गौतमवज्र वज्राचार्य २०१९ ।

१२३. नयराज पन्त २०११ ।
उही २०१६ ।
उही २०१६ क ।
उही २०१६ ग ।
उही २०१६ घ ।
उही २०१६ ङ ।
उही २०१८ ग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए । अहिले बाँकी ८ जनामा पनि ५ जना ब्राह्मण र २ जना वज्राचार्य (गुभाजू) छन् । एकजना नानी शङ्करमान राजवंशी मात्र पौरोहित्य नगर्ने कुलका छन् ।

हाम्रो देशमा आजभोलि चलेको इतिहासको पढाइलाई अंग्रेजी शिक्षाले ल्याएको हो । यस कुरालाई खुलाएर *इतिहास-संशोधन* ४८ क्रमागत संख्यामा लेखेको छु । अंग्रेजी शिक्षालाई काम लाग्ने भनी कहलाएको इतिहासलाई र धर्मकर्मका लागि काम लाग्ने भनी कहलाएको संस्कृतलाई एक ठाउँमा मिलाउन खोज्दा साधारण मनुष्यको दृष्टिमा मेरो स्थिति अचम्मको बन्न गएको छ । मेरो तर्कलाई प्रत्यक्ष खण्डन गर्ने युक्ति नपाउँदा शास्त्रार्थका मैदानमा मेरा कुरा काट्न मानिसहरू नउत्रे तापनि कोठे गफको रूपमा मेरा कुरा काट्नेहरू प्रशस्त छन् । इतिहास-संशोधनहरूले केही धूर्तको स्वार्थमा बाधा दिएको छ । यस कारण उनीहरूले कुरा काट्नु स्वाभाविक थियो। यसो नभई साधारण मनुष्यहरू पनि कुना काप्चामा बसी मेरो जो कुरा काट्छन्, त्यसको हेतु सोही वैचित्र्य नै छ ।

पौरोहित्यवृत्तिमा शुद्ध संकल्प भनेको र अशुद्ध संकल्प भनेकोमा प्रत्यक्ष फल यहाँ नदेखिने हुनाले र हतौडीहरूको भरमा नै विशेष काम चल्ने हुनाले त्यस वृत्तिमा लागेकाहरूमा अहिले सूक्ष्म चिन्तनको केही कमी देखिन्छ । मन शुद्ध भयो भने सबै शुद्ध हुन्छ भन्ने व्यापक भनाइले पनि त्यतातिर विद्या बढ्न दिएको छैन ।

हुनत निष्काम कर्म गर्नु बढिया हो, तर व्यवहारमा यो कुरो गर्नु सजिलो छैन । यो कुरामा मनुहरूले बहस नउठाएका पनि होइनन् । जस्तै-

कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता ।

(मनुस्मृति २।२)

[कुनै कामना राखी काम गर्नु बढिया होइन, तर कामना नराखेको देखिँदैन ।]

अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिंचित् ।
यद्यद्धि कुरुते किंचित्तत्तत्कामस्य चेष्टितम् ॥

(मनुस्मृति २।४)

[कामना नभएको मनुष्यले यहाँ कहिले केही काम गरेको देखिँदैन, जे जे काम गरिन्छ, त्यो सबै कामनाकै फल हो ।]
इत्यादि

संस्कृत शिक्षाको लौकिक उपयोग केही नदेखिएकोले यतातिर मनुष्यको रुचि नभएको हो भन्ने कुरा देखाउन मैले यति बोलेको हुँ ।

यस्तो हुँदाहुँदै वैद्य दिव्यवज्र वज्राचार्यबाट पढाउनाका लागि स्थान बाह्रौं वर्षदेखि जो मैले पाइरहेछु, उहाँका भाइ छोराले मेरो अनुशासनमा रहेर आजसम्म जो पढ्नु पढाउनु गरिरहेछन्, यसमा वैद्य दिव्यवज्रको मनःस्थितिले स्पष्टतः काम गरेको छ । सो मनःस्थितिको विषयमा सकेसम्म मैले सूक्ष्म विचार गरेको छु । दिव्यवज्रजीलाई सफल वैद्य भई काम गर्ने इच्छा छ । आयुर्वेदको गम्भीर अध्ययन गर्नु यसको लागि अनिवार्य छ । आयुर्वेदले संस्कृतलाई अत्यावश्यक बनाएको छ । यही कारणले वैद्य दिव्यवज्रको घर मेरो पढाउने ठाउँ बन्न सकेको हो । हुनत वैद्य दिव्यवज्रजीलाई पनि शुरू शुरूमा इतिहास-संशोधन अप्रिय नभएको होइन । यस अवस्थामा उहाँको मनमा दोधार पनि उठ्यो होला । तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आखिरमा संस्कृतको प्रेमले उहाँलाई मबाट पर जान दिएन । वैद्य दिव्यवज्रको हातबाट आयुर्वेद-रक्षा जो निस्किरहेछन्, यसको प्रत्यक्ष प्रमाण यही हो ।

यस कारण अहिले वैद्य दिव्यवज्र, नानी धनवज्र, नानी गौतमवज्रहरूको साथसाथै आयुर्वेद-रक्षा र यस इतिहास-संशोधनको अभिनन्दन गर्नु मैले आफ्नो कर्तव्य सम्झेको छु ।

नानी गौतमवज्रले देखाएका मेरा दोषलाई मैले हृदयदेखि नै स्वागत गरेको छु । यस्ता संशोधन-पत्र अरू अरू निकाल्दै गई थिनी सफल इतिहासकार बनून् भन्ने मेरो आशीर्वाद छ । मेरो आशीर्वाद लाग्छ कि लाग्दैन भन्ने कुरा भविष्यमा भर पर्दछ ।[१२४]

बुबाले यस्तो लेख्नुभएको झण्डै डेढ वर्षसम्म *आयुर्वेद-रक्षा* चल्यो र अरू ४ वटा *आयुर्वेद-रक्षा* छापिए ।[१२५] यसपछि *आयुर्वेद-रक्षा* प्रकाशित हुन छोड्दा इतिहास र ज्यौतिषको फाँटमा आफूले चलाए जस्तै संस्कृतविद्याका अरू अरू शाखाप्रशाखामा ती ती विषयका विद्वान्हरूद्वारा आन्दोलन चलाई भारतीय प्राचीन विद्याद्वारा कार्यक्षमता पैदा गराउने अर्थात् प्राचीन विद्याको पुनरुद्धार गर्ने एउटा कडीको रूपमा थालिएको काम बन्द भयो । परिणामस्वरूप मूर्ख खनाति पनि वैद्यराज[१२६] हुने र मिसमासे आयुर्वेद पढी कविराज बन्ने[१२७] परम्परा झन् झन् फष्टाउँदै गइरहेछ ।

१२४. नयराज पन्त २०१९:३-७ । टिप्पणीमा लेखिएको कुराको उद्धरण यहाँ गरिएको छैन ।
१२५. दिव्यवज्र २०१९ ।
उही २०१९ क ।
उही २०१९ ख ।
उही २०२० ।
१२६. गर्थे भने जिजुहरू अघि वैद्य-काज ।
मूर्खै खनाति पनि बन्दछ वैद्य-राज ॥
जो जो सुझ्यो उहि गऱ्यो, रुपियाँ* निकाल्यो ।
रोगी मऱ्यो, कुपथको निहुँ पारि टाल्यो ॥
(*सत्यकलिसंवाद* १३१ पद्य।
१२७. मैले संस्कृतविद्याको अवस्थाको विषयमा लेख्दा मूर्ख जनाति वैद्यराज र मिसमासे आयुर्वेद पढी कविराज भन्ने मुहावराको प्रयोग गरेको थिएँ –

> बुबाले चिताए जस्तो गरी प्राचीन विद्याको पठनपाठन हुँदै जाँदो हो त विदेशी वेधयन्त्रले वाल्मीकिविद्यापीठ अलङ्कृत हुने थिएन र मूर्ख जनाति वैद्यराज र मिसमासे आयुर्वेद पढी कविराज बन्ने थिएनन् (महेशराज पन्त २०५९:ङ) ।

जुन वेला मैले मूर्ख जनाति भनी लेखें, त्यो मैले *सत्यकलिसंवाद*मा मूर्खै जनाति छ भन्ने ठानी लेखनाथ पौड्यालका शब्द उधारो लिई लेखेको हुँ । आफ्नो पासमा त्यस वेला त्यो पुस्तक नभएको हुनाले सम्झनाको भरमा लेख्दा खनाति भन्नुपर्नेमा जनाति भई गल्ती हुन गएको हो ।

* त्यहाँ रूपियाँ छापिएको छ । रू दीर्घ गर्दा छन्दोभङ्ग हुन्छ । अघिल्ला संस्करणमा के थियो, ती संस्करण नहेरेकाले भन्न सकिएन । जे भए पनि छन्दसँग मिलान गर्न यहाँ ह्रस्व गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

अम्बिकाप्रसाद उपाध्याय १९८६

= वि.सं. १९८६ मा बनारसबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित, अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* २ संस्करण।

अरविन्द रिमाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट टंक*[1]प्रसाद आचार्य स्मृतिप्रतिष्ठानद्वारा प्रकाशित, अरविन्द रिमालको *१९९७ देखि २०१७ साल – एक अवलोकन*।

ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्य २०१२

= वि.सं. २०१२ घटस्थापनाको दिन काठमाडौँबाट ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [६ संख्या]*

श्रीसूर्यविक्रमज्ञवाली बी.ए.बी.टी. विरचित "पृथ्वीनारायण शाह" नामक पुस्तकमा रहेका अशुद्धिहरू।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११

= वि.सं. २०११।९।१८।१ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [५ संख्या]*

भूपालेन्द्रको विषयमा इतिहासकारहरूको भ्रम र त्यसको निराकरण।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क

= वि.सं. २०११।११।२६ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [६ संख्या]*

श्री हेमलाल जोशी बी.ए. को नेपालको इतिहासमा रहेको अशुद्धिको नमूना।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२

= वि.सं. २०१२ वैशाखपूर्णिमाको दिन काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [७ संख्या]*

श्री ५ रणबहादुर शाहले स्वामी भए पछि लिएको, नाममा इतिहासकारहरूले[2] गरेको अशुद्धिको निराकरण।

ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२

= वि.सं. २०१२।२।२५।४ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [८ संख्या]*

श्रीवास्तव त अवास्तव कुरो पो गर्नु हुदोरहेछ।

केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९

= वि.सं. २००९।६।५ मा काठमाडौँबाट केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीद्वारा प्रकाशित, उनीहरूकै *इतिहास संशोधन [संख्या १]*

---

* अपवादको रूपमा रचयिताको नाउँ थाहा नभएको ग्रन्थ, एउटा प्रख्यात नेपाली काव्यलाई रचयिताको नाउँअन्तर्गत मात्र नराखी त्यस काव्यको नाउँ पनि तथा १४ जना मिली तयार गरेको एउटा कोषलाई रचयिताको नाउँअन्तर्गत नराखी त्यस कोषको नाउँ वर्णक्रमअनुसार राखिएको छ।

१. यस तालिकामा जहाँ जहाँ हामीले यस्तो * चिह्न दिएका छौँ, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताको तस्तै सारिएको भन्ने हो।

२ त्यहाँ प्रूफको गल्तीले इतिहसकारहरूले छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहासकारहरूको असावधानीले गर्दा छोरा बाबु, बाबु छोरा भएर कान्तिपुरेमल्लराजाहरूको वंशमा गडबडी हुँदा त्यस भ्रमको प्रमाण सहित निराकरण।

गौतमवज्र वज्राचार्य २०१०

= वि.सं. २०१० वैशाखमा काठमाडौँबाट बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *पुरुषार्थ*का १६-१७ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *वैद्य ?*।

गौतमवज्र वज्राचार्य २०१८

= वि.सं. २०१८।९।१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *इतिहास-संशोधन [५२ क्रमागत संख्या]*

श्री ५ रणबहादुर शाहले स्वामी भएपछि लिएको नाममा नयाँ प्रकाश

[आत्मसंशोधन]।

गौतमवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९।१।१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *इतिहास-संशोधन [५४ क्रमागत संख्या]*

प्राध्यापक श्रीतोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्त विरचित 'नेपालको संक्षिप्त इतिहास' मा तथा अरू इतिहासकारहरूका ग्रन्थमा रहेका अशुद्धिको संशोधन।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ कार्तिक-संक्रान्तिको दिन काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१९

= वि.सं. २०१९।१२।७४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *सावधान-पत्र*

(४ संख्या)

शाही नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी.ए. बी.टी. ज्यूले इतिहास लेख्नुभन्दा पहिले अरूले खोजी गरी प्रकाश गरिसकेका (आफूले लेख्न लागेका विषयका) इतिहास मनन गर्नु आवश्यक छ।

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२०।२।२८।३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *सावधान–पत्र (६ संख्या)*

[ज्ञवालीविषयक ३ संख्या]

वि.सं. २०१२ मा इतिहास–संशोधनले सप्रमाण सिद्ध गरिसकेका कुरालाई वि.सं. २०१९ मा पनि अण्डबण्ड पारी भ्रम पार्न दुराग्रह गर्ने रायल नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी. ए. बी. टी. ज्यू आफूलाई विद्वान् सम्झनुहुन्छ भने उहाँले सप्रमाण इतिहास–संशोधनको खण्डन गर्न सक्नुपर्छ।

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क

= वि.सं. २०२०।३।८।७ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *सावधान–पत्र (७ संख्या)*

[ज्ञवालीविषयक ४ संख्या]

[ज्ञवालीविषयक ६ पूर्णसंख्या]

रायल नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी. ए. बी. टी. ज्यू! इतिहास-संशोधनको प्रामाणिकता रहन दिनु हुन्न भनी योजनाबद्ध जालको सृष्टि गर्ने दुराग्रह गर्दा तपाइँले आफ्नो ग्रन्थलाई उपहासपात्र बनाउनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ख
= वि.सं. २०२०।३।२५।३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *सावधान–पत्र (९ संख्या)*

[ज्ञवालीविषयक ६ संख्या]
[ज्ञवालीविषयक १० पूर्ण संख्या]
प्रमाणद्वारा सिद्ध भइसकेका कुरालाई नमान्नु नै ज्ञवालीजीको वैज्ञानिकता हो कि ?

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ग
= वि.सं. २०२०।४।७।२ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *सावधान–पत्र (१० संख्या)*

[ज्ञवालीविषयक ७ संख्या]
[ज्ञवालीविषयक ११ पूर्णसंख्या]
ज्ञवालीज्यूलाई यस्तो लेख्ने धृष्टता कताबाट आयो ?

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० घ
= वि.सं. २०२०।५।१५।२७ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *सावधान–पत्र (११ संख्या)*

[ज्ञवालीविषयक ८ संख्या]
[ज्ञवालीविषयक १३ पूर्णसंख्या]
इतिहासप्रसिद्ध स्वास्नी छोरीको समेत भेद छुट्याउन नसक्ने श्रीबालचन्द्र शर्माजीले जथाभावी लेख्नुभएको कुरालाई इतिहास–संशोधनले सप्रमाण खण्डन गरेको थियो। शर्माज्यूको वकील भई शर्माज्यूको दोष ढाकछोप गर्न श्रीसूर्यविक्रम ज्ञवालीज्यू अनर्थ इतिहास लेखी शर्माज्यूलाई रिझाउन र नेपालको इतिहास भ्रष्ट पार्न लाग्नुभएको छ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११
= वि.सं. २०११।१।९।४ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन*

पं. अम्बिकाप्रसाद उपाध्याय एम्. ए. बी. एल्.को मतमा आमा र स्वास्नीमा अभेद।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क
= वि.सं. २०११।५।२१।२ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन (२ संख्या)*

श्री बालचन्द्र शर्मा एम्.ए. साहित्यरत्नजी भानिजलाई छोरो भनी कल्पना गर्नु हुन्छ, मुद्राको अक्षर अशुद्ध पढ्नु हुन्छ, शासनकालमा पनि गडबड गर्नु हुन्छ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ख
= वि.सं. २०११ घटस्थापनाको दिन काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [३ संख्या]*

रामजी उपाध्यायको "नेपालदिग्दर्शन" मा रहेका केही अशुद्धिको दिग्दर्शन।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ग
= वि.सं. २०११।७।१८।४ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन [४ संख्या]*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री बालचन्द्र शर्मा एम्.ए. साहित्यरत्नजी छोरीलाई स्वास्नी भनी कल्पना गर्नुहुन्छ, शासनकालमा पनि गडबड गर्नुहुन्छ, राजाको क्रममा पनि तलमाथि पार्नुहुन्छ।

जयन्तकृष्ण हरिकृष्ण दवे २०३२

= वि.सं. २०३२ मा[३] बम्बईबाट भारतीयविद्याभवनद्वारा प्रकाशित, जयन्तकृष्ण हरिकृष्ण दवेको *मनुस्मृतिः मेधातिथि-सर्वज्ञनारायण-कुल्लूक-राघवानन्द-नन्दन-रामचन्द्र-मणिराम-गोविन्दराज-भारुचि इति व्याख्यानवकेन समलंकृता* (मनुस्मृति – मेधातिथि, सर्वज्ञनारायण, कुल्लूक, राघवानन्द, नन्दन, रामचन्द्र, मणिराम, गोविन्दराज र भारुचिका गरी ९ वटा व्याख्याले सिंगारिएको) २ भाग।

तोत्रराज पाण्डेय र नयराज पन्त २००४

= वि.सं. २००४ मा बनारसबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास*।[४]

दिव्यवज्र २०१६

= वि.सं. २०१६।११।२८ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा (१ संख्या)*

कविराज दानरत्न वज्राचार्यले कोष्ठाश्रय कामलाको लक्षणको श्लोक लेखी शाखाश्रय कामलाको लक्षणसंग मिलाउन खोज्नुभएको सर्वथा भ्रमपूर्ण हो।

दिव्यवज्र २०१७

= वि.सं. २०१७।१।२० मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [२ संख्या]*

स्वदेशी कुराको निन्दा गर्दै विदेशी वेषभूषाको नक्कल गरी आफूलाई शिक्षित संझी शास्त्रको मर्म नबुझी जथाभावी बक्नु भिन्नै कुरा हो। ज्ञान कमाउनु भिन्नै कुरा हो

डाक्टर वी.आर. पाण्डे र उहाँका अनुयायी कविराज दानरत्न वज्राचार्यहरूसंग अहिले हाम्रो देशमा फैलिएको कामलामा घ्यू खान हुन्छ भन्ने कुनै प्रमाण छ भने सो लिई मसंग शास्त्रार्थ गर्न आउनुहोला।

दिव्यवज्र २०१७ क

= वि.सं. २०१७।३।२९ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [३ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

कविराज नरेन्द्रनाथ शर्मासंग आफूले बोलेको सिद्ध गर्नसक्ने प्रमाण आफैसंग छ भने वा उहाँका गुरु गोरखादक्षिणबाहु कविराज शिवनाथ आयुर्वेदाचार्यसंग छ भने पनि सो लिई मसंग शास्त्रार्थ गर्न आउनुहोला।

दिव्यवज्र २०१७ ख

= वि.सं. २०१७।५।१६ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [४ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

आयुर्वेद तथा संस्कृतभाषाका अनभिज्ञहरूले लेखेका हिन्दीका पुस्तकबाट सारी आयुर्वेदशास्त्रविरुद्ध कुरा लेखी शास्त्रको अपमान गरेको म सहन सक्तिनँ।

कविराज नरेन्द्रनाथजीले आफूले बोलेको सिद्ध गर्न सक्ने प्रमाण आफैसंग छ भने वा उहाँका गुरु गोरखादक्षिणबाहु कविराज शिवनाथ आयुर्वेदाचार्यसंग छ भने पनि सो प्रकाश गर्नुहोला।

---

३. ई.सं. मा मिति दिंदा १९७५ जून १४ र वि.सं.मा मिति दिंदा २०३१ वैशाखकृष्णपञ्चमी भनी त्यहाँ *इन्ट्रडक्शन्* (उपोद्घात)मा लेखिएको छ। यो वि.सं. कार्तिकादि भएकोले त्यहाँ ई.सं. १९७५ जून १४ मा वि.सं. २०३१ लेखिएको हो। तर जून १४ मा ज्येष्ठशुक्लपञ्चमी हुनुपर्नेमा भ्रमवश वैशाखकृष्णपञ्चमी लेख्न पुगेको देखिन्छ। हामीकहाँ चलेको वत्सरारम्भअनुसार माथि वि.सं. २०३२ दिइएको हो।

४. वि.सं. २०६० मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा यसको दोस्रो संस्करण प्रकाशित।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिव्यवज्र २०१७ ग

= वि.सं. २०१७ धन्वन्तरि-त्रयोदशीको दिन काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [५ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

आयुर्वेद तथा संस्कृतभाषाका अनभिज्ञहरूले लेखेका हिन्दीका पुस्तकबाट सारी आयुर्वेदशास्त्रविरुद्ध कुरा लेखी शास्त्रको अपमान गरेको म सहन सक्तिनँ।

कविराज नरेन्द्रनाथजीले आफूले बोलेको सिद्ध गर्न सक्ने प्रमाण आफैसंग छ भने वा उहाँका गुरु गोरखादक्षिणबाहु कविराज शिवनाथ आयुर्वेदाचार्यसंग छ भने पनि सो प्रकाश गर्नुहोला।

दिव्यवज्र २०१७ घ

= वि.सं. २०१७।७।३०।३ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [६ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

श्री प्र.गो.द.बा. सरदार कविराज शिवनाथ आयुर्वेदाचार्यले फैलाउनु भएको भ्रमको निराकरण।

दिव्यवज्र २०१७ ङ

= वि.सं. २०१७।९।५ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [७ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

श्री प्र.गो.द.बा. सरदार कविराज शिवनाथ आयुर्वेदाचार्यले फैलाउनु भएको भ्रमको निराकरण।

दिव्यवज्र २०१७ च

= वि.सं. २०१७।१०।२२ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [८ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

श्रीमुकुन्दनाथजीले आफ्ना जेठा बाबुको दोष ढाकछोप गर्ने प्रयत्न गर्दा आफ्नो र आफ्ना जेठा बाबुको पनि अयोग्यता चिरस्थायी पारिदिनुभएको छ।

दिव्यवज्र २०१७ छ

= वि.सं. २०१७।१२।२७ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [९ संख्या]*

शक्तिशाली तथा धनवान्हरूको संसर्गबाट नाम र पैसा कमाउनु भनेको कुरा भिन्नै हो। शास्त्र पढी शास्त्रको अभ्यास गरी शास्त्रको पूर्वापर बुझी विद्यावंश चलाउने उद्योग गर्नु भनेको कुरा भिन्नै हो।

श्रीसरदार पं राममणि दीक्षिताचार्यजीले फैलाउनुभएको भ्रमको निराकरण।

दिव्यवज्र २०१८

= वि.सं. २०१८।२।२४ मा काठमाडौँबाट दिव्यवज्रद्वारा प्रकाशित, उनैको *आयुर्वेद-रक्षा [१० संख्या]*

